# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क १२ | २०७३ भदौ २० गते सोमबार | Monday, Sep 05, 2016 | पृष्ठ ८ | मूल्य रु. १०।-


## मजदुरले गरे भारतमा देशव्यापी हड्ताल



**दिल्ली** । भारतमा विभिन्न श्रमिक संगठनले शुक्रबार देशब्यापी हड्ताल गरेका छन् । श्रमिक संगठनले न्यूनतम ज्याला निर्धारण, श्रम कानुन पूर्ण रुपमा कार्यान्वयन, निजीकरण अन्त्य लगायतका विभिन्न १२ सूत्रीय माग राखेका छन् । हड्तालमा विभिन्न १० वटा ट्रेड युनियनमा आवद्ध १५ करोड भन्दा बढी मजदुरको सहभागिता रहेको दावी गरिएको छ । हड्तालका कारण भारतमा उर्जा, बन्दरगाह, बैंकिङ्ग लगायत विभिन्न कार्यालय तथा कलकारखाना प्रभावित भएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् ।

# 'स्वाधीनता'प्रति जाग्दो नागरिक चासो

◆ **वर्गदृष्टि संवाददाता**

*काठमाडौं ।*



प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'को भारत भ्रमणको मिति नजिकिदै जाँदा देशभित्र विभिन्न कोणबाट भ्रमणका क्रममा हुन सक्ने सन्धिसम्झौताको विषयमा अड्कलबाजीहरु हुन थालेका छन् । देशको राष्ट्रप्रमुखले छिमेकी राष्ट्रसँग गर्ने सन्धिसम्झौताले तत्कालका लागि मात्र नभएर दीर्घकालसम्म असर पार्नेभएकाले पनि नागरिकहरुमा भ्रमणको विषयलाई लिएर चासो र जिज्ञासा देखिनु स्वभाविक मात्र होइन, आवश्यक पनि हो । सामाजिक सञ्जालदेखि ट्वीटरसम्ममा अहिले राष्ट्रिय स्वाधीनतका विषयले खुबै चर्चा पाउने गरेको छ । विगतका शासकहरुले पटक-पटक गरेका राष्ट्रघाती सम्झौताका कारण नेपाली नागरिकले अनेकन सास्तीहरु भोग्नु परेकाले पनि नागरिकहरु फेरि पनि राष्ट्रघात हुने हो कि भनेर सचेत देखिन्छन् । नाकाबन्दीदेखि डुवानका समस्यासम्म, लिपुलेकदेखि तिलाठीसम्मका समस्याहरु विगतमा गरिएका राष्ट्रघाती सन्धिसम्झौताकै परिणति हुन् । पछिल्लो कालखण्डमा नेपालको राष्ट्रिय स्वाधीनताप्रति नागरिक चासो ह्वात्तै बढेको छ । यसरी स्वाधीनताप्रति जनचेतना जागृत हुनुमा मुख्यतः जिम्मेवार भारतीय हस्तक्षेप वा भारतीय विस्तारवाद नै हो ।

नाकाबन्दीमार्फत् भारतले नेपालमा स्थापित गर्न खोजेको व्यवस्था र हाता पार्न खोजेको प्राकृतिक सम्पदा ओली नेतृत्वको सरकारबाट पूरा हुन नसकेपछि भारतीय सत्तासिन वर्गको डिजाइनमा प्रचण्ड सत्तासिन बन्न पुगेको विश्लेषण गर्नेहरु धेरै छन् । त्यतिमात्र होइन, प्रधानमन्त्रीको विशेष दूतका रूपमा २ देखि ७ भदौसम्म भारत भ्रमण गरेका उपप्रधानमन्त्री विमलेन्द्र निधिमार्फत् निधिलाई लेखेको 'माफिनामा-पत्र'को चर्चा बामपन्थी विश्लेषकको रुपमा

... बाँकी ८ पेजमा

## "युवाहरु विद्रोही बन्नुपर्छ"

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले युवाहरु विद्रोही बन्नुपर्ने विचार राखेका छन् । बुधबार क्रान्तिकारी युवा लिगको बन्दसत्रलाई सम्बोधन गर्दै अध्यक्ष किरणले यस्तो विचार राखेका हुन् । उनले युवाहरुले समयमै पार्टीमा हुर्किएको गलत चिन्तन र प्रवृत्तिका विरुद्ध विद्रोह गर्न नसक्दा जनयुद्धले धोका खान पुगेको र जनवादी सत्ताका लागि बनाइएको जनमुक्ति सेनाले प्रतिक्रियावादी सत्ताको सेवा गर्न पुगेको दक्षिणपन्थी अवसरवादलाई जोगाउने काममा लागे ।" अध्यक्ष किरणले भने, "जनयुद्ध लड्ने बेलामा हामीले जनमुक्ति सेनाबाट धेरै आशा र अपेक्षा गरेका थियौं । तर जनमुक्ति सेनाको नेतृत्वसहितको ठूलो फोर्स पुरानै प्रतिक्रियावादी सत्ता जोगाउन पुग्यो ।"

ललितपुरको कुपण्डोलमा भएको उक्त भेलामा अध्यक्ष किरणले भावुक हुँदै भने, "बुढेसकालमा तन्नेरीले गर्नुपर्ने काम गर्नुपरेको छ । मैले त उहिल्यै युवाहरु अगाडि आउनुपर्छ भनेर



बताए । अध्यक्ष किरणले आफूले विश्वास गरेका र क्रान्तिकारी युवा मानिएकाहरुले धोका दिएको बताएका छन् ।

"साँचो अर्थमा भन्दा धोका त सबैले दिए, बुढाहरुले पनि दिए । तर खासगरी जनमुक्ति सेनामा रहेका युवापंक्ति, वाइसिएलमा रहेको युवापंक्ति र क्रान्तिकारी युवा लिगमा आवद्ध युवाहरुले धोका दिए । उनीहरु पुरानो प्रतिक्रियावादी सत्ता र घोर प्रचण्डलाई पार्टीको महामन्त्री बनाएको थिएँ । गल्ती गरिएछ । युवाले पार्टी र क्रान्ति हाँक्छन् भन्दाभन्दै युवाहरुले धोका दिए ।" उनले स्मरण गरे, "जनयुद्धकालमा प्रचण्डले 'जनमुक्ति सेनाले क्रान्तिकारी धारलाई सघाउनुपर्छ' भन्दै भाषण गर्थे, त्यो भनेको आफूलाई सघाउनुपर्छ भनेको रहेछ ।"

निकै गम्भीर रुपमा प्रस्तुत भएका अध्यक्ष किरणले जनयुद्धले धोका

... बाँकी ७ पेजमा

## सुकुम्बासीमाथिको ज्यादतीका विरुद्ध क्रान्तिकारी माओवादीले गऱ्यो देशैभर प्रदर्शन

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

**काठमाडौं** । नेकपा (क्रान्तिकारी माओवादी)ले सुकुम्बासीमाथि राज्यद्वारा भइरहेको ज्यादतीका विरुद्ध बुधबार देशैभर प्रदर्शन गरेको छ । देशका विभिन्न जिल्लाबाट वर्गदृष्टिलाई प्राप्त जानकारी अनुसार विरोध प्रदर्शनसहित जिल्लाका सिडियो कार्यालयमा ज्ञापनपत्र बुझाइएको छ । नेवा राज्यले विरोध ऱ्यालीसहित कोणसभा सम्पन्न गरेको छ । काठमाडौंको रत्नपार्कको शान्तिबाटिकाबाट निकालेको विरोध ऱ्याली, असन, इन्द्रचोक, न्यूरोड हुँदै भोटाहिटीमा पुगेर कोणसभामा परिणत भएको थियो । पार्टीका पूर्वी काठमाडौं संयोजक हरिकृष्ण गजुरेलले संचालन गरेको कोणसभालाई पार्टीका केन्द्रीय कार्यालय सदस्य तथा सचिवालय सदस्य रामसिंह श्रीसले राज्यले सुकुम्बासीका समस्या तत्काल सम्बोधन नगरे कडा पार्टी कडा संघर्षमा उत्रने बताएका थिए । सुकुम्बासीहरुको उल्लेख्य उपस्थिति रहेको सो कोणसभामा आखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघका केन्द्रीय कोषाध्यक्ष पवन गुरुङले राज्यले सुकुम्बासीमाथिको ज्यादती अझै नरोकेको आरोप लगाए ।

यता चितवनबाट प्राप्त जानकारी अनुसार क्रान्तिकारी माओवादीले विरोध प्रदर्शनसहित सुकुम्बासीका समस्यालाई लिएर जिल्ला प्रशासन कार्यालयमा ज्ञापन पत्र बुझाएको छ । प्राप्त जानकारी अनुसार क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्यहरु सुरेश गौतम, अम्बिका मुठभरीसहित सुकुम्बासीहरुको उल्लेख्य उपस्थिति रहेको विरोध प्रदर्शनमा राज्य प्रशासनले नागरिक जीवनको गाँस, बास र आवासको दायित्व लिनुपर्नेमा त्यसको उल्टो नागरिकहरुलाई देशभित्रै आन्तरिक शरणार्थी बनाएको आरोप लगाएका थिए । चितवनले जिल्ला प्रशासनलाई बुझाएको मागपत्रमा १. बाँदरभुला, गणेशस्थान, केविलाइन, आँपटारी, जुटपानी, रत्ननगर, पदमपुर, विजय नगर, माडेचौर, पिप्लेलगायतका स्थानमा बसोबास गरिरहेका सुकुम्बासीहरुलाई कुनै वैकल्पिक व्यवस्था नगरीकनै उठाउने, उठाउनको लागि सूचना जारी गर्ने, खेतीवाली नष्ट गर्ने कार्य अविलम्ब रोकियोस् । २. वास्तविक सुकुम्बासीहरुको पहिचान गरी सुकुम्बासीलाई परिचय पत्रको व्यवस्था गरियोस् । ३. सुकुम्बासी बसोबास गरिरहेका बस्तीमा विद्यालय, पानी, विजुली, बाटो, ढल लगायतका अत्यावश्यक सेवा तथा सुविधा उपलब्ध गराइयोस् । ४. सुकुम्बासीहरुलाई निःशुल्क शिक्षाको सुनिश्चितता साथै औषधी उपचारमा

... बाँकी ८ पेजमा

## बाढी पहिरोमा परी १५ जनाको मृत्यु

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

देशका विभिन्न स्थानमा आएको बाढी पहिरोमा परी १५ जनाको मृत्यु भएको छ ।

केही दिनदेखिको परेको अविरल बर्षासँगै आएको बाढी पहिरोमा परी ताप्लेजुङ, भोजपुर, स्याङ्जा, म्याग्दी, पर्सा र महोत्तरी जिल्लामा बाढी पहिरोले ठूलो धनजनको क्षति गरेको हो ।

स्याङ्जामा शनिबार राति गएको पहिरोमा पुरिएर एकै परिवारका चार जनाको मृत्यु भएको छ । पहिरोले घर पुरिदा घरको पछाडिपट्टीको भागमा सुतेका चार जनाको मृत्यु भएको छ भने अघिल्लो कोठामा सुतेका ५ जना सकुशल रहेका छन् । स्याङजाको क्वरेभन्ज्याङ्ग गाविस ७ को उपल्लो ताप्केमा गएको पहिरोमा परि चन्द्रकला सारु मगर र उनको घरमा तीज मनाउन गएका पाउनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा चन्द्रकला सारु मगर, उनको घरमा तीज नाउन गएका मल्याङ्गकोट ८ दार्सिङकी हुमकुमारी मस्याङदी, उनका ७ वर्षीया छोरी पुनम र ६ वर्षीय छोरा सुजनको मृत्यु भएको हो । आइतबार बिहान गएको पहिरोमा परी पुरिएका उनीहरुको प्रहरी र स्थानीयबासीले उद्दार गरेका थिए ।

उता, ताप्लेजुङ नगरपालिका २ र ८ मा गएको पहिरोमा परी घर पुरिदा एकै घरका तीनसहित चार जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा ताप्लेजुङ नगरपालिका-२ निरौला टोलका २८ वर्षीया विमला मगर, उनका छोराहरू ७ वर्षीय मनोज र ९ वर्षीय ललित मगर रहेका छन् ।

ताप्लेजुङ नगरपालिका ८ की दिलमायाँ पालुङ्गाको पनि पहिरोमा परी मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । घरमाथिबाट झरेको पहिरोमा पुरिएका मगर परिवारका आमाछोरालाई नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी तथा स्थानीयबासीले दुई घन्टा लगाएर शब निकालेका थिए भने दिलमायाँको शब दिउँसो दुई बजेमात्रै निकाल्न सफल भएका थिए । दिलमायासँगै रहेकी उनकी बहिनी

... बाँकी ८ पेजमा

## क्रान्ति, प्रतिक्रान्ति र राष्ट्रिय स्वाधीनताको प्रश्न

नेपाली समाज बिगत दुई दशकदेखि उथलपुथलका बीचबाट गुज्रिरहेको छ । यसलाई दुई भागमा बाँडेर अध्ययन गर्दा उचित हुनेछ । सम्वत् २०५२ सालदेखि २०६२ सम्म जनयुद्धको वा जनक्रान्तिको काल र २०६२ देखि प्रारम्भ भएर अहिलेसम्म आईपुग्दाको प्रतिक्रान्तिको कालखण्ड । क्रान्ति र प्रतिक्रान्तिलाई प्रत्यक्ष रुपमा अनुभूत गर्नेको संख्या यहाँ पर्याप्त छ । यतिखेर मुख्य कुरा यी क्रान्ति र प्रतिक्रान्तिका घटना-शृंखलाको वैचारिक र राजनीतिक विश्लेषण र संश्लेषण कसरी गर्ने भन्ने प्रश्न हो । वैचारिक, राजनीतिकरुपमा स्खलित भएकाहरुले, खासगरी नवसंशोधनवादीहरुले यो चुरो कुरालाई बुझेर पनि बुझ पचाइरहेका छन् । तिनीहरु प्रतिक्रान्ति भएको कुरालाई ढाँट, छल गरेर बङ्ग्याउन खोज्दछन् । नवसंशोधनवादी कित्तामा पुगेकाहरु प्रतिक्रान्तिलाई नै क्रान्ति हो भन्नेजस्ता कुतर्क प्रस्तुत गर्नसम्म पनि हिच्किचाउँदैनन् ।



सीपी गजुरेल 'गौरव'

मोदी सरकारले नेपाली कांग्रेसलाई मिलाएर बनाइदिएको प्रचण्ड नेतृत्वको यो नौ महिने म्यादी सरकारले पश्चगामी संविधानको वार्षिकोत्सव दीपावलीसहित तीन दिनसम्म मनाउने निर्णय गर्नुको दुईवटा अर्थ हुन सक्दछ : प्रथम, माओवादी केन्द्र (संक्षिप्तमा माके)को प्रतिक्रियावादी कित्तामा प्रवेशको सार्वजनिक घोषणा । माके अब क्रान्तिकारी कित्ताको शक्ति रहेन, प्रतिक्रियावादी कित्ताभित्रको एउटा संगठन बन्न पुग्यो भन्ने कुराको सार्वजनिक स्वीकारोक्तीले नेपाली जनतामा लामो समयदेखि रहँदै आएको माकेप्रतिको "माओवादी" र "क्रान्तिकारीता"को भ्रम अब समाप्त हुँदै जानेछ । द्वितीय, क्रान्तिकारी शक्तिहरुलाई नवसंशोधनवादीको खुला चुनौती । यसले क्रान्तिकारीहरुको नव संशोधनवादीहरुप्रतिको तीब्र घृणा पैदा गराउने छ र क्रान्तिकारीहरुको सक्रियतामा बृद्धि हुनेछ । यसले अन्ततः नेपाली क्रान्तिको पक्षमा नै भूमिका खेल्ने छ ।

यो संविधानलाई हाम्रो पार्टीले र नेपाली जनताको एउटा महत्वपूर्ण हिस्साले पश्चगामी संविधान घोषणा गरेर सार्वजनिक रुपमा जलाउँदै आएका छन् । प्रतिक्रियावादी वर्गले बोकाएको त्यही पश्चगामी संविधानको भारी बोकेर, त्यसलाई जसरी भएपनि लागू गर्नुपर्छ भन्दै तिनीहरु जनतासँग भिड्न जाने तयारी गरिरहेका छन् । यसप्रकार यतिखेर तिनीहरुको व्यवहारिक भूमिका क्रान्तिकारीहरुको नभएर भिजिलान्तेको हुन जाने कुरा प्रष्टसँग देख्न सकिन्छ ।

नेपालको जनयुद्ध कसरी अगाडि बढ्यो र जुन तीब्रताका साथ अघि बढ्यो, त्यसबारे धेरैलाई थाहा छ । प्रस्तुत लेखमा यसबारे धेरै चर्चा गरिने छैन । क्रान्तिपछि जसरी सुक्ष्म रुपमा प्रतिक्रान्तिकारी घटनाका शृंखला अघि बढे, खासगरी तिनलाई नवसंशोधनवादी गुटले यसलाई "क्रान्ति"का नाममा जसरी अघि बढायो, यसले नेपालको वामपन्थी राजनीतिमा ठूलै भ्रम सिर्जन गऱ्यो । नेपालमा प्रतिक्रान्तिका शृंखलालाई नवसंशोधनवादी मण्डलीले "नयाँ छलांग", "नयाँ किसिमले क्रान्तिलाई सफल पार्ने", "विदेशी प्रभुसँग नझुक्ने", "सत्ता कब्जा गर्ने", "नागरिक सर्बोच्चताकालागि लड्ने" भन्दाभन्दै लगेर कदम कदम गर्दै जनसरकारको विघटन, जनसेनाको विघटन, पहिलो निर्वाचित संविधानसभाको विघटन, क्रान्तिकारी विचारको विसर्जन, क्रान्तिकारी नीतिको बिसर्जन गरिदिए ।

यो प्रकृयालाई यहाँसम्म ल्याइपुऱ्याउन नवसंशोधनवादी गुटलाई झण्डै दशवर्ष जतिको समय लाग्यो । यस अवधिमा देशी, विदेशी प्रतिक्रियावादीहरु र नवसंशोधनवादीहरुको प्रतिक्रियावादी व्यवस्थाको पुनर्स्थापना गर्ने योजना अझै पूरा हुन भने सकेको छैन । तिनीहरुले एकथान पश्चगामी संविधान त जारी गरिसकेका छन् । तर त्यसको कार्यान्वयन तिनीहरुका लागि फलामको च्यूरा चपाउनु जत्तिकै कठिन सावित हुन पुगेको छ ।

माथि दशवर्षे जनयुद्धको नेतृत्व गर्दै आएको तात्कालीन नेकपा (माओवादी)को प्रमुख नेतृत्वलगायत पार्टीको एक हिस्सा कसरी नवसंशोधनवादमा पतन हुँदै प्रतिक्रियावादीकरणको बाटोमा गयो भन्ने कुराको चर्चा गरिसकिएको छ । तर यो त विषयको एक पक्ष वा एक पाटो मात्र हो । यसको अर्को उज्वल पक्ष पनि छ । उक्त नवसंशोधनवादका विरुद्ध दुईलाइन संघर्ष पनि त्यतिबेला देखि नै चल्दै आएको छ । यस सन्दर्भमा स्पष्ट पार्नका लागि यो उद्धरण सान्दर्भिक हुने ठानेर यहाँ प्रस्तुत गरिएको छ :: "दशवर्षको महान् जनयुद्धको नेतृत्व गर्दै, १९ दिने ऐतिहासिक जनआन्दोलनमा सबैभन्दा महत्वपूर्ण भूमिका खेल्दै, नेपालको राजनैतिक आन्दोलनलाई नयाँ दिशा दिँदै, आएको नेकपा (माओवादी)लाई साम्राज्यवादी, विस्तारवादी, प्रतिक्रियावादीहरुले पभिाषित गरेको "संसदीय मूलधार"मा ल्याउने

... बाँकी ७ पेजमा

## सम्पादकीय

# खबरदार ! राष्ट्रघाती सम्झौता नगर !

पुष्पकमल दाहाल'प्रचण्ड' नेतृत्वको नेपाल सरकारले राष्ट्रिय गौरवका आयोजनाहरु काठमाडौं-तराई फास्ट ट्र्याक र निजगढ अन्तर र्िाष्ट्रिय विमानस्थल निर्माण आयोजना भारतीय कम्पनी इन्फ्रास्ट्रक्चर लिजिङ एण्ड फाइनान्सियल सर्भिसेज लिमिटेड (आइएल एण्ड एफएस) लाई दिने भित्रभित्रै तयारी गरिरहेको बुझिएको छ।

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, रामशरण महत र विमलेन्द्र निधीले शुशिल कोइराला नेतृत्वको सरकारको पालामा यी आयोजना भारतीय कम्पनीलाई बुझाउन निकै ठूलो प्रयत्न गरेका थिए। तर तत्कालीन प्रम कोइरालालगायत एमालेका मन्त्रीहरुको विरोधका कारण क्याबिनेटबाट भारतीय कम्पनीलाई दिने प्रस्ताव पारित हुन सकेको थिएन। अहिलेको सरकारमा देउवा, महत र निधीहरु नै हावी भएपछि अझ निधी त उपप्रधानमन्त्री तथा गृहमन्त्री नै भएपछि उक्त आयोजनाहरु भारतीय कम्पनीलाई दिने सम्भावना(आशंका)हरु बढेर गएका छन् । त्यसमाथि 'चिनियाँ कम्पनीलाई दिंदा राष्ट्रघात नहुने, भारतीय कम्पनीलाई दिंदा कसरी राष्ट्रघात हुन्छ ?' भनेर आफ्नो अभिष्ट पूरा गर्न खोजिरहेका छन्।

धेरै विज्ञ र विश्लेषकहरुले राष्ट्रिय गौरवका यी आयोजनाहरु भारतीय कम्पनीलाई दिए ठूलो राष्ट्रघात हुने भन्दै आएका छन् । नेपालीहरुकै लगानीमा यी आयोजनाहरु बनाउन सम्भव भएको भन्दै उनीहरुले स्वदेशी लगानी मै बनाउन जोड दिंदै आएका छन्।

सन् २००८ मा ५६ अर्बमा बन्ने प्रस्ताव गरिएको उक्त आयोजनाको दोस्रो पटकको ठेक्कामा सन् २०१४ मा ९६ अर्ब लाग्ने अनुमान गरिएको थियो। तर, अहिले भारतीय कम्पनीलाई १ खर्ब १२ अर्बमा ठेक्का दिन लागिएको छ। त्यसमा पनि सञ्चालन, स्वामित्व र हस्तान्तरण (बुट) मोडलमा पाँच वर्षमा निर्माण सम्पन्न गर्ने भनिएको यो ट्र्याकमा नेपाल सरकारले प्रत्येक वर्ष भारतीय प्रवर्द्धक कम्पनीलाई १५ अर्ब बुझाउनु पर्छ। पाँच वर्षमा ७५ अर्ब र ३ प्रतिशत ब्याजसमेत जोड्दा यसमा नेपाल सरकारको करिब ९० अर्ब खर्च हुने देखिन्छ। यो आयोजनामा भारतीय कम्पनीको खासै खर्च हुने देखिन्न।

भारतीय कम्पनीकै लागत अनुमानमा पनि ९० अर्ब लगानी गरिसकेपछि त्यसमा थप २५ अर्ब जोड्ने हो भने नेपाल सरकारले आफैं यो बाटो बनाउन सक्छ। अझ दोस्रो ठेक्काको बेला गरिएको अनुमानलाई आधार मान्ने हो भने त ९६ अर्बमा नै बाटो बन्न सक्छ भने यो आयोजना भारतीय कम्पनीलाई दिनुको कुनै आवश्यकता र औचित्य देखिन्न। यो केवल भारतीय रणनीतिक स्वार्थरक्षाको लागि उसकै दबाबमा र नेपालका नेताहरुको कमिसनप्रतिको लालचका कारण भारतलाई बुझाउन खोजेको देखिन्छ । अर्कोतर्फ भारतले लिएका यसअघिका आयोजनाहरुको कुनै पनि काम अगाडि नबढेकोले अन्ततः यो द्रुतमार्ग पनि बन्न नदिन भारतले चलखेल गरिरहेको पनि विज्ञ तथा विश्लेषकहरुको दावी छ।

चौतर्फी विरोधका बाबजुद सरकारले आफ्नो 'फेस सेभिङ' हुनेगरी लागत अनुमानलाई घटाएर प्रम प्रचण्डको आसन्न भारत भ्रमणका बेला फास्ट्र्याक भारतीय कम्पनीलाई दिन कांग्रेसले ठूलै दबाब दिइरहेको देखिन्छ। कांग्रेसको यो दबाब र प्रस्तावमा सत्तारुढ माओवादी केन्द्रका नेताहरुले पनि सहमति जनाइसकेको बुझिएको छ । यो पृष्ठभूमिमा नेपालको हितविपरीतका सम्झौता प्रचण्डको भारत भ्रमणका बेला हुने प्रवल देखिन्छ।

नेपालीहरु आफैले बनाउन सक्ने माथिल्लो कर्णाली जलविद्युत् परियोजनाजस्तै यो द्रुतमार्ग पनि भारतीय कम्पनीलाई दिनु भनेको सरासर राष्ट्रघात हो। यसर्थ, हामीले खबरदारी गर्नेपर्छ र भन्नुपर्छ- खबरदार ! राष्ट्रघाती सम्झौता नगर !

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निश्पक्ष खबर तथा
विचारका लागि सँधै हेर्न र पढ्ने गरौं।
www.moolbato.com

# नेपालमा संसदीय व्यवस्थाको अभ्यास र विचारधारात्मक राजनीतिको अवसान

### पञ्चायतको अन्त्य र संसदीय व्यवस्थाको पुनर्स्थापना

नेपालको राजनीतिक इतिहासमा संसदीय व्यवस्थाको अभ्यास पहिलो पटक वि.सं. २०१६ ताका भएको थियो । त्यसबेला भएको संसदीय निर्वाचनमा ने.का.ले बहुमत ल्याएको थियो र त्यसका नेता बिपी कोइराला प्रधानमन्त्री बनेका थिए। तर त्यो निर्वाचित सरकारलाई राजा महेन्द्रले डेढ वर्षको अवधिभित्रै अपदस्थ गरी निर्दलीय पञ्चायती व्यवस्था लागु गरे। त्यसपछि निरङ्कुश राजतन्त्रात्मक शासनव्यवस्थाअन्तर्गत ३० वर्षसम्म निर्दलीय पञ्चायत कायम रह्यो। वि.सं. २०४६/४७ मा वामपन्थी र लोकतान्त्रिक शक्तिहरुको नेतृत्वमा संचालन भएको संयुक्त जनआन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गऱ्यो र संवैधानिक राजतन्त्रात्मक संसदीय बहुदलीय व्यवस्थाको पुनर्वहाली गऱ्यो। फलस्वरुप ने.का.का नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन भयो। त्यसको जिम्मेवारी नयाँ संविधान निर्माण गरी एक वर्षभित्र संसदीय निर्वाचन सम्पन्न गर्नु रहेको थियो । संविधान लेखनका निमित्त सर्वोच्च अदालतका प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको अध्यक्षतामा एक 'संविधान सुझाव आयोग' गठन गरिएको थियो। सो आयोगले जनताका सुझावहरु संकलन गरेको नाटकसमेत रच्यो र संविधान लेखेर तयार पाऱ्यो। उक्त संविधान तत्कालीन राजा वीरेन्द्रद्वारा घोषणा भयो। त्यसपछि वि.सं.२०४८ मा भएको संसदीय निर्वाचनमा ने.का.ले बहुमत प्राप्त गऱ्यो र त्यसका नेता गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बन्न पुगे।

### हङ पार्लियामेन्ट र मोलमोलाई

तत्कालीन संसद (प्रतिनिधिसभा) मा आफ्नो बहुमत कायम हुँदाहुँदै पनि ने.का.को सरकार पूरा समयावधिसम्म चल्न सकेन। त्यसको मुख्य कारण भनेको ने.का.को आन्तरिक पार्टी कलह थियो। आफ्नै पार्टीको नेतृत्वमा रहेको सरकारले प्रस्तुत गरेको वार्षिक नीति कार्यक्रम र बजेटमा मतदान गर्ने क्रममा ने.का.का ३६ जना सांसदहरु अनुपस्थित रहेकाले सरकारको नीति तथा कार्यक्रम र बजेट पारित हुन सकेन। तर प्रधानमन्त्री रहेका गिरिजाप्रसाद कोइरालाले पदबाट राजिनामा नदिएर संसदको विघटन गरी ताजा जनादेशका लागि भनेर मध्यावधी निर्वाचन घोषणा गरे। फलस्वरुप वि.सं. २०५१ कार्तिकमा उक्त निर्वाचन सम्पन्न भयो । त्यस दौरानमा ने.का.भित्रको आन्तरिक विवाद झन् चर्केर गयो । त्यसले गर्दा निर्वाचनमा ने.का.ले बहुमत गुमायो र एमाले सबभन्दा ठूलो पार्टीको रुपमा अगाडि आयो। यद्यपि त्यसले संसदमा पूर्ण बहुमत हासिल गर्न सकेन। परिणाम स्वरुप बहुमत विहीन संसद ९ज्गलन एबचष्किभलत० को गठन हुन पुग्यो।

सबभन्दा ठूलो पार्टीको हैसियतले एमालेले अल्पमतको सरकार बनाउने अवसर पायो । त्यसका अध्यक्ष मनमोहन अधिकारी प्रधानमन्त्री चयन हुन पुगे। तर सरकार सञ्चालन गरेको ६ महिना पश्चात एमाले सरकार विरुद्धमा संसदमा अविश्वासको प्रस्ताव दर्ता भयो । अविश्वासको प्रस्तावलाई छलेर प्रधानमन्त्री अधिकारीले प्रतिनिधिसभाको विघटन गरी नयाँ निर्वाचन घोषणा गरे। त्यसका विरुद्ध सर्वोच्च अदालतमा मुद्दा दायर भयो र अदालतले संसद पुनर्स्थापनाको फैसला गऱ्यो। यस घटनाको साथसाथै नेपालको संसदीय व्यवस्थामा मोलमोलाई र राजनीतिक वेश्यावृत्तिको शुरुवात भयो। आफूलाई लोकतान्त्रिक पार्टी दाबी गर्ने ने.का.ले लाजै नमानेर राप्रपाका नेता एवम् खुंखार राजावादी पूर्व पञ्च सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाउने भूमिका खेलेर स्वयं पनि सरकारमा सामेल हुन पुग्यो। त्यसैगरी आफूलाई कम्युनिस्ट बताउने एमाले ने.का.को कदमलाई पचाउँदै अर्का घघडान राजावादी पूर्वपञ्च लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीमा समर्थन जनाएर उनको नेतृत्वको सरकारमा सहभागी भयो। यी सबै गतिविधिहरु पार्टीगत र व्यक्तिगत निहित स्वार्थ पुर्ती गर्नका लागि नै गरिएको थियो । यो नै गैरसैद्धान्तिक गठबन्धनको शुरुवात थियो । जसको परिणाम स्वरुप विचारधारात्मक राजनीतिको विघटन हुन पुगेको छ।

### राजाद्वारा सत्ता कब्जा र राजनीतिक वेश्यावृत्ति

नेपालको संसदीय राजनीतिको इतिहासमा तेस्रो आम चुनाव वि.सं.२०५६ मा भएको थियो। यस निर्वाचनमा ने.का.ले पुनः बहुमत हासिल गऱ्यो। तथापि आन्तरिक पार्टी झगडाका कारणले गर्दा फेरि पनि पूर्णावधि सरकार सञ्चालन गर्न असमर्थ रह्यो। त्यसप्रकारको राजनीतिक वातावरणमा अति महत्वाकांक्षी राजा ज्ञानेन्द्रले सम्पूर्ण राज्यसत्ता आफ्नो हातमा लिएर निरंकुश राजतन्त्र लाद्ने षड्यन्त्र गरे । वि.सं. २०५८ मा आइपुग्दा तत्कालीन प्रधानमन्त्री र हाल ने.का.का सभापति समेत रहेका शेरबहादुर देउवाले राजासामु आत्मसमर्पण गरेर राजाको षड्यन्त्र पूरा गराउने कार्यमा साधनको भूमिका खेले। त्यसका लागि उनले प्रतिनिधिसभाको मध्य समयमै विघटन गरे आफ्नो हातमा सम्पूर्ण शक्ति केन्द्रित गरेपछि राजा ज्ञानेन्द्रले सबै सत्ता आकांक्षी अवसरवादीहरुलाई प्रधानमन्त्री पदको विज्ञापन गरेर लोभ्याउने काम शुरु गरे । त्यसो गरेर उनले ने.का., एमालेलगायत विभिन्न पार्टीका र अन्यहरुलाई समेत आफ्नो निरङ्कुश शासनको पोल्टामा पार्न चाहन्थे। त्यसक्रममा राजावादी पूर्व पञ्चहरु सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्द त गए नै ने.का.का शेरबहादुर देउवाले "गोरखाका राजाले न्याय दिएको" भन्दै ज्ञानेन्द्रको शासन अन्तरगत प्रधानमन्त्री भए भने एमाले नेता माधवकुमार नेपालले राजाले विज्ञापन गरेको प्रधानमन्त्रीको पदमा निवेदन हालेका थिए तर प्रधानमन्त्रीमा नियुक्त हुन सकेनन्। तर एमाले शेरबहादुर देउवा प्रधानमन्त्री नियुक्त भएपछि "प्रतिगमन आधा सच्चिएको" भन्दै त्यसमा सामेल हुन पुग्यो । वास्तवमा यी परिघटनाहरु नेपालको सत्ता राजनीतिमा राजनीतिक वेश्यावृत्तिको संस्कारलाई एक कदम अगाडि बढाउने कार्य थिए भन्दा अत्युक्ति नहोला।

### पहिलो संविधानसभाको निर्वाचन र सरकार गठन

नेपालको राजनीतिक इतिहासमा वि.सं. २०६४ मा सम्पन्न भएको प्रथम संविधानसभाको चुनाव जनआन्दोलन र जनयुद्ध दुवैको साझा फल प्राप्तीको रुपमा आएको थियो। तत्कालीन नेकपा (माओवादी)ले एकतिहाई भन्दा बढी सदस्य संख्या जितेर त्यो संविधानसभाको सबैभन्दा ठूलो पार्टीका रुपमा स्थापित भयो। त्यो संविधानसभाले एकैसाथ संविधानसभा र व्यवस्थापिका संसदको भूमिका



परि थापा

निर्वाह गरेको थियो । त्यसमा प्रतिनिधित्व गर्ने कुनैपनि पार्टीले स्पष्ट बहुमत हासिल नगरेकोले त्यसको स्वरुप पनि बहुमत बिनाको संसदजस्तो नै रहेको थियो।

तत्कालीन नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' गणतन्त्र नेपालका प्रथम प्रधानमन्त्री बन्न पुगे। तर उनको नेतृत्वको सरकार तत्कालीन प्रधानसेनापति रुक्मांगत कटुवाललाई पदबाट हटाएको मुद्दामा मुछिएर ६ महिनाको अल्पायुमै अन्त्य हुन पुग्यो। त्यसपछि प्रचण्डका उत्तराधिकारीका रुपमा एमाले नेता माधवकुमार नेपालले आफ्ना पार्टीका अध्यक्ष र संसदीय दलका नेता समेत रहेका झलनाथ खनाललाई किनारा लगाउँदै प्रधानमन्त्री बन्न सफल भए। त्यो सरकार नै त्यस अवधिको सबैभन्दा लामो समयसम्म टिकेको थियो। त्यसपछि पनि प्रधानमन्त्री बन्ने पालो झलनाथ खनालको आयो भने पहिलो संविधानसभाको समयावधिभित्रका अन्तिम प्रधानमन्त्री बाबुराम भट्टराई बन्न पुगे। उनले नै लज्जास्पद ढंगले त्यो संविधानसभाको अवशान पनि गराए।

त्यस श्रृङ्खलामा सर्वोच्च अदालतमा प्रधानन्यायाधीश खिलराज रेग्मीलाई चुनावी मन्त्रीपरिषद्को अध्यक्षका रुपमा पदस्थापन गराउनु नेपाली सत्ता राजनीतिको छिनाझपटीमा एउटा अर्को हास्यास्पद् नौटङ्की थियो। उनलाई दोस्रो संविधानसभाको निर्वाचन सम्पन्न गर्न तटस्थ सरकारको नेतृत्व गर्नका लागि मन्त्रीपरिषद्को अध्यक्ष बनाइएको थियो । वास्तविक अर्थमा यो तथाकथित लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थाको मजाक उडाउने कार्य थियो । यसरी पञ्चायतकालदेखि बहुदल हुँदै गणतन्त्रसम्म आइपुग्दा हावी भएको राजनीतिक मोलमोलाई र वेश्यावृत्तिका कारणले गर्दा नेपालको संसदीय राजनीति नैतिक रुपले खोक्रो र सैद्धान्तिक एवम् विचारधारात्मक रुपले विकृत भइसकेको छ।

### दोस्रो संविधानसभा र त्यसपछिको अवस्था

अन्ततः वि.सं. २०७० मा दोस्रो संविधानसभाको निर्वाचन भयो । तर हाम्रो पार्टीले जथाभावी ढंगले अन्तरिम संविधान संशोधन गरेर गैरराजनीतिक सरकार गर्ने लगायतका मुद्दा र प्रक्रियाहरुप्रति गम्भीर असहमति जनाउँदै उक्त निर्वाचनलाई सकृय रुपमा बहिष्कार गऱ्यो। दोस्रो संविधानसभाको निर्वाचनको परिणामले संसदीय राजनीतिक पार्टीहरुको बीचमा शक्ति सन्तुलनमा ठूलो परिवर्तन ल्यायो। पहिलो संविधानसभामा सबैभन्दा ठूलो पार्टीको हैसियतमा रहेको नेकपा (माओवादी)ले एकदमै खराब नतिजा व्यहोर्न पुग्यो र ऊ तेस्रो स्थानमा धकेलिन पुग्यो, जुन कुरा त्यसको नेतृत्वको परिकल्पनाभन्दा विपरीत थियो। ने.का. र एमाले क्रमशः पहिलो र दोस्रो ठूलो पार्टीको हैसियत प्राप्त गरे । संसदीय प्रणालीको स्थापित मूल्य मान्यताका विपरीत ने.का. र एमालेले पालैपालो सरकारको नेतृत्व गर्ने सहमति गरे । पहिलो र दोस्रो ठूलो पार्टी मिलेर सरकार निर्माण गरे। जबकि संसदीय प्रचलन अनुसार पहिलो पार्टीले सरकारको नेतृत्व गर्दछ भने दोस्रो पार्टीले प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गर्दछ।

सर्वोत्कृष्ट भनिएको संविधान घोषणापश्चात् दुई पार्टीबा बीचमा भएको पूर्व सहमति अनुसार ने.का.ले एमालेलाई सरकारको नेतृत्व हस्तान्तरण गर्न अनिच्छा प्रकट गऱ्यो । ने.का.को यस कार्यले एमालेलाई चिढ्याउने काम गऱ्यो र उसले सरकारलाई दिएको समर्थन फिर्ता फिर्ता गरेर मन्त्री मण्डलबाट बाहिरिने काम गऱ्यो। अन्ततः एमालेले आफ्नो नेतृत्वमा एनेकपा (माओवादी)लगायत राजावादी पार्टीहरु र अन्य ससाना पार्टीहरुसमेतको समर्थनमा एउटा भद्दा गठबन्धन सरकार गठन गर्न सफल भयो। जसलाई प्रधानमन्त्री केपी ओलीले "माले, मसाले, मण्डले" एकगढ भएको बताएका थिए। तर त्यहाँ पनि एमाले र एमाओवादीका बीच पालैपालो गरी सरकारको नेतृत्व गर्ने गर्नेबारे 'भद्र सहमति' भएको थियो । एमाले नेतृत्वको सरकारले सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरेपछि एमाओवादीले सरकारको नेतृत्व आफूले पाउनुपर्ने दाबी गर्न थाल्यो। तर एमालेले एमाओवादीको दाबीलाई वेवास्ता गर्दै गयो।

ने.का.ले एमाले र एमाओवादी अझ खासगरी ओली र प्रचण्डका बीचमा बढ्दै गएको मतभिन्नताहरुलाई निपूर्णतापूर्वक उपयोग गर्दै गठबन्धन टुटाउन सफल भयो। त्यसका लागि ने.का.ले प्रचण्डलाई प्रधानमन्त्री बनाउने वचन दियो । अहिले प्रचण्डको नेतृत्वमा ने.का. र अन्य केही साना पार्टीहरुको समर्थनमा गठबन्धन सरकार बनेको छ। यस सन्दर्भमा ने.का. र एमाओवादीबीच पनि पालैपालो प्रधानमन्त्री हुने सहमति भएको कुरो सार्वजनिक रुपमै आएको छ। यसले संसदीय व्यवस्थाको थप हाँस्यास्पद अवस्थालाई इंगित गर्दछ।

उपरोक्त तथ्यहरुलाई केलाएर हेर्दा संसदीय पार्टी र शक्तिहरुले पटक-पटक एकआपसमा गर्ने गरेको सहकार्य र गठबन्धन कुनै सिद्धान्तनिष्ठ र विचारधारात्मक आधारमा नभएर केवल उनीहरुको निहीत स्वार्थ र अवसरवादी चरित्रमा आधारित छ भन्ने कुरा निकै नै छर्लङ्ग छ। यो नै विचारधारात्मक राजनीतिको अवसान र तथाकथित संसदीय लोकतन्त्रको एक ज्वलन्त उदाहरण हो। र यो संस्कृतिको खेती आउँदा दिनहरुमा अझै झाँगिदै जानेछ। किनभने त्यसको बिऊ यही उत्कृष्ट भनिएको संविधानमा रोपिएको छ।

कार्ल मार्क्सले आफ्नो रचना "लुई बोनापार्टको अठारौं प्रहसन" मा त्यतिखेरको संसदीय गणतन्त्र र क्रान्तिका सन्दर्भमा उल्लेख गरेका विचारलाई यहाँ उदृत गर्दा सान्दर्भिक हुनेछ। अन्ततः संसदीय गणतन्त्रले क्रान्तिका विरुद्ध आफ्नो संघर्षलाई दमनात्मक उपायहरु, स्रोतसाधनहरु एवम् सरकारी सत्ताको केन्द्रिकरणका साथ सफल तुल्याउन बाध्य हुन पुग्यो । सबै क्रान्तिले त्यो संयन्त्रलाई धवस्त पार्नुको सट्टा पूर्णता प्रदान गऱ्यो। आजको दिनमा यो कुरो नेपालको सन्दर्भमा सत्य सावित भएको छ। ने.का.को कुरो छोडिदिउँ एमाले, माओवादी केन्द्र लगायतका नक्कली कम्युनिस्टहरुले संसदीय गणतन्त्रको इमान्दार साझेदारका रुपमा यो उद्योगलाई कार्यान्वयन गरिरहेका छन्।

त्यसकारण हाम्रो पार्टीले यसखालको जनविरोधी, देश विरोधी, भ्रष्ट र निकम्मा राजनीतिक प्रणालीका विरुद्ध अथकरुपले संघर्ष गरिरहेको छ । हाम्रो पार्टीको स्पष्ट दृष्टिकोण के छ भने जबसम्म देशमा जनवादी गणतन्त्र स्थापना हुँदैन तबसम्म यस्तो नौटङ्की बारम्बार दोहोरिरहनेछ । त्यसैले वर्तमान सडेगलेको प्रक्रिक्रियावादी व्यवस्थालाई जरैदेखि उखेल्नका लागि नेपालको विशेषताका आधारमा जनविद्रोह मार्फत् नयाँ जनवादी क्रान्तिका पक्षमा समग्र संघर्ष उठाउन नितान्त आवश्यक छ। यस्तो क्रान्तिको नेतृत्व गर्ने ऐतिहासिक जिम्मेवारी हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)को काँधमा आएको छ।

हाम्रो पार्टी सर्वहारा वर्ग र सम्पूर्ण शोषित पीडित वर्ग एवम् जनसमुदायको अग्रदस्ता भएको हैसियतले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने महान् कार्यमा स्पष्ट दृष्टिकोण र कार्यदिशाका साथ अगाडि बढ्नेछ र बढ्नु पर्दछ । हालै सम्पन्न भएको हाम्रो पार्टीको राष्ट्रिय भेलाले त्यस दिशामा अगाडि बढ्नका लागि आवश्यक राजनीतिक लाइन र महत्वपूर्ण निर्णयहरु लिएको छ। साथै पार्टीले आगामी राष्ट्रिय सम्मेलनमा क्रान्तिका लागि आवश्यक पर्ने नीति र कार्यहरुलाई परिपक्व ढंगले अझै ठोस बनाएर अगाडि बढ्ने छ।

# क्रान्तिविना जनताको मुक्ति सम्भव छैन

## सामन्तवादको ठाउँ दलाल पुँजीवादले लिएपनि सामन्तवादी उत्पादन सम्बन्ध कायमै छ।



**हर्कबहादुर शाही**

थारुवान इन्चार्ज तथा केन्द्रीय सचिवालय सदस्य, नेकपा (क्रान्तिकारी माओवादी)

» ***नेकपा (क्रान्तिकारी माओवादी) थारुवानको पछिल्लो स्थितिबारे बताइदिनुहोस् न ?***

बादल गुट नवसंशोधनवादी पुच्छरवादमा विलय भएपछि थारुवान राज्यमा संगठनमा ठूलो क्षति पुग्यो । त्यही कालखण्डमा थारुवान मेरो कार्यक्षेत्र बन्नपुग्यो । हामीले काठमाडौंमा जे आँकलन गरेका थियौं, कार्यक्षेत्रमा आउँदा भिन्न स्थिति देखियो। हामी सम्पर्क मात्र बनाउन सक्ने सोचका साथ कार्यक्षेत्रमा प्रवेश गरेको त बाँकेबाट शुरु भएको कार्यकर्ता भेला बैठक गर्दै दाङसम्म पुग्दा पाँचवटै जिल्ला समिति बनाउन सफल भयौं । हाल एरिया, नगर र गाउँसम्म एकपछि अर्को गरी समिति बनाउने काम जारी छ । पश्चिम कमाण्ड भेला पनि अध्यक्ष क. किरणको प्रमुख आतिथ्यता र कार्यालय सदस्य वरिष्ठ नेता सिपी गजुरेलको उपस्थितिमा भएको सम्प्रेषण प्रशिक्षणबाट कार्यकर्तामा थप उर्जा थपिएको छ । भाद्र १५ गते सुकुम्वासीमाथि राज्यले गरेको ज्यादतीको विरुद्ध बाँके, बर्दिया, कैलाली, कञ्चचनपुर दाङमा चक्काजाम, सिडिओ कार्यालयमा ज्ञापनपत्र दिने, कोणसभा गर्ने काम सम्पन्न भएका छन् ।

» ***थारु समुदायमाथि राज्य व्यवस्थाले गरेको उत्पीडन कस्तो छ र त्यसको मुक्तिको सही मार्ग के हो ?***

थारु समुदायमाथि राज्यले युगौंदेखि शोषण गर्दै आएको छ। हरेक जातिभित्र वर्ग छ। थारुहरु पनि नगन्य संख्यामा पंचायतकाल देखि सरकारमा मन्त्री बन्दै आएका छन्। तिनीहरु जमिन्दार वर्गमा पर्दछन् । बहुसंख्यकमा रहेका थारुहरु उनीहरु भूमिपूत्र भनिए पनि धेरै जसोसँग जमिन छैन । जीवन निर्वाहको लागि जमिन्दारको घरमा कमैया, हरुवा, चरुवाका रुपमा काम गर्दै आएको अवस्था हो। २०२० सालको महेन्द्रकालीन भूमिसुधारको बेला पनि मोहीयानी हकमा जमिन पाउने प्रावधान भएपनि युगौदेखि शिक्षा, राजनीति र आर्थिक दृष्टिबाट पछाडि पारिएका थारु समुदायको संगठित आवाज उठ्न सकेन र दिइएन । ०४६ को परिर्वतन पछि कांग्रेस एमाले सत्तामा पुगे । उनीभित्र धेरै जमिन्दार नेता भएको कारणले कमैया मुक्ति र पुर्नस्थापनाको नाममा कमैया हरुवा-चरुवा निकालियो । एनजिओ आइएनजिओमार्फत् कमैया मुक्तिको नाममा डलर खेति गरियो ।

देशका तीन जिल्लामा मोहियानी हकमा गरिव जोताहा किसानहरुले जमिन पाए । ७२ जिल्लाका जोताहा किसान कानुनी प्रावधान हुँदाहुँदै जमिन्दार पहाडका ठूला ठालूहरुले कमैया, हरुवा चरुवा र हली गोठालालाई ठगे । सरकारले पनि कानुन भएपनि कागजमा नै सीमित राख्यो । गरिव किसान डलर खेती र विप्रेषण कमाएर देश चलाउने साधन मात्र बनेका छन् ।

यसरी गरिव किसान र उत्पीडन लाद्ने व्यवस्था कायम राख्ने र पंचायतबाट बहुदल, बहुदलबाट लोकतान्त्रिक गणतन्त्ररुपी व्यवस्थाका शासक मात्र फेरिएर थारु समुदायको मुक्ति हुँदैन । थारु समुदायको मुक्तिका लागि नयाँ जनवादी क्रान्तिलाई विजयसम्म पुर्‍याउनुको कुनै विकल्प छैन ।

» ***भारतले चौतर्फी रुपमा बाँधेका बाँधका कारण यस भेगका वासिन्दाहरु वर्षायाममा नराम्ररी प्रभावित बनिरहेका छन्। पूर्वी तराईमा त जनताले बाँधै भत्काइ दिए। यहाँका जनतामाथि भारतीय ज्यादती विरुद्धको आक्रोश कस्तो पाउनु भएको छ ?***

अन्यायको विरुद्ध लड्ने हरेक मानिसको अधिकार हो। विश्वमा साम्राज्यवाद र विस्तारवादी उत्पीडन छ। नेपाल मात्र हैन, साम्राज्यवादी युद्ध आतंकले आइएस र बोकोहराम जन्मायो। दक्षिण एसियामा भारतीय विस्तारवाद बारेमा पनि चुप लागेर बस्ने छैनन् । नेपालका राष्ट्रघाती दलाल र विस्तारवादको हेपाहा प्रवृत्तिले सीमाक्षेत्रमा अन्तर्राष्ट्रिय कानुन विपरीत बनाइएका बाँधले बाँकेमा लक्ष्मणपुर बाँधको नजिकका गाविस डुवान पारेका छन् । त्यस्तै, कैशालपुर बाँधले कैलालीका जनताको विल्लीवाँठ बनाएको छ । भारतीय विस्तारवादी र त्यसका चाकर दलालहरुको विरुद्ध पीडित जनताको आक्रोशको ज्वाला बढ्द्छ, मर्ने बेलामा कुखुराले पनि छडि हान्छ भन्छन् । यहाँका जनताको धैर्यताको बाँध टुट्यो भने पूर्वी तराईभन्दा भयानक स्थिति आउने अवस्था छ। रोम जलिरहेछ, निरो बाँसुरी बजाइरहेछ। सरकारको हाल यस्तो छ।

» ***राष्ट्रियता र जनतन्त्रको लडाइँमा थारु समुदायको सहभागिता कस्तो रहदै आएको छ ?***

थारु समुदाय पनि नेपाली धर्तीमा नै जन्मिएको हुनाले हाम्रो सामाजिक जीवनको प्रतिविम्ब त्यहाँ छ । कैलाली घटनाले थारु समुदाय र पहाडी समुदायमा विश्वासको दरार पैदा भएको छ। जहाँ अभाव, अन्याय हुन्छ, त्यहाँ आक्रोश पनि हुन्छ । थारु समुदाय अहिले पनि सरकारी रवैयाको विरोधमा छ तर केही थारुहरु शक्तिको पुजारी पनि छन् । नीति, सिद्धान्तका कुराभन्दा संसदवादको बाटोबाट आफ्नो स्वार्थ पुरा गर्न कति थारु नेताहरु लागिरहेका छन् । हामीले पनि क्रान्तिकारी विचारबाट मुक्ति हुन्छ भन्ने समुदायलाई संगठित गर्दै गएका छौं । थारु मात्र होइन, राष्ट्रियता, जनजीविका, जनतन्त्रको अभावमा पुरा देश छट्पटाइराखेको बेलामा थारु जाति पनि संघर्ष गर्न तयार छ । मैले माथि नै भनिसके भेडा भेडातिर बाख्रा बाख्रातिर भइरहेको छ।

» ***आम शोषितपीडित थारु समुदायलाई क्रान्तिकारी माओवादी झन्डामुनि गोलबन्द गर्न कसरी सकिएला ?***

त्यसलाई गोलवन्द गर्नको लागि हाम्रो क्रान्तिकारी नीति र कार्यक्रम पहिलो आधार हो । दोस्रो, त्यस क्षेत्रमा काम गर्ने कार्यकर्ताको निरन्तर लगनशीलता, निम्न वर्गीय जनताको भावना र पीडासँग निरन्तर खेल्न र विश्वास जित्न सक्नुपर्दछ । जनताको मन जित्ने कुराको मुख्य कसी व्यवहार हो। त्यो साहित्यमा फूलवुट्टा भरेजस्तै सरल सहज हुँदैन । जनताको सुखमा हाँस्ने र दुःखमा रुन सके, उत्पीडित वर्गका थारु समुदाय मात्र नभएर देशभरका उत्पीडन परेका जनता हामीसँगै लामवद्ध हुनेछन् ।

» ***के वर्तमान संविधानको संशोधनबाट थारु समुदायलाई अधिकार सम्पन्न बनाउन सम्भव छ ?***

यो संविधानको प्रस्तावनाकालदेखि नै शर्तवद्ध हिसावले गणतन्त्र, संघीयताको कुरामा विमति थियो । एक युगमा एक पटक आउने संविधानसभा भनिए पनि २ वर्षमा संविधान बनाउने भनिएकोमा ४ वर्ष पुग्दा संविधानसभाको अवसान गरियो । जनताको ताजा म्यान्डेड सेलाइसकेको अवस्थामा म्याद गुज्रेको औषधीजस्तो नियम कानुनको धज्जी उडाएर दोस्रो संविधान सभाको निर्वाचन गराउने कुराले संविधान नेपाली जनताको लागि कि अरु कसैको लागि भन्ने कुरा प्रष्ट भैसकेको थियो । त्यो संविधान दलाल आत्मसमर्पणवादी र विस्तारवादीको लागि बनेको थियो । थारु समुदायको लागि यो संविधानले अधिकार नदिएको विरोधमा टिकापुर घटना भएको हो । त्यो आन्दोलनमा हाम्रो पनि ऐक्यवद्धता थियो । पछि विस्तारवादी घुसपैठ भएपछि हामी त्यसबाट पछि हटेका हौं । यो संविधानमा भएका केही सकरात्मक उपलब्धी गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक, समावेशी गुम्ने संकेत देखापरेका छन् । बाँकेमा ५०/६० जनाको जमातले गणतन्त्रमा पनि राजाको मुर्ति राखेका छन् । संविधानमा लोकतान्त्रिक गणतन्त्र लेखिएको छ । सरकार गणतन्त्रका बारेमा उदासिन छ। के अहिले सरकारी गठबन्धन बेविकिंग, संवैधानिक राजतन्त्र, विस्तारवादको आदेशमा गरेको हर्कत हैन भनी चर्चा गर्छ । त्यस्तो दलीय सिन्डीकेटबाट बनेको संविधानले फ्रान्सको इतिहासको झल्को दिन थालेको त होइन भन्ने शंका उब्जिएको छ। शोषित-पीडित थारु समुदायको मात्र होइन, देशैभरिका कामदार जनताका लागि कौवालाई वेल पाक्यो, हर्ष न विस्मात जस्तै चरितार्थ भएको छ।

» ***क्रान्तिकारी माओवादीले स्थानीय विशेषतासहित थारुवानलाई कसरी जनविद्रोहमा उठाउँदै छ ?***

क्रान्तिकारी माओवादीले तल्लो तटिय क्षेत्रमा बनाइएका बाँधहरु र माथिल्लो कर्णालीको राष्ट्रघाती सम्झौता विरुद्ध संघर्ष गरिरहेको छ । तल्लो तटीय सीमा क्षेत्रमा कानुन विपरीत बनाइएका बाँधले बाँके, बर्दिया, कैलाली, कञ्चनपुरका जनतालाई प्रत्यक्ष असर गर्दछन्। लक्ष्मणपुर बाँधले वर्षायाममा डुवान पार्छ भने सुख्खायाममा त्यहाँ पानी प्रयोग गर्न पाइदैन। कैलाली कन्चनपुरमा त्यस्तै हालत छ।

अर्कोतिर माथिल्लो कर्णाली परियोजनाले पनि प्राविधिकको रिपोर्ट अनुसार रानीजमरा, सुर्यपटुवा, राजापुर सिंचाई योजनालाई पानीको जोडदार बहावले नहर भत्काउने र लगाएको खेती बाली नै उखेली दिने बताइएको छ। यसरी वर्दिया, कैलालीका धेरै जसो किसान जनतालाई यसले प्रभाव पार्छ र यो मुद्दा स्थानीय विशेषतासँग जोडिएका छन् । यो मुद्दालाई पार्टीले जोडदार रुपले उठाएको छ । अर्को, तराई भागमा थारुवानमा धेरै जसो सुकुम्वासी वस्तीहरु छन् । त्यस्मा नक्कली सुकुम्वासी छानविन गरी सक्कली सुकुम्वासीको प्रमाणीकरण गरेर सुकुम्वासी जनताको गाँस वासका लागि निरन्तर संघर्ष गर्ने र दैनिक घुलमिल गरेर अगाडि बढ्नुपर्ने देखिन्छ।

» ***दायाँ र वायाँबाट भइरहेको आक्रमणको स्थानीय तहमा कसरी प्रतिरोध गरिरहनु भएको छ ?***

कम्युनिष्ट आन्दोलनभित्र दक्षिणपन्थी संशोधनवाद र वामपन्थी अवसरवाद एकसिक्काका दुईपाटा हुन् । आखिर दायाँ र बायाँबाट गरिने क्षणिक हर्कत मात्र फरक हुन् । त्यसको गन्तव्य एउटै हुन्छ। आफ्नो शक्ति सुदृढ भैसक्दा आत्मगत परिस्थिति अनुकूल हुँदा अन्तर ीष्ट्रिय स्थिति मिलाएर परिवर्तनको लागि तयार नुहुनु दक्षिणपन्थी अवसरवाद हो भने आत्मगत परिस्थिति तयार नहुँदै अन्तर्राष्ट्रिय परिस्थितिको तयारीविना जाइलाग्ने वामपन्थी अवसरवाद हो । यसको बारेमा व्यापक कार्यकर्तालाई विचराबाट प्रशिक्षित पार्नु र अन्य मध्यपन्थी अकर्मन्यता र जड्सुत्रवादका बारेमा प्रष्ट पार्दै सैद्धान्तिक संघर्षको माध्यमबाट यसको प्रतिरोध गर्ने उपाय र माध्यम हुन् । त्यसै माध्यमबाट दक्षिणपन्थी संशोधनवाद, वाम अवसरवादलाई र अन्य खाले मध्य र जड्सुत्रवादका बारेमा पनि प्रष्ट पार्दै, उदांगो पार्दै जानु पर्दछ। दक्षिणपन्थीहरु आफ्नो उदांगो नांगो आँखाले देख्ने हर्कत गर्दैछन्। मार्क्स एंगेल्सको तस्वीर साम्राज्यवादीको डरले लुकाउने काम गर्नुले आफै उदांगो भएको छ। माकेले तीन हजार केन्द्रीय सदस्य बनाएर उदांगो भएको छ। अरु हर्कत शान्तिकाल पछि दर्जनौं छन्।

» ***पटक पटक धोका खाएको जनतालाई माओवादीप्रति कसरी आशावादी बनाउन सकिएला ?***

नेपाली जनताले प्रत्येक आन्दोलन परिवर्तनका लागि साथ सहयोग र बलिदान गर्दै आएका छन् । जनताको बलिदानको नेपाली नेताहरुले सम्मान र चाहनालाई कदर गर्न सकेनन् । त्यसले नेपाली जनताले पीडा भोग्नु परेको छ। नेपाली जनताका विश्वका जनताभन्दा परिवर्तनप्रति सचेत नै छन् । नेपाली जनताको समस्याको समाधान हुनुभन्दा समस्या झन् जटिल हुँदै गएका छन् । विश्वस्त नहुनु भनेको जनता, नेताका गल्तीका कारणले सचेत र सजग भएका छन्। जनतालाई भेडा बाख्रा सोच्ने प्रवृत्ति सदैव कायम रहन सक्दैन । वेइमानहरुको राज सँधै चलिरहँदैन। जनताको आँखा दुरविन सरह हुन्छन्। हामीले जनताको मर्म बुझ्न सके, नेपाली जनता परिवर्तनको पक्षमा उभिने छन् । त्यसमा हामीले शंका गर्नुपर्ने कुनै कारण छैन।

» ***२००६ सालमा स्थापना भएको नयाँ जनवादी क्रान्तिको झन्डा उठाएको नेपाली कम्युनिष्ट आन्दोलन निष्कर्षमा नपुग्नुको कारण के देख्नु हुन्छ ?***


२००६ सालमा स्थापित कम्युनिष्ट पार्टी अन्तर्राष्ट्रिय हिसावले पनि एउटै थियो। त्यतिखेर संसारभरिका कम्युनिष्टहरुको केन्द्र रुस थियो । रुस जब १९५६ मा खुश्चेभको नेतृत्वमा गयो, रुस संशोधनवाद र सामाजिक साम्राज्यवादमा फस्न पुग्यो । रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतन हुन पुगेपछि दुईवटा अन्तर ीष्ट्रिय कम्युनिष्ट शक्ति केन्द्र बन्न पुगे । त्यसले गर्दा कम्युनिष्ट आन्दोलन विभाजित हुनपुग्यो । रुस पक्षधर र चिन पक्षधरका अलग अलग खेमा बन्न पुगे । त्यसले गर्दा कम्युनिष्ट आन्दोलन विभाजित हुन पुग्यो। नौलो जनवाद, अर्धसामन्ती, अर्ध औपनिवेशिक मुलुकमा हुने कम्युनिष्ट नेतृत्वको हुने समाजवादको बाटो प्रशस्त गर्ने क्रान्ति हो । नेपालमा नौला जनवादी क्रान्तिको लागि बन्दुक नठाएको कम्युनिष्ट पार्टी कमै छन्। दीर्घकालीन जनयुद्ध त्यसले माग गर्दछ। बन्दुक उठाएपछि कहाँ पुगेर विसाउने त्यो मुख्य कुरा हो। नौलो जनवादका लागि लड्ने हिजो र आजको परिस्थितिमा भिन्नता छ। हिजोको अर्धउपनिवेश नवउपनिवेशमा बदलिएको छ । अहिले पुँजी र श्रम शक्ति दुइटै पलायन भएको स्थिति छ। वित्तीय पुँजी बढ्दो छ।

राष्ट्रिय पुँजीपति र दलाल पुँजीपतिको बारेमा पहिचान गर्न आवश्यक छ। ००६ सालमा साम्राज्यवाद विस्तारको अवस्था फरक थियो । सूचना संचारमा पनि धेरै ठूलो हेरफेर आएको छ। सामान्त ढलेपछि सामन्तवादी उत्पादन सम्बन्ध कायमै छ। सहर र गाउँमा पनि फरक आएको छ। यिनी सबै कुरा अनुसन्धानबाट तालमेल मिलाउनै पर्छ । नेपाली विशेषताका आधारमा व्यापक जनता परिचालन गर्न अहिले अन्तर ीष्ट्रिय परिस्थिति पनि अनुकूल छ। तर उत्पीडित वर्गलाई एकाकार गर्नुपर्ने हुन्छ। सामान्तवादको ठाउँ दलाल पुँजीवादले लिएपनि सामन्तवादी उत्पादन सम्बन्ध कायमै छ। नेपाली प्राकृतिक स्रोतलाई बहुराष्ट्रिय कम्पनीको पञ्जाबाट मुक्त गरी राष्ट्रिय उत्पादनलाई बढाउनु पर्दछ । भ्रष्टाचारको अखडा बनेका नेपालको लगानी समेत भ्रष्टाचार गर्ने एनजिओ आइएनजिओलाई देशबाट धपाउन नसक्नु हो । अर्को कुरा पटक पटक पार्टीको नेतृत्वमा रहेको व्यक्तिहरुमा आएको विचलन र क्रान्तिप्रतिको गद्दारीले गर्दा हो। यी दुवै स्थितिको निर्मम समीक्षा अहिलेको आवश्यकता बनेको छ

» ***अब क्रान्तिकारी माओवादी नयाँ जनवादी क्रान्ति निष्कर्षमा पुर्‍याउने अभिभारा पुरा गर्न के कस्तो उपाय लगाउँदै छ ?***

नौलो जनवादी क्रान्तिका आधारहरु अहिले पनि विद्यमान छन् । उत्पादन सम्बन्धमा खासै फरक आएको छैन। सामान्तवादको नायक राजतन्त्र ढलेपनि सामन्तवर्ग कमजोर भएको छैन। दलाल पुँजीपति वर्गले साधान स्रोत विदेशीलाई दिएर नेपालको श्रमशक्तिलाई विप्रेषण लाभका लागि विदेश पलायन गराएको छ । देशका राष्ट्रिय अर्थतन्त्रको मेरुदण्ड जल, जमिन, जंगल, जडिबुटी विदेशीलाई दोहन गराएर कमिशन आधारमा बाँचेको दलाल सामन्तको विरुद्धमा उत्पीडनमा परेका सबैखाले वर्ग, जातिका मानिस एकाकार भई, दलाल साम्राज्यवादी, विस्तारवादी र बहुराष्ट्रिय एनजिओ आइएनजिओ समेत यो देशबाट हटाएर राष्ट्रिय पुँजीपति वर्गलाई देशको अर्थतन्त्र विकास गर्न दिएर औद्योगिकीकरण बाटो प्रशस्त गर्नुपर्छ। यसका लागि नयाँ जनवादी क्रान्ति अनिवार्य छ र क्रान्तिविना जनताको मुक्ति सम्भव छैन।

# मालेमावादको अध्ययनको पद्धति र विकास



हस्तबहादुर केसी

(३) **सैद्धान्तिक पूर्वाधार**

जर्मन दर्शनशास्त्र, अङ्ग्रेजी राजनीतिक अर्थशास्त्र र फ्रान्सेली समाजवाद मार्क्सवादका पूर्वाधारका तीन आवश्यक तत्व बन्न पुगेका छन् ।

**दार्शनिक फाँटमा क्रान्ति**

मार्क्स-एंगेल्सद्वारा मार्क्सवादी दर्शनको प्रतिपादनले दार्शनिक फाँटमा ठूलो क्रान्ति ल्यायो । मार्क्सवादी दर्शन एक वैज्ञानिक दर्शन भएकाले त्यो भन्दा पूर्वका सबै विचार र दर्शनहरू स्वतः पछाडि पर्न गए ।

**द्वन्द्वात्मक भौतिकवाद तथा ऐतिहासिक भौतिकवद**

द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद सर्वहारावर्गको चिन्तन तथा विश्वदृष्टिकोण हो । यो दर्शन फायरबाख र हेगेलसहित विगतका सबै दर्शनभन्दा गुणात्मक रूपमा भिन्न छ ।

द्वन्द्वात्मक भौतिकवादको सिद्धान्त, द्वन्द्वात्मक भौतिकवादको पद्धति, द्वन्द्वात्मक भौतिकवादको ज्ञान सिद्धान्त र ऐतिहासिक भौतिकवादको सिद्धान्तलाई द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादका मूल विषय मानिन्छ ।

**मालेमावादको विकास**

मार्क्सवाद - लेनिनवाद - माओवाद

मार्क्सवादको मार्क्सवाद-लेनिनवाद-माओवादीमा जुन विकास भयो त्यसका तीन गुणात्मक चरण छन् । ती हुन् :-

(क) मार्क्सवादको चरण : मार्क्सवाद एक वैज्ञानिक सिद्धान्त हो र मार्क्सवाद सर्वहारा क्रान्तिको विज्ञान हो । मार्क्सवाद सर्वहारावर्गको मुक्तिको सिद्धान्त र विश्वदृष्टिकोण हो । मार्क्सवाद पुँजीवादको प्रारम्भिक अवस्थामा विकसित भएको हो । द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवाद, अतिरिक्त मूल्यको सिद्धान्त, वर्गसंघर्ष तथा इतिहासिमा बलप्रयोगको भूमिका र वैज्ञानिक समाजवाद तथा साम्यवाद मार्क्सवादका आधारभूत मान्यता हुन् । मार्क्सवादी दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो । मार्क्सवादी दर्शनको सिद्धान्त भौतिकवाद हो । यसले पदार्थ, प्रकृति वा सामाजक सत्तालाई पहिलो र चेतना, विचार वा सामाजिक चेतनालाई दोस्रो स्थानमा राख्दछ । मार्क्सवादी दर्शनले चेतनालाई वस्तुगत जगतको आत्मिक प्रतिबिम्बन मान्दछ र विश्वलाई बोधगम्य बताउँदछ । मार्क्सवादी दर्शनको पद्धति द्वन्द्ववाद हो ।

द्वन्द्ववादको निश्चित नियमहरू छन्, जस्ता कि

(१) आधारभूत नियम : विपरीतहरुको एकता,

(२) मात्राको गुणमा रुपान्तरण

(३) निषेधको निषेध अर्थात सकार र नकार रहेका छन् ।

यस अतिरिक्त द्वन्द्ववादका प्रवर्गहरुको अध्ययन र द्वन्द्ववाद भौतिकवादको ज्ञान-सिद्धान्तको समग्र अध्ययनले हाम्रो वैज्ञानिक अध्ययनको क्षेत्रलाई समृद्ध तुल्याउँदछ । ज्ञान-सिद्धान्तको चर्चा गरिरहँदा कमरेड माओत्सेतुङारा लिखित ज्ञान-सिद्धान्त सम्बन्धी अति गहन लेख "व्यवहारबारे" को विशेष रुपलपे अध्ययन गरियो भने हाम्रो वैज्ञानिक ज्ञानको भण्डार पूर्णतातिर अगाडि बढ्दछ ।

मार्क्स भन्छन् : मैले हिगलको दर्सनको टाउको तल खुट्टा माथि पारेर उभिएको पाएँ जसलाई मैले पुनः खुट्टाको भरमानै उभिने पीरिदिए । उनी भन्छन् मेरो द्वन्द्वात्मक स्तालिनीय प्रणाली हिगलको प्रणाली देखि भिन्न मात्र होइन बरू ठीक बिपरित छ । आदर्श मानवको रूप मनमा वास्तविक भौतिक जगतको प्रतिबिम्ब देखि अलग चीज, कुनै छैन जुन विचारको रूपमा परिवर्तित हुन जान्छ । मार्क्सको सिद्धान्त बुझ्नु भन्दा अगाडि हिगलको सिद्धान्त बुझ्नु आवश्यक छ ।

(ख) लेनिवादको चरण : मार्क्सवादको गुणात्मक विकासको दोस्रो चरण लेनिनवाद हो । पुँजीवादले साम्राज्यवादमा प्रवेश गर्नु, उत्पादक शक्ति र सर्वहारा आन्दोलन तथा ज्ञानविज्ञानका विविध क्षेत्रमा थप प्रगति हुँदै जानु र यस प्रकारको नयाँ परिस्थिति अनुरूप मार्क्सवादलाई नयाँ उचाइमा विकसित गर्नुपर्ने ऐतिहासिक आवश्यकताका बीचबाट लेनिवाद जन्मिएको हो । लेनिन (१९७० - १९२४) लेनिवादका प्रतिपादक हुनुहुन्छ ।

(ग) **माओवादको चरण** :

मार्क्सवाद-लेनिनवादको गुणात्मक विकासको तेस्रो र नयाँ चरण माओवाद हो । सामन्ती-साम्राज्यवादी शोषणको दोहोरो उत्पीडनबाट आक्रान्त अविकसित देशहरूका क्रान्तिका समस्याहरूको समाधान गर्नुपर्ने, सन् १९५३ मा स्तालिनको मृत्युपश्चात् रूस एवम् पूर्वी युरोपका कैयौं देशहरूमा पुँजीवादको पुनःस्थापनाका कारणहरूको खोज गरी त्यसबाट शिक्षा लिनुपर्ने तथा त्यसबाट उत्पन्न समाजवादी समाजका अन्तर्विरोधहरूको समाधान गर्नुपर्ने र आधुनिक संशोधनवादका विरूद्धको लडाईं लड्नुपर्ने ऐतिहासिक आवश्यकताको पृष्ठभूमिमा माओद्वारा मार्क्सवाद-लेनिनवादको थप परिमार्जन तथा विकास गरी त्यसलाई मार्क्सवाद-लेनिनवाद-माओवादको तेस्रो, नयाँ र गुणात्मक उचाइमा पुऱ्याउने काम भएको हो । माओवादको सार भनेको सर्वहारा साँस्कृतिक क्रान्ति र निरन्तर क्रान्तिको सिद्धान्त हो ।

यसरी आज अन्तर्राष्ट्रिय सर्वहारावर्गको हातमा एउटा सार्वभौम सिद्धान्तको सिङ्गो अभेद्य इकाइको रूपमा मार्क्सवाद-लेनिनवाद-माओवाद रहेको छ । माओवादलाई आजको विश्वको मार्क्सवाद-लेनिवादका रूपमा ग्रहण नगरीकन कोही पनि सच्चा कम्युनिष्ट बन्न सक्दैनन् ।

मार्क्सवादको ज्ञानभण्डार विशाल छ । मालेमावादको सामान्य जानकारी पछि क्रान्तिकारी माओवादीका नेता कार्यकर्ताहरूका लागि यसको अध्ययन किन आवश्यक छ ? र यसको अध्ययन कसरी गर्ने भन्ने प्रश्न हाम्रा सामू खडा भएको छ । पहिलो नम्बरमा हामी नेपाली कम्युनिष्टहरूको सैद्धान्तिक स्तर कमजोर छ । हाम्रो सैद्धान्तिक धरातल र स्तर कमजोर भएकै कारण पार्टी नेतृत्वको माथिल्लो स्तरमा रहेका नेताहरूमा नै अवसरवाद तथा विचलन पैदा हुने र दक्षिणपन्थि संशोधनवादी लाइन पक्रन पुग्ने भएकाले नै नेपाली कम्युनिष्ट आन्दोलन विभाजित हुन पुगेको छ र यसै कारणले यो आफ्नो लक्ष्यमा पुग्न नसकेका कारण जनता कम्युनिष्टहरू प्रति आकर्षित हुँदा हुँदै पनि प्रतिक्रियावादीहरूले शासन गर्ने मौका पाइरहेका छन् । तसर्थ नेता कार्यकर्ताहरूको सैद्धान्तिक-वैचारिक स्तर माथि उकास्नका निम्ति मालेमावादको गहन अध्ययन आवश्यक छ । मालेमावादको गहन अध्ययन नगरिकन कोही पनि क्रान्तिकारी कम्युनिष्ट बन्न सक्तैन । अध्ययन मात्रै सबै थोक होइन, अध्ययनसँगै मार्क्सवादलाई आत्मसाथ गर्नु, आफ्नो जीवन व्यवहारमा लागु गर्नु नै यसको मुख्य लक्ष्य हो । मालेमावादलाई व्यवहारिक रूपमा जीवन व्यवहारमा उतार्नु नै यसको अध्ययनको सार्थकता रहेको छ । किनकि व्यवहार नै सत्यको कसौटी हो र यो नै मार्क्सवादी ज्ञानसिद्धान्तको प्रमुख आधार हो ।

मालेमावादको अध्ययनले कम्युनिष्ट क्रान्तिकारीहरूले आत्मसात गर्नै पर्ने विश्वदृष्टिकोणप्रति स्पष्ट हुनै सैद्धान्तिक, आधारहरूमा निर्माण गरि दिन्छ । र यसले नेता कार्यकर्ताहरूलाई सर्वहाराकरण हुन मद्दत गर्दछ । साथै मालेमावादको गहन अध्ययनले संसारलाई चिन्ने र त्यसलाई बदल्ने सैद्धान्तिक हतियार प्रदान गर्दछ । मार्क्सवादले विश्वदृष्टिकोण दिन्छ । दृष्टिकोण नभएको मान्छे जरा नभएको रुख जस्तै हो । त्यसैले मान्छेलाई दृष्टिकोण आवश्यक पर्छ ।

**मालेमावादको अध्ययनको पद्धति :**

मार्क्सवाद के हो ? यसको जन्म र विकास कसरी भयो ? लेनिनवाद के हो ? माओवाद के हो ? मालेमाओवादको किन आवश्यकता छ ? आदि विषयमा माथि उल्लेख गरिएको छ । यहाँ मार्क्सवाद-लेनिनवाद-माओवादको अध्ययनको पद्धति के हो ? हामीले मालेमावादको अध्ययन कसरी गर्ने भन्ने बारेमा छलफल गर्ने प्रयत्न गरिएको छ ।

अध्ययन गर्ने दुइवटा पद्धति छन् जो निम्न प्रकार छन् :

१) आदर्शवादी (काल्पनिक) अध्ययन पद्धति

२) वैज्ञानिक (द्वन्द्वात्मक) अध्ययन पद्धति

१) आदर्शवादी (काल्पनिक) अध्ययन पद्धति :

अध्ययन भनेको ज्ञानप्राप्तिको साधन हो । कुनैपनि वस्तुको अध्ययन विना त्यसबाट ज्ञान प्राप्त गर्न सकिदैन । मानिसले अध्ययनकै माध्यमबाट विगतलाई बुझ्दछ, वर्तमानलाई मूल्याङ्कन गर्दछ र भविष्यको निर्धारण गर्दछ । विगतका ज्ञानहरूलाई बुझ्ने र वर्तमानलाई विश्लेषण गरि ज्ञानको अद्यावधिक गर्नुलाई अध्ययन भनिन्छ ।

कल्पना र विचारका आधारमा निरपेक्ष अध्ययन गरिन्छ, जसबाट प्रमाण र वस्तुगत यथार्थमा आधारित नभई कल्पना र विचारको श्रृ‍ख लाको आधारमा निचोड निकालिने गरिन्छ यस पद्धतिलाई आदर्शवादी (काल्पनिक) पद्धति भनिन्छ । यो पद्धति आत्मपरक चिन्तन हो । यसको सम्बन्ध वस्तुगत यथार्थसँग हुदैन, कोरा काल्पनिक ईश्वरीय चिन्तन प्रणालीसीत सम्बन्धित हुन्छ । यो जे गर्दछन् सबै ईश्वरले गर्दछन् भन्ने चिन्तनशील सम्बन्धित हुन्छ । आदर्शवादी (काल्पनीक) अद्वैतवादीलाई मूल आधार बनाएको छ ।

२) **वैज्ञानिक (द्वन्द्वात्मक) अध्ययन पद्धति**

वैज्ञानिक अध्ययन पद्धतिमा द्वन्द्वात्मकको नियमलाई मार्क्सवादले अपनाएको छ । वैज्ञानिक अनुसन्धान पद्धति नै वैज्ञानिक (द्वन्द्वात्मक) अध्ययन पद्धतिको मूल आधार हो । वैज्ञानिक अनुसन्धान पद्धतिको विकास चार्ल्स डार्विनबाट भएको हो । यो प्रायोगिक अनुसन्धान पद्धति हो । प्रमाणका आधारमा गरिने व्यवस्थित अनुसन्धान वैज्ञानिक अनुसन्धान हो । यो विज्ञानमा मात्र नभएर समाजशास्त्र, राजनीतिक शास्त्र, अर्थशास्त्र, अनुसन्धान लगायत सम्पूर्ण विषयमा प्रयोग गरिने विधिको रूपमा रहेको छ । प्रायः सबै वैज्ञानिक अनुसन्धान विषय छनौट, समस्याको चिनारी, समस्याको पुनरावलोकन, परिकल्पना निर्माण, अनुसन्धानको ढाँचा निर्माण, तथ्याङ्क सङ्कलन र विवेचना सामान्यीकरणहरूद्वारा गरिन्छ । मार्क्सवाद एक वैज्ञानिक सिद्धान्त हो । अध्ययनका क्षेत्रमा मार्क्सवादी पद्धति अर्थात द्वन्द्वात्मक भौतिकवादी पद्धति नै वैज्ञानिक अध्ययन पद्धति हो ।

मार्क्सवादले द्वन्द्वात्मक अध्ययन पद्धतिलाई अपनाएको छ । यो नै वैज्ञानिक अध्ययन पद्धति हो । मार्क्सवादी दर्शन द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादी दर्शन हो । यो दर्शनको सिद्धान्त भौतिकवाद हो । यो दर्शनले पदार्थ, प्रकृति वा सामाजिक सत्तालाई पहिलो र चेतना, विचार वा सामाजिक चेतनालाई दोस्रो स्थानमा राख्दछ । अर्थात् यस दर्शनले चेतनालाई वस्तुगत जगतको आत्मिक प्रतिबिम्बन मान्दछ र विश्वलाई बोधगम्य बताउँछ । यो दर्शनको पद्धति द्वन्द्ववाद हो ।

द्वन्द्ववाद भनेको विश्व ब्रम्हाण्डमका सारा चीजहरू दुई परस्पर विरोधी तत्व वा कुरा मिलेर बनेका हुन्छन् । तातो र चिसो, हलुङ्गो र गह्रुङ्गो, उल्टो र सुल्टो, झुटो र साँचो, तान्नु र घचेट्नु, धन र ऋण, धनी र गरिब जस्ता उल्टा-उल्टा स्वभाव भएका कुरालाई परस्पर विरोधी कुरा भनिन्छ । तातो नभई चिसो र ऋण नभई धन हुन सक्दैन । त्यसैले संसारमा जहाँ पनि विरोधी कुराहरू सँगसँगै गाँसिएका हुन्छन् । यस रूपमा विश्व स्वसञ्चालित छ भनी सावित गर्ने वैज्ञानिक सिद्धान्तलाई द्वन्द्वबाट भनिन्छ । संसारका सबै कुराभित्र आपसी द्वन्द्व (संघर्ष वा टक्कर) चलिरहेको हुन्छ । यस्तो द्वन्द्वले नै हरेक कुराको जीवन (अस्तित्व) बनेको र हरेक कुरा गतिशिल, विकासशील र परिवर्तनशील छन् । स्थिर वा सधैं एकनास रहने कुरा संसारमा केही छैन । सारा संसारको स्वभाव (प्रकृति) नै द्वन्द्वात्मक छ । संसारको सृष्टि स्थिति तय गर्ने शक्ति ईश्वर नभएर वस्तुभित्रकै स्वभाव हुनाले संसार स्वचालित छ । अतः संसार (विश्व ब्रम्हाण्ड) द्वन्द्वात्मक छ । यही द्वन्द्वात्मकताको सिद्धान्तलाई द्वन्द्ववाद भनिन्छ ।

मार्क्सवाद के हो ? लेनिनवाद के हो ? माओवाद के हो ? भन्ने बारेमा माथि नै सप्रमाण पुष्टि गर्ने प्रयत्न गरिएको छ । साथै अध्ययनका क्षेत्रमा आदर्शवादी (काल्पनिक) अध्ययन पद्धति र वैज्ञानिक (द्वन्द्वात्मक) पद्धतिका बारेमा पनि माथि सक्दो चर्चा गरिएको छ । द्वन्द्वात्मक के हो ? द्वन्द्वात्मक के हो ? आदिबारे पनि माथि नै उल्लेख गरिएको छ ।

यहाँ उल्लेख गर्न खोजिएको के हो भने हामी मार्क्सवादी-लेनिनवादी- माओवादी क्रान्तिकारी कम्युनिष्टहरूको अध्ययनको वैज्ञानिक (द्वन्द्वात्मक) पद्धित भएकाले हामीले यही वैज्ञानिक (द्वन्द्वात्मक) पद्धति र विधि तथा तरिकाहरू अपनाउनु पर्ने हुन्छ, यो भन्दा बाहिरबाट अध्ययन गर्ने पद्धति अपनायौं भने त्यो पद्धति मनोगतवादी अर्थात अधिभूतवादी पद्धति हुन जान्छ । यस विषयमा हामी होसियार हुन आवश्यक छ भन्ने नै हो ।

दर्शन भनेको अर्थात् मार्क्सवादी दर्शन भनेको संसारलाई जस्ताको तस्तै गरेर बुझ्ने, त्यसको अध्ययन वैज्ञानिक पद्धतिका आधारमा गर्ने र त्यसलाई बदल्ने रहेको छ । त्यसो भएर संसारलाई बुझ्ने र बदल्ने बारेमा कार्लमार्क्स अगाडि भन्नु हुन्छ : "संसारको व्याख्या त सबैले गरेका छन्, गाठी कुरो त त्यसलाई बदल्नु पो हो त ।" -

विश्वसर्वहारावर्गका महान नेता तथा गुरूहरू कार्ल मार्क्स, फेडरिक एंजील्स, भी.आर्क. लेनि जे.स्थालिट माओत्सेतुङ्ग आदिले संसारलाई बुझ्ने, र त्यसलाई बदल्नका नम्ति त्यसको अध्ययनको लागि वैज्ञानिक (द्वन्द्वात्मक) पद्धति अपनाउनु भयो र आफ्नो जमानामा त्यसलाई व्यवहारमै लागु गर्नका निम्ति सयौं मार्क्सवादी रचनाहरू सिर्जना लेख्नु भयो । जस्तो मार्क्स एंजील्सले कम्युनिष्ट घोषणापत्र (१८४८) लेख्नु भयो । मार्क्स स्वयम्ले, जर्मन विचार धारा (१८४५), फायरवाख : भौतिकवादी तथा आदर्शवादी दृष्टिकोणको विरोध (१८४५-४६, दर्शन), दर्शनको दरिद्रता (१८४७, दर्शन), ज्यालादारी श्रम र पूँजी (१८४७, अर्थशास्त्र), कम्युनिष्ट घोषणापत्र (१८४८, समाजवाद), पूँजीपतिवर्ग र प्रतिक्रान्ति (१८४८, समाजवाद), फ्रान्समा वर्गसंघर्ष (१८५०, समाजवाद), लुई बोनापार्टको अठारौं ब्रुमेर (१८५१, समाजवाद), राजनीतिक अर्थशास्त्रको आलोचनामा योगदान (१८५१, अर्थशास्त्र), मजदूरी, मूल्य र नाफा (१८६५, अर्थशास्त्र), पूँजी भाग-१, २ र ३ (१८६७, अर्थशास्त्र)., फ्रान्समा गृहयुद्ध (१८७१, समाजवाद)., गोथा कार्यक्रमको आलोचना (१८७५, समाजवाद) फेडरिक एङ्गेल्स- प्राकृतिक द्वन्द्ववादको भूमिका (१८७५-७६, दर्शन), समाजवाद : काल्पनिक या वैज्ञानिक (१८८०, समाजवाद), लुडबिग फायरवाख र शास्त्रीय जर्मन दर्शनको अन्त्य (१८७६, दर्शन), बाँदरदेखि मान्छेसम्मको विकासमा श्रमको भूमिका (१८७६, दर्शन), ड्यूहरिङ मत खण्डन (खण्ड १, २ र ३) (१८७६-७८/दर्शन), कम्युनिष्ट लिगको इतिहासबारे (१८८५, समाजवाद), परिवार, निजी सम्पत्ति र राज्यको उत्पत्ति (१८८८, अर्थशास्त्र), इतिहासमा बल प्रयोगको भूमिका (१८९४, समाजवाद) भि.आई.लेनिन- के गर्ने ? (१९०१-०२, समाजवाद), एक पाइला अघि दुई पाइला पछि (१९०४, समाजवाद), भौतिकवाद र अनुभवविरूद्ध आलोचना (१९०८, दर्शन), मार्क्सवाद र संशोधनवाद (१९०८, समाजवाद), दार्शनिक नोटबुक (१९१४-१६, दर्शन), साम्राज्यवाद : पूँजीवादको चरम अवस्था (१९१६, अर्थशास्त्र), युद्ध र क्रान्ति (१९१७, समाजवाद), राज्य र क्रान्ति (१९१७, समाजवाद),... ***बाँकी ६ पेजमा***

◆ झर्रोटर्रो ✍ कैलुब्राह

# *दरम् सत्य अरू मिथ्या*

आज तीजको दर खाने दिन । राजधानीको टुँडीखेलमा आधा आकाशको विशाल जुलुस निस्कियो । आधा आकाश भएकाले उनीहरूको शरीर पनि आधा मात्रै ढाकिएको थियो । त्यो पनि पूर्वीय मोडलको नभएर पश्चिमी मोडलको फेसनले । अमेरिका, युरोप र हङकङतिरको मोडलको कपडाले सजिसजाऊ थियो आधा आकाश । एक प्रकारले त्यो जुलुस फेसन शो पनि थियो । उता अख्तियारले सबै क्षेत्रमा सबै कुरा पारदर्शी हुन पर्छ भनेर ह्वीप जारी गरेको हुनाले आधा आकाशले लगाएका आधा कपडा पनि मच्छदानीबाट बनाइएको थियो । हातहातमा प्ले कार्ड बोकेका आधा आकाशले जोडजोडले नारा घन्काई रहेका थिए-

'सरकारी कार्यालयमा दर खाने बजेट हुनै पर्छ - हुनै पर्छ ।

दरमा ककटेलको व्यवस्था हुनै पर्छ - हुनै पर्छ ।

डान्सबारको व्यवस्था पनि हुनै पर्छ - हुनै पर्छ ।

दर अवधिमा रत्यौली खेल्न पाउनै पर्छ - पाउनै पर्छ ।

क्यासिनोमा जान पाउनै पर्छ - पाउनै पर्छ ।

टोलटोलमा भट्टीको व्यवस्था हुनै पर्छ - हुनै पर्छ ।

एक महिने दरखाने विदा पाउनै पर्छ - पाउनै पर्छ ।

झिलिमिली गहना लाउनै पर्छ - लाउनै पर्छ ।

दर मन्त्रालयको व्यवस्था संविधानमा लेख्नै पर्छ - लेख्नै पर्छ ।

दर मन्त्रीको व्यवस्था पनि हुनै पर्छ - हुनै पर्छ ।

दर खाने दल खोल्नै पर्छ - खोल्नै पर्छ ।

दरखाने दिन कस्को ? आधा आकाशको - आधा आकाशको ।'

टुँडिखेलबाट निस्किएको जुलुस असन, भोटाहिटी, न्युरोड, पुतलीसडक, बागबजार, दरबारमार्ग, ठमेल, लैनचौर, बालुवाटार, शाषक दरबारको आधा आकाशमुख महोदय निवास, सर्वोच्चको श्रीमान् आधा आकाशको कार्यकक्ष हुँदै

दरभोजमा राता, पहेंला, काला र हरीया बोतलको व्यवस्था पनि थियो । बानी नपरेका र अलि प्रौढ आधा आकाशका लागि मार्फाली मिक्चरहरुको व्यवस्था थियो । जस्ले जति सक्छ त्यति धोक्ने प्रतिष्पर्धा चल्यो । आजको दिन आधा आकाशलाई मापसेमा छुटका लागि सरकारको पुलिस मन्त्रालयबाट ट्राफिक हेडक्वार्टरमा निदेशन गइसकेको थियो ।

महाराजगञ्जको सिङ्गो आकाशका आधापति निवासमा गएर विश्राम लियो । त्यहाँ सिङ्गो आकाशका आधापतिले दरभोजको व्यवस्था गरेको हुनाले जुलुसमा सहभागी सबै आधा आकाश दरभोजमा सहभागी भए । सिङ्गो नेपाली आकाशका राज्यका तीनवटा प्रमुख आधा आकाशले आजको तीन खेपको दरको व्यवस्था गरेका थिए । ब्रेकफास्टको दर श्रीमान् महोदयले लञ्चको दर आधामुख महोदयले र डिनरको दर सिङ्गो आकाशका आधापति महोदयले गर्ने सूचना सम्बन्धित निकायका सूचनाबोर्डले जानकारी गराएका थिए । उक्त दरभोजको समाचार सङ्कलन गर्ने पत्रकारहरू पनि आधा आकाश लिङ्गीहरूलाई मात्र प्रवेशाज्ञा दिइएको थियो ।

दरभोजमा राता, पँहेला, काला र हरीया बोतलको व्यवस्था पनि थियो । बानी नपरेका र अलि प्रौढ आधा आकाशका लागि मार्फाली मिक्चरहरूको व्यवस्था थियो । जस्ले जति सक्छ त्यति धोक्ने प्रतिष्पर्धा चल्यो । आजको दिन आधा आकाशलाई मापसेमा छुटका लागि सरकारको पुलिस मन्त्रालयबाट ट्राफिक हेडक्वार्टरमा निर्देशन गइसकेको थियो । आधापति निवासमा डिनर भोजको दर दरिलै भयो । दर खाँदाखाँदै आधापतिसँग आधा आकाशका माउते नेताहरूले संविधानमा लेख्नु पर्ने भन्दै आफ्ना माग प्रस्तुत गरे । माग यसप्रकार थिए ।

दर मन्त्रालयको व्यवस्था हुनुपर्ने,

एक महिनासम्म दरखाने विदा पाउनु पर्ने,

हरेक सरकारी कार्यालयहरूमा दरबजेट छुट्टाइनु पर्ने,

दरको अवधिभर रत्यौली खेल्ने व्यवस्था हुनु पर्ने,

श्रीमान विदेश गएकाहरूका हरेक आधा आकाशलाई सहरमा बसोवासको व्यवस्था गरिनु पर्ने, तिनका बालबच्चाहरूलाई राज्यले बालआश्रम खोलेर रेखदेख गरिदिनु पर्ने र उनीहरूलाई लाली, पाउडर, क्रिमलगायत सृङ्गारका सामान र गहनाहरूमा विशेष छुटको व्यवस्था गरिनु पर्ने,

रेमिट्यान्समा सुन पनि ल्याउन पाउनु पर्ने,

दरखाने दल खोल्न पाउनु पर्ने र उनीहरूलाई चुनावमा पूर्ण समानुपातिक अधिकार दिइनु पर्ने आदि मागहरू संविधानमा स्पष्ट लेखिनु पर्ने रहेका छन् । यदि संसदबाट विधेयक मार्फत् आफ्ना मागको सुनुवाई नभएमा संविधानको संरक्षक खुद आधा आकाश भएकाले सम्माननीय आधापतिले नै यी मागहरूलाई संविधानको कितावमा टाँसेर भएपनि कानून बनाई लागू गर्न निर्देशन दिनुपर्ने प्रस्ताव पेश गरियो । आधापतिबाट आफू पनि आधा आकाशकै पात्र भएकाले आधा आकाशको पीरमर्का र मर्म बुझेको भन्दै यी मागहरू तत्क्षण पूरा हुने हुकुम बक्स भयो । त्यसपछि सबैले आधापति महोदयसँग सेल्फी हान्ने प्रोग्राम चल्यो । सो अवसरमा आधापतिबाट आफू एकल आधापति भएको र अल्पायुमै एकल हुनु परेको कुरा निकै भावुक भएर राखि बक्स्यो । सहभागी आधा आकाशको जुलुसमा पनि थुप्रै एकल आधा आकाश भएकाले आफूहरूको अविभावक पनि आधापति महोदय नै भएको भन्दै गला अवरुद्ध पार्दै आधापतिको अङ्गालोमा बेरिए । निकैबेर सम्म रुवावासी चल्यो । कसैकसैले सिगान छोड्दै रोए । कोही साँक्क सुँक्क गरे । अन्त्यमा राता, काला र हरिया बोतल खोलेर जस्न मनाइयो । बोतलको पानीले छ्यापाछ्याप गरियो । सबैले एक स्वरमा हुटिङ गरे 'दरम् सत्य अरू मित्थ्या' ।

१८ भदौ २०७३

kailubraha73@gmail.com

# चे ग्वेभारा : अथक छापामार क्रान्तियोद्धा



केशरमणि कटुवाल

पछिल्लो आधा शताब्दीको अवधिमा विश्वको साम्राज्यवादी र सामन्तवादी खेमाको विश्लेषण गर्ने हो भने उनीहरु असाध्यै विवादित, विभाजित र कमजोर बनेको छ। तर क्रान्तिकारी र साम्यवादी शक्तिहरुले त्यसभित्रको अन्तरविरोधलाई सहि ढंगले उपयोग गर्दै एकढिक्का भएर क्रान्ति सम्पन्न गर्नेतर्फ सफलता हात पार्न सकेनन् । सन् १९९० को दशकमा सोभियत संघको विघटनपछि साम्यवादी खेमा झनै कमजोर बन्न पुग्यो । आज साम्राज्यवादी र विस्तारवादी शक्तिलाई हामीले जति मजबुत देखेका छौं, त्यो केबल कागजी बाघ र स्वार्थकेन्द्रमा आधारित छ। तसर्थ आजको युगमा क्रान्ति झनै महत्वपूर्ण र अत्यावश्यक छ । जनयुद्ध, सशस्त्र विद्रोह, र छापामार युद्धको कुरा गर्दा हामीले भुल्नै नसक्ने नाम हो, चे ग्वेभारा।

अर्नेष्टो चे ग्वेभारा एक असल डाक्टर, लेखक, गुरिल्ला नेता, सामरिक सिद्धान्तकार र कूटनीतिज्ञ थिए। जसले दक्षिणी अमेरिकाका धेरै राष्ट्रहरूमा क्रान्ति ल्याए, जागरणको आन्दोलन चलाए, मुक्ति दिलाए र क्रान्ति आइकनको पहिचान बनाएर छोटो समयमा संसारबाट विदा लिन पुगे। मृत्युपछि उनको अनुहार संसारभरका क्रन्तिकारीले आस्थाको रुपमा ग्रहण गर्ने, वामपन्थी गतिविधि र सांस्कृतिक गतिविधिको प्रतिक बन्यो । अर्जेन्टिनामा जुन १४, सन् १९२८ मा जन्मिएका चे यस्ता व्यक्ति हुन्, जसले क्युबाली क्रान्तिमा आफ्नो मुख्य भूमिका निभाए र बोलिभियाको क्रान्तिका क्रममा बलिदान दिए। आज चे ग्वेभारा नामले संसारभरका मार्क्सवादी, क्रान्तिकारीको शिर उचो बनाएको छ र विश्व क्रान्तिको झण्डा फहराईरहने प्रेरणा प्रदान गरेको छ।

**कसरी क्रान्तिकारी बने चे ग्वेभारा ?**

अर्जेन्टिनाको मध्यमवर्गीय परिवारमा जन्मिएका चे परिवारमा तेते नामले बोलाइन्थे । इन्जिनियर बाबुका छोरा चेले बाल्यकालमा आर्थिक रुपमा धेरै संघर्ष गर्नुपरेन तर उनले न्याय, फाँसीवादको विरोध, धार्मिक सहिष्णुता, साहित्यप्रतिको गहिरो रुची, आर्थिक उपार्जन र व्यक्तिगत सम्पत्तिको मोह नराख्नेजस्ता महत्वपूर्ण कुरा घरमै सिके । जसले आफूलाई व्यक्तिगत स्वार्थभन्दा माथि उठाउनसक्छ र सार्वजनिक जीवन जिउने प्रतिबद्धता गर्छ उसले अन्य जस्तासुकै कठिन परिस्थितिलाई पनि जित्नसक्छ। अर्जेन्टिनी 'चे' अर्थात 'हाम्रो' वास्तममै विश्वभरका क्रान्तिकारीका लागि प्रेरणाका स्रोत बन्न पुगे।

दुई वर्षको उमेरमा नै दीर्घरोगी भएका चेको स्कुल जीवन हुन अरुको जस्तो सामान्य हुन सकेन । आत्मविश्वासी, बहुआयामिक र विद्रोही स्वभावका चे मूढी, अनुशासनहिन तर अध्ययनशील थिए । १३ वर्षको कलिलो उमेरमा नै स्कुले जीवन सकेर सन् १९४१ मा डिन फ्यूनस स्टेट कलेजमा अध्ययन गरेका चेले ४ वर्षको कलेज अध्ययन सकेर राजधानी ब्यूनस आयर्सको यूनिभर्सिटीमा मेडिकल विभागमा डाक्टरी पढ्न थाले। उनको परिवारको इन्जिनियर बनाउने चाहाना भएपनि क्यान्सर रोगबाट आफ्नी हजुरआमाको मृत्यु, आमाको क्यान्सरसँगको युद्ध र आफ्नै दम रोगका कारण उनी आफू डाक्टर बन्न चाहन्थे। कहिल्यै राम्रो नम्बर ल्याउनेतर्फ नसोच्ने उनले ६ वर्ष लामो विश्वविद्यालयको पाठ्यक्रम ३ वर्षमै पूरा गरे। घुमन्ते र पढन्ते चेले घुम्दा घुम्दै मार्क्सदेखि फ्रायडसम्मका पुस्तकहरु अध्ययन गरे।

सानै उमेरदेखि नै कमजोर स्वास्थ्य र दीर्घरोगी भएका उनले आत्मविश्वासकै कारण चिकित्सा अध्ययनका क्रममा ल्याटिन अमेरिकाका धेरै देशका अधिकांश स्थानमा पुगे। त्यसबेला ल्याटिन अमेरिकी जनता गरिबी, भोग, रोग र अशिक्षासँग जुधिरहेका थिए । यसले चेको मनमा गहिरो चोट पुऱ्यायो । शारीरिक रोगको उपचार त गर्न सकिएला तर सामाजिक, आर्थिक र राजनीतिक कारणले गरिबी, रोग, भोक र अशिक्षाको रातमा रुमल्लिएका जनतालाई मुक्ति दिलाउनु कठिन कार्य थियो। यसको उपचार कसरी गर्न सकिन्छ भन्ने यक्षप्रश्न उनको मनमा उठ्यो। सोही कठिन कार्यमा आफूलाई जीवनपर्यन्त लगाए।

उनी अध्ययन र पेशाका हिसाबले डाक्टर त बने तर डाक्टर बनेर आफ्नी हजुरआमा, आमा र आफूजस्तै रोगी र दिनदुःखीको सेवा गर्ने जुन उद्देश्य राखे, त्यो आफ्नो जीवनमा लागु गर्ने कि नगर्ने भन्ने कुरा महत्वपूर्ण कुरा थियो। उनले त्यो सामाजिक रोग निको पार्नका लागि रोगको कारण खोज्दै गए। गाउँ गाउँ, बस्ती बस्ती पुगे, त्यसपछि झनै धेरै रोगी भेटे, अमेजन जंगलका रेड-इण्डियन,





आदिवासी बस्ती, पेरुका खेतका किसान, भरिया, ड्राइभरदेखि चिलीका खानीका मजदुरसम्मको जीवन पढे। त्यो समस्याको समाधानका लागि सर्वहारा वर्ग र क्रान्तिकारीको सत्ताको आवश्यकता थियो, क्रान्ति बिना क्रान्तिकारी सत्ता सम्भव थिएन।

अन्तमा उनले निष्कर्ष निकाले कि गरीबी र आर्थिक विषमताको मुख्य कारण पूँजीवाद, नवउपनिवेशवाद र साम्राज्यवाद हो । जसबाट छुटकारा पाउने एकमात्र उपाय हो क्रान्ति । अनुन्धानकर्ता हुन मेडिकल साइन्समा योगदान दिन वा जनतालाई राहत दिन डाक्टर बन्नुभन्दा पनि महत्वपूर्ण कुरो क्रान्तिकारी बन्नु भएको निष्कर्ष निकाल्दै समाज परिवर्तनको क्रान्तिकारी आन्दोलनका यात्री बने।

चे १९५३ मा डाक्टरी पेशा छाडेर बोलिभियाको यात्रामा निस्किए । बोलिभियामा त्यसबेला पूँवीवादी सुधारवादी सरकारले गरेको टिन खानीलाई राष्ट्रिकरण, जमिन आदिवासी किसानहरुमा वितरण गर्नेलगायतका कामबाट उनलाई थप बल दियो । उनले त्यहाँ बस्दा नै क्रान्तिकारी जीवन व्यवहारलाई अनुशरण गरे सोही कारण उनको जीवनको सुरुवात र अन्त्य बोलिभियामा नै भएको मानिन्छ। बोलिभियाको सुधारवादबाट उनी खुसी हुन भने सकेनन्। उनले ल्याटिन अमेरिकी मुक्तिदाता सिमोन बोलिभारको शालिकअघि उभिएर सुधारवादको विरोधमा भाषण गरे र ट्रकमा चढेर पेरुको आदिवासी क्षेत्रतर्फ गए। उनी पछि ग्वाटेमाला पुगे।

ग्वाटेमालाको सुधारवादी सरकारका कारण दुई महिनासम्म अर्जेन्टिनी दूतावासमा शरण लिएर बसेका उनी मेक्सिको गएर मार्क्सवादको अध्ययनमा लागे । त्यहाँ बस्दा नै उनले मार्क्स र लेलिनका रचना र छापामार युद्धका कलाकौशलको अध्ययन गरेका थिए। मेक्सिकोमा रहँदा नै उनको क्युबामा क्रान्तिपछि निर्भासित जीवन बिताइरहेका फिडेल क्यास्ट्रो र राहुल क्यास्ट्रोसँग भेट भयो। त्यसअघि नै उनले क्युवामा अमेरिकापरस्त बाटिस्टा सरकारविरुद्ध क्रान्तिको तयारी भइरहेको बारे क्युबाली डाक्टर निको लोपेजबाट थाहा पाइसकेका थिए। क्यास्ट्रो दाजुभाईसँगको भेटपछि क्युबाको क्रान्तिमा सहभागी भए र नेतृत्वदायी भूमिका निर्वाह गरे । क्रान्ति सम्पन्न भएपछि फिडेल क्यास्ट्रो नेतृत्वको सरकारमा उनी केन्द्रिय बैंकका अध्यक्ष र उद्योगमन्त्री बने।

मन्त्री बनेपनि कहिल्यै भत्ता लिएनन् बरु आफ्नो जीवन गुजार्नका लागि निश्चित समय शारीरिक श्रमदान गरे । अमेरिकाको नाकैपनि साम्यवादी सत्ता स्थापना भएपछि त्यसलाई असफल पार्नका लागि ठूलो षड्यन्त्र भइरहेको थियो । फिडेल क्यास्ट्रोलाई मात्रै ६ पटकसम्म हत्याको षढयन्त्र गरेको अमेरिकाको गुप्तचर संस्था सीआईएले चेलाई पनि सन् १९५४ देखि १९६२ सम्म निरन्तर पिछा गरिरह्यो । फिडेल क्यास्ट्रोलाई क्युबाको क्रान्ति र क्रान्तिपछि उद्योगमन्त्री भएर महत्वपूर्ण सहयोग गरेका चेले क्युबाली समाजवादका लागि अन्तर्राष्ट्रिय समर्थन जुटाउन ठूलो भूमिका खेले।

त्यसपछि मन्त्रीपद छाडेर उनी कंगोमा गएर क्रान्तिका लागि प्रयास गरे। कंगोमा क्रान्तिकारी विचार प्रवाह गरेका उनी त्यसपछि बोलिभियाको क्रान्तिमा समाहित बने। बोलिभियाको क्रान्तिमा लड्दालड्दै पक्राउ परेका चेको ९ अक्टोबर १९६७ मा हत्या भयो। चेको हत्यामा साम्राज्यवादी गुटमा ठूलै खुसियाली भएपनि ल्याटिन अमेरिकाको मुक्ति आन्दोलन, विश्व क्रान्ति र कम्युनिष्ट आन्दोलनमा ठूलो क्षति पुग्यो । उनको शबको तस्बिरसमेत हत्याको ४७ वर्षपछि मात्रै सार्वजनिक गरियो । आज चेका बारेमा लेखिएका दर्जनौं पुस्तकमार्फत उनको क्रान्तिकारीता र छापामार कलाकौशल तथा चेद्वारा लिखित गुरिल्ला युद्धका नियम पुस्तकमार्फत उद्घाटित भइसकेको छ। छापामार युद्धका नियमहरु प्रशस्तै पढ्न पाइन्छ।

क्युबाको शान्ता क्लारामा चेले बन्दुक उठाएको भव्य शालिक निर्माण भएको छ। क्युबाको क्रान्ति र क्रान्तिपछिको स्थायित्वका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका चेको सम्झनामा हरेक वर्ष अक्टोबर ९ तारिखका दिनलाई त्यहाँको सरकारले 'हिरोइक गुरिल्ला डे' को रुपमा मनाउने गरेको छ। चे २० औं शताब्दीका विश्वका शक्तिशाली र महत्वपूर्ण व्यक्तिको रुपमा साम्राज्यवादी कित्तामा समेत दरिएका थिए भने क्रान्तिकारी आन्दोलनभित्र क्रान्ति नायक हुन्।

**चेको महान सपना**

प्राकृतिक र सांस्कृतिक सम्पदाको धनी ल्याटिन अमेरिका लामो समयसम्म स्पेनिस साम्राज्यवादको उपनिबेशको रुपमा रह्यो। स्पेनिस उपनिबेश र स्पेनिस उपनिबेशपछि पनि अमेरिकी प्रभावमा रहेका ल्याटिन अमेरिकी देशमा निरन्तरको दमन, उत्पीडन र नवउपनिवेशको शोषणमा परेका मात्रै थिएनन् असमानताको उदाहरण पनि बनेका थिए। सिमोन बोलिभारले स्पेनिस साम्राज्यवादबाट मुक्ति दिलाए । चे समग्र दक्षिण अमेरिकालाई साम्राज्यवादबाट मुक्ति दिलाउने अभियानका साथ क्रान्तिमा लागेका थिए। दक्षिण अमेरिकी देशहरु ब्राजिल, अर्जेन्टिनाजस्ता ठूला देशमा वामपन्थी सरकार स्थापना भएपछि त्यसले अमेरिका र ल्याटिन अमेरिकाबीचको सम्बन्धमा ठूलो प्रभाप पऱ्यो।

ब्रिक्समा सामेल ब्राजिलले अमेरिकी एकाधिकार बजारमूल्यलाई ठूलो चुनौती दियो। अमेरिकी साम्राज्यवादलाई ल्याटिन अमेरिकी जागरणको आन्दोलनले ठूलो धक्का दिन सफल भयो । सोही कारण अहिलेपनि अमेरिकाले ल्याटिन अमेरिकी देशमा वामपन्थी सरकार ढलाउन र आफ्ना कठपुतली सरकार निर्माणका लागि षढ्यन्त्र गरिनै रहेको छ। ल्याटिन अमेरिका, क्यारेबियन क्षेत्रका जनतामाझ चे ग्वेभारा लोकप्रिय नाम हो । उनको अल्पकालीन सशस्त्र विद्रोहपछि सत्ता कब्जा गर्ने कार्यनीतिक सोच सबै देशमा पूरा हुन सकेन। क्युबा र निकारागुवामा यो योजना सफलतापूर्वक कार्यन्वयन भयो। अझैपनि कतिपय ल्याटिन अमेरिकी देशमा वामपन्थी सत्ता कायम छ । तर, सिंगो ल्याटिन अमेरिकालाई साम्राज्यवादको प्रभावबाट मुक्त बनाउने चेको सपना भने अझै पूरा हुन सकेको छैन।

अन्त्यमा, सोभियत संघको विघटनपछि पनि वर्तमान समयमा साम्राज्यवाद बहुध्रुवमा विभाजित छ। सुरुवातमा नै भनिसकिएको छ की आज साम्राज्यवादी एकछत्र रुपमा बलियो बनेका होइनन्, बरु क्रान्तिकारी र समाजवादी आन्दोलन कमजोर बन्न पुगेका कारण साम्राज्यवाद कागजी बाघका रुपमा स्थापित भएको मात्रै हो। चीनले दीर्घकालीन जनयुद्धको माध्यमबाट क्रान्ति सम्पन्न गर्न सफल भयो । रसियाले सहरी विद्रोहमार्फत समाजवादी सत्ता स्थापना गऱ्यो । नेपालजस्ता तेस्रो विश्वका कतिपय देश आजपनि संक्रमणकालीन राज्यव्यवस्थाबाट गुज्रिरहेका छन् । यी देशहरुमा साम्राज्यवाद, विस्तारवादसँगै क्रान्तिकारी आन्दोलनका कतिपय व्यक्तिहरु लतारिन पुग्दा यसको गरिमामाथि धक्का पुगेको छ । सामन्तवादी र साम्राज्यवादीहरुले मुक्ति र परिवर्तनको आन्दोलन, गरिबी, रोग, भोक, प्रताडना, र सामाजिक न्यायका लागि भएका हरेक आन्दोलनलाई अपराधका रुपमा व्याख्या गर्ने गरेका छन् । कतिपय क्रान्तिकारी शक्ति त्यसलाई प्रतिवाद गर्न नसकी साम्राज्यवादी, विस्तारवादी र नवसंशोधनवादीका पुच्छर बन्न पुगेका छन्।

नेपालमा नयाँ जनवादी क्रान्ति पूरा गर्ने अठोटका साथ सुरु भएको जनयुद्धलाई बिचमा नै सम्झौता मार्फत समाप्तीको घोषणा गरेर प्रचण्डसहितका कतिपय नेताहरु प्रतिक्रियावादी सत्ताका एजेन्ट बन्न पुगेका छन् भने जनयुद्धमा क्रान्तिकारी जनपरिषद्को संयोजक समेत रहेका डा.बाबुराम भट्टराई मार्क्सवादलाई नै छाडेर भागेका छन्। माओवादी केन्द्र वामपन्थी खोलको दक्षिणपन्थी प्रवृत्तिको परिणाम हो भने बाबुरामको नयाँ शक्ति खुल्लमखुल्ला प्रतिक्रियावादी बिजातीय प्रवृत्तिको झुण्ड हो। जसले मार्क्सवाद, वैज्ञानिक समाजवाद, कम्युनिष्ट आन्दोलनको पवित्रता, सामाजिक न्याय र समतामूलक समाज निर्माण र विकासको वृहत अवधाराणालाई धान्न सक्दैनथ्यो। त्यसले सुरुमा नै आफ्नो पहिचान प्रष्ट पारेर क्रान्तिकारी आन्दोलनलाई ठूलो फाइदा नै पुऱ्याएको छ।

रुस र चीनको समाजवादी क्रान्ति, क्युवा, उत्तर कोरिया, भियतनाम लाओसजस्ता देशका समाजवादी राज्यव्यवस्था, बोलिभिया, निकारागुवा, भेनेजुएलामालगायत दर्जनौ देशमा रहेका वामपन्थी र समाजवादी सरकारले आज पनि साम्राज्यवादीको मुटुमा ड्याङ्ग्रो बजाइरहेका छन्। चे तीनै व्यक्ति हुन् जसले २० औं शताब्दीमा साम्राज्यवादलाई दिनमा भोक र रातमा निद्रा लाग्न दिएनन् । एक अथक छापामार योद्धा चेका बारेमा थुप्रै फिल्म निर्माण भएका छन् । चे ग्वेभारा जीवन पर्यन्त क्रान्तिकारी भएर रहे । अदम्य साहस, निरन्तरको संघर्ष, क्रान्तिकारी आन्दोलनप्रतिको अटुट आस्था र इमान्दारिता, मार्क्सवादी विचारधाराका कारण आज उनी क्रान्तिकारी पंक्तिमा स्थापित छन् । उनलाई साम्राज्यवादले कहिल्यै पनि सुखले बस्न दिएन । उनले गरेको संघर्ष आज पनि करोडौंको प्रेरणाको स्रोत हो । मार्क्सवादबाट प्रशिक्षित उनी सबैभन्दा प्रसिद्ध विचारक-योद्धा समेत हुन् । उनी बुद्धि र साहसको अनौठो संयोग भएका सर्वहारा वर्गका प्रतिनिधि, विश्व क्रान्तिका छापामार योद्धा, डाक्टर, लेखक, गुरिल्ला नेता, सामरिक सिद्धान्तकार र कूटनीतिज्ञ हुन्। उनले छाडेको एउटै सन्देश क्रान्ति, निरन्तर क्रान्ति र जीवन पर्यन्त क्रान्ति हो।

# सिर्जनात्मक लडाइँको नयाँ मोर्चा खोलौं !


राजबहादुर कुँवर

पुरानो सत्ताको विघटनका लागि दुईप्रकारको सेनाको खाँचो पर्दछ । एउटा सशस्त्र सेना र अर्को सांस्कृतिक सेना। जनयुद्धको प्रक्रियामा सशस्त्र सेना र सांस्कृतिक सेनाको विकास परिपुरक थिए। अपितु जनसेनालाई क्यान्टोनमेन्टमा थन्काइएपछि सांस्कृतिक सेनाको भूमिका गुणात्मक ढंगले बढेपनि त्यो पहिचान हुन सकेन । सांस्कृतिकर्मीहरुमा हुनुपर्ने यथार्थको सौन्दर्यवोध, समयचेतना र रुपान्तरणप्रतिको निष्ठामा समस्याहरु देखिए । जनसत्ता र नयाँ संस्कृतिका मानकहरु होइन कि वुर्जुवा संस्कृतिका मानकहरु आन्दोलनमा हावी हुन गए। यो सानो आलेखमा पुराना मानकहरु कसरी हावी भइरहेको तथ्यलाई चाडपर्व र बजारबाट टिप्पणी गरौं ।

आमूल परिवर्तनार्थ लड्ने कुनै पनि कम्युनिष्ट पार्टीहरुको सांस्कृतिक चाडपर्वहरुसम्बन्धी नीति के हो ? अझ पनि प्रष्ट छैन। सामान्ती उत्पादन सम्बन्ध र तिसँग जोडिएका हरेक चाडपर्वमा धर्मको कथा जोडिएको छ । श्रम संस्कृतिबाट विकसित चाडपर्वहरुले पनि धार्मिक आवरण प्राप्त गरेका छन् भने अर्कोतिर प्रत्येक सांस्कृतिक पर्वहरुलाई बजार र उपभोक्ताबादले गाँज्दै गएको छ । तीजमा साडी कम्पनीहरु, दशैमा मोटरवाइक र पेन्टस कम्पनीहरु, तिहारमा पटका कम्पनीहरु जति जागृत हुन्छन्, त्यतिकै मात्रामा पर्वहरुलाई उपभोक्तावाद र बजारले कब्जा गरिरहेको छ । बजारमा माल विक्रीका लागि परम्परागत चाडपर्वहरुको व्यापक उपयोग र दोहन वित्तिय र व्यापारिक कम्पनीहरुले गरिरहेका छन् ।

आधुनिकीकरणका नाममा सांस्कृतिक मौलिकतामाथि हस्तक्षेप गर्ने बजारको उद्देश्य यो हो कि कुनै पनि संस्कृति माल उत्पादनका साधन हुन् । बजारले दशैलाई हिन्दूहरुको चाड वा इद मुवारकलाई मुस्लिमहरुको चाडको अर्थमा मात्र हेर्दैन, त्यसले त ति धार्मिक जनसमुहलाई उपभोक्ताको रुपमा हेर्दछ । उपभोक्तावादको शिकार बनेका सांस्कृतिक पर्वहरु नयाँ नयाँ समुदायमा फैलिरहेका छन् । मस्टो मान्नेहरुको बीचमा तीज, होली पर्व फैलिरहेका छन् भने मुस्लिमहरु पनि दशै, तीजबाट प्रभावित बनिरहेका छन् । यो सांस्कृतिक अन्तरसम्बन्धको अभिवृद्धिले सांस्कृतिक सद्भावलाई नयाँ स्तरमा उठाइरहे पनि प्रत्येक पर्वसँग जोडिएको अन्तचेतना, धार्मिक कथा र गीतसंगीतको स्वरुप र प्रकृतिको नयाँ ढंगले प्रारुपीकरण नयाँ संस्कृतिका पक्षपोषकहरुले गर्न सक्नु पर्दछ ।

उदाहरणका लागि तीज पर्वमा शिव पार्वतीको कथा गाइन्छ । के क्रान्तिकारी महिला संगठनहरु र कम्युनिष्ट पार्टीहरुले तीजलाई मुक्तिको गाथासँग जोड्न सक्दैनन् ? सशस्त्र संघर्षको इतिहासमा कोइली देवी थारुको किसान विद्रोहका क्रममा भएको बलिदान वा सर्वहारावर्गको राज्यसत्ता निर्माणको लागि सशस्त्र प्रहरीबाट हतियार खोस्ने माल्कोट प्रतिरोधको गाथालाई जोड्न सक्दैनन् ? किन क्रान्तिकारीहरुले घोषित गरेका आफ्ना पर्वहरु निरस देखिन्छन् । मे दिवसभन्ने वित्तिकै नारा जुलुस, इच्छुक स्मृति दिवस भन्ने वित्तिकै कविता बाचनभन्दा सिर्जनात्मक हुन सकिरहेको छैन । जनयुद्ध दिवसलाई महान् पर्वका रुपमा किन मनाइदैन ? विभाजित माओवादीका घटकहरुले एकले अर्कोलाई गाली गर्ने पर्वमा किन फेरिरहेका छन् ?

सांस्कृतिक प्रतिमानहरुको निर्माण र स्थापना गर्न समय र सत्ताको खाँचो हुन्छ । सर्वहारा क्रान्तिका पर्वहरुलाई स्थापित गर्न नसक्नुमा कम्युनिष्ट क्रान्ति र सत्तामा भएको विघटन र विचलन नै प्रमुख कारण हो । एउटा क्रान्तिकारी र एउटा दक्षिणपन्थीले कृष्ण सेन इच्छुकलाई एउटै मानक विम्वमा सोच्नै सक्तैन । युद्धकालीन जनसत्ताले भव्यतापूर्वक मनाउने फागुन एक, सहिद सप्ताह, चैत्र ५ सानो हिस्साका कर्मकाण्डमा फेरिएका छन् । यसकारणले कुनै पनि पर्वको व्यापकताका लागि त्यस यथार्थको मूल्यवोध गर्ने सत्ताको आवश्यकता रहन्छ । सयौं वर्षको सामन्ती धार्मिक सत्ताद्धारा स्थापित पर्वहरुको बीचमा नयाँ पर्वहरुको घोषणाले कुनै अर्थ राख्दैन । संयुक्त राष्ट्र संघले घोषणा गर्ने पानी दिवस, विउ दिवस वा खाद्य दिवसहरु उत्पीडित मुलुकका शासकहरुले खुरुखुरु मनाइरहेका छन्, अपितु जनसमुहका बीचका हज्जारौं उत्सव र पर्वहरु छन्, ती सांस्कृतिक दृष्टिले व्यापक हुन सकिरहेका छैनन् । उदाहरणका लागि जुम्लामा नयाँ कृषि क्यालेन्डरका रुपमा मनाइने कोइरापर्व फैलिन सकिरहेको छैन । जुम्लाकै शासकले स्थापित गरेको भैलो व्यापक फैलिएको छ । यसकारण के कुरा प्रष्ट छ भने नयाँ सत्ता विना नयाँ संस्कृति स्थापित हुनै सक्दैन ।

कुनै पनि भौतिक सत्ताले वैचारिक र सांस्कृतिक सत्ताको निर्माण गर्दछ । अदालत, कानुन, सांस्कृतिक पर्वहरुले सत्ताको वैचारिक मानकहरुलाई आदर्शीकरण गर्दछन् । पुरानो सत्ताले आफ्नो बैचारिक, सांस्कृतिक आदर्शलाई बचाउन जनसमुहमा सवैभन्दा बढि स्थापित पर्वहरुको सहयोग लिन्छन् । पृथ्वी नारायण शाहले खस भाषा, संस्कृति र सभ्यतालाई नेपाल एकीकरण र सामन्ती सत्ताको दिघार्युको लागि उपयोग गरे । खस साम्राज्यका संस्थापक नागराजले तिब्बतमा शासन गर्नका लागि बुद्ध धर्मलाई स्वीकारे । यसरी जनसमुहमाथि शासन गर्नका लागि बढिभन्दा बढि जनसमुहको धर्म, संस्कृति र सभ्यताको उपयोग गर्नु शासकहरुका लागि बाध्यता हो भने जनसमुहको संस्कृतिलाई विकास गर्नु जनसंस्कृतिकर्मीको दायित्व हो ।

नेपालका सांस्कृतिक पर्वहरु धार्मिक आवरणवरित छन् । तिनको धार्मिक आवरणलाई च्यातिदिने हो भने ति पर्वहरुको मूल्य श्रम र उत्पादनसँग जोडिन्छ । साकेला पर्व होस् वा वारुवा पर्व ? भूमि पुजा होस् वा माघी ? ति सवैको कृषि उत्पादन पद्धतिसँग सम्बन्ध रहेको पाइन्छ । जुम्लाको चैत १२ गते मनाईने बारुवा पर्व कालीमार्सीसँग र थारुहरुको नयाँ वर्ष वा माघीको वार्षिक कृषि उत्पादन, श्रम र समाज व्यवस्थापनसँग अन्तरसम्बन्ध छ । यसरी संस्कृतिको निर्माणमा पनि प्राकृतिक आर्थिक उत्पादन पद्धति निकै जिम्मेवार रहेको छ ।

आर्थिक उत्पादन सम्बन्धको विकास र भूमण्डलीकरणको प्रभावले कुनै पनि संस्कृतिको मौलिकता नष्ट हुँदै गइरहेको छ । साम्राज्यवादले अंग्रेजी नै श्रेष्ठ भाषा, अंग्रेज सभ्यता नै श्रेष्ठ सभ्यता, इसाइ धर्म नै श्रेष्ठ धर्मको ढोंग पिटिरहेको छ । यस्तो परिस्थितिमा नेपाली भाषा, सभ्यता र संस्कृतिका मौलिक प्रतिमानहरुको रक्षा र जगेर्ना गर्न जनसंस्कृतिककर्मीको सवैभन्दा ठूलो भूमिका रहन्छ । सांस्कृतिक उपनिवेश र उपभोक्तावादबाट जोगाउँदै सांस्कृतिक मौलिकताको जगेर्ना हुनु जरुरी छ । सांस्कृतिक मौलिकताको नाममा रुढिहरुको रक्षा गर्नुभने हुँदैन । संस्कृति पनि सामाजिक परिस्थितिको फेरवदलसँगै विकसित र हस्तान्तरित हुन्छ ।

अर्कोतिर सुपरस्टार कल्चर र विज्ञापन संस्कृति आक्रामक छन् । सुपरस्टार कल्चर पनि पुँजी बजारकै उत्पादन हो भने विज्ञापन पनि सुपर व्यापारकै अंग हो । सुपरस्टार अलिबढि चत्रचित्रसँग र विज्ञापन औधोगिक उत्पादनहरुको प्रवर्द्धनात्मक कार्यसँग जोडिएका अवधारणा हुन् । यी कल्चरका नयाँ आयामहरु प्रविधिको विकाससँग सम्बन्धित छन् । यी दुइटै संसारका मानिसहरुको सोच र चिन्तन कस्तो निर्माण गर्ने भन्ने साम्राज्यवादी उपनिवेशवादी संस्कृतिका बलिया साधनहरु हुन् । तिनको नजानिदो गरी प्रत्येक मानिस शिकार बनिरहेका छन् ।


यो टिप्पणीको सुरुमै सांस्कृतिक सेनाबाट प्रारम्भ गर्नुको मक्सद के हो भने नेपाली सामाजिक रुपान्तरणको इतिहासमा शान्तिकालका दश वर्ष सांस्कृतिक रुपान्तरणबाट हेर्दा दुखदायी रहेका छन् । क्रान्तिकारी संस्कृति अवलम्वन गरिरहेका योद्धाहरु नै पुरानो सत्तालाई आदर्शीकरण गर्ने संस्कृतिसँग अभ्यस्त र पोख्त भइसकेका छन् । सहिदहरु पितृमा फेरिएका छन् र उपन्यासमा भूतका रुपमा सहिद चित्रण हुने दुदर्शा सुरु भैसकेको छ । सांस्कृतिक चेतना, समयवोध संकटग्रस्त छ । नयाँ सत्ता, नयाँ सांस्कृतिक आन्दोलनका लागि नयाँ विचारले लैस सांस्कृतिक सेना निर्माण गर्नुको कुनै विकल्प छैन । त्यो सांस्कृतिक सेनाले साम्राज्यवादी औपनिवेशिक संस्कृतिलाई परास्त गर्दै राष्ट्रिय मौलिक संस्कृतिको रक्षा एवम् नयाँ संस्कृतिको विकास गर्न सक्नु पर्दछ । आखिर यो नयाँ संस्कृतिको लडाइँ पनि नयाँ विचारधारात्मक मात्र होइन नयाँ सत्ता निर्माणकै लडाइँ नै हो ।

नयाँ सांस्कृतिक सेनाको महत्व भनेको बैचारिक महत्व हो । जनयुद्धकालबाट हेर्ने हो भने विचारधारात्मक र सिर्जनात्मक लडाइँ निकै कमजोर अनुभूति हुन्छ । अपितु पेचिलो र गम्भीर छ । सांस्कृतिक सेना वैचारिक फौज हो, जो सिर्जनाका माध्यमबाट लड्छ। साथीहरु सिर्जनात्मक लडाइँको नयाँ मोर्चा खोल्न ढिलो भइरहेको छ । पुरानो सत्ताको विघटनका लागि नयाँ मूल्यको लडाइँ लडौं ।

कविता

## युग युग बाँची दिन्छु

■ पुष्पगा]kfn
>]i7



तिम्रो मायामा पलाएको
तिम्रै स्नेहमा फस्टाएको
म त लालीगुराँस हुँ
धर्ती भरी फुली दिन्छु
आकाश भरी छाई दिन्छु
तिम्रो चाहनालाई
जीवित राख्न
म मरेर पनि बाँची दिन्छु ।

तिम्रो कोमल हृदयको
ममताभित्र उब्जेको
म त सगरमाथा हुँ
शोषित पीडित जनको
दु:ख पीडामा
पग्लिएर
मुक्ति र स्वतन्त्रताको
गीत गुणगुनाइ हिड्छु
तिम्रो चाहनालाई
जीीित राख्न
तिम्रै चिनारीका साथ
युग युग म बाँची दिन्छु ।

तिम्रो शितल छहारीको
शितल पवन यो
सन्देश हो विश्व शान्तिको
खलबल्याउन खोज्छ जस्ले
मुन्टयाइ दिन्छु म, त्यस्लाई
जन-क्रान्तिको ज्वाला मुनी
तिम्रो चाहनालाई
जीवीत राख्न
तिम्रै चिनारीका साथ
युग युग म बाँची दिन्छु ।
२०४५/०२/०४

## मालेमावादको ...

मार्क्सवाद र विद्रोह (१९१७, समाजवाद), अप्रिल थेसिस (१९१७, समाजवाद), सर्वहारा अधिनायकत्वको युगमा अर्थनीति र राजनीति (१९१९, अर्थशास्त्र), वामपन्थी साम्यवाद : एक बालरोग (१९२०, समाजवाद)

स्तालिन- मार्क्सवाद र जातीय सवाल (१९१६, समाजवाद), सर्वहारा समाजवाद, लेनिनवादका आधारहरू, मार्क्सवाद र राष्ट्रिय प्रश्न, द्वन्द्वात्मक भौतिकवाद, माओत्सेतुङ- चिनियाँ समाजमा वर्गविश्लेषण (१९२६, अर्थशास्त्र), चीनमा लालराजनीतिक सत्ता किन कायम हुनसक्छ (१९२८, समाजवाद), चिङकाङ पहाडमा संघर्ष (१९२८, समाजवाद), व्यवहारबारे (१९३७, दर्शन), अन्तर्विरोधबारे (१९३७, दर्शन), दीर्घकालीन युद्धबारे (१९३८, समाजवाद), युद्ध र रणनीतिका समस्याहरू (१९३८, समाजवाद), नौलो जनवादबारे (१९४०, समाजवाद), हाम्रो अध्ययनलाई सुधारौं (१९४१, समाजवाद), पार्टीको कार्यशैली सुधार गर (१९४२, समाजवाद), जनताको जनवादी अधिनायकत्वबारे (१९४५, समाजवाद), दश प्रमुख सम्बन्धबारे (१९५६, समाजवाद), जनताबीचका अन्तर्विरोधहरूको सही सञ्चालनबारे (१९५७, दर्शन), आधारभूत कार्यनीतिहरू र छापामार युद्धबारे, सही विचार कहाँबाट आउँछ, (१९६३, दर्शन), दुई लाइन संघर्षका दश ठूला संघर्षहरू (१९७१), द्वन्द्वात्मक भौतिकवादबारे (दर्शन) मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन, माओत्सेतुङ्ग लगायत विश्व सर्वहारावर्गका महान नेता तथा गुरूहरूले माथि उल्लेखित मार्क्सवादी रचनाहरू लेखेर विश्वसर्वहारा वर्गको हातमा सुम्पिनु भयो । हामीसीत अहिले प्राप्त छन् । तर महान रचनाहरूको हामीले वैज्ञानिक (द्वन्द्वात्मक) पद्धतिका आधारमा अध्ययन गऱ्यो भने मात्र सही ढङ्गले बुझ्न र ग्रहण गर्न सक्छौं र जीवन व्यवहारमा लागू गर्न सक्ने छौं ।

### मालेवादका अध्ययनका अन्य तरिकाहरू

मालेमावादको अध्ययन गर्ने दुइवटा तरिकाहरू छन् जस्तै :

(१) स्वअध्ययनको तरिका (२) पार्टी स्कूलिङ्गको तरिका

(१) स्वअध्ययनको तरिका:- यो नै मालेमावाद लगायत सबै चीजको अध्ययन गर्ने पहिलो माध्यम हो । जो बढि जिज्ञाषु छ, जसले बढि भन्दा बढि नयाँ नयाँ चीजको खोजी गर्ने, त्यसबारेमा गहिरो गरि अध्ययन गरेर नयाँ नयाँ निष्कर्ष कोसिस गर्दछ, त्यसमा स्वअध्ययनले ठूलो मद्दत गर्दछ । यस भौतिक जगतमा विगतदेखि अहिलेसम्म जो ठूलाठूला वैज्ञानिक, अन्वेषक र अनुसन्धानकर्ताहरूले नयाँ नयाँ चीजको पत्ता लगाएका छन् आविष्कार गरेका छन्, उनीहरूले पहिलो नम्बरमा स्वअध्ययनलाई जोड दिएको पाइन्छ । यसका लागि भित्री तथा बाह्य वातावरण निर्माण गर्ने पाटो त अलग हुन सक्छ ।

ठूला ठूला दार्शनिक तथा विद्वानहरूले नयाँ नयाँ सिद्धान्तको खोजी र प्रतिपादन गर्ने कार्यमा पनि स्वअध्ययनलाई बढि जोड दिएको पाइन्छ । वैज्ञानिक साम्यवादका प्रवर्तक कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले पनि मार्क्सवादको प्रवर्तन गर्ने महान कार्यमा स्वअध्ययनलाई नै बढि जोड दिएको हामी पाउदछौं । लेनिन, स्टालिन, माओ लगायत विश्व सर्वहारावर्गका महान नेताहरूले पनि आफ्नो मार्क्सवाद सम्बन्धी ज्ञानभण्डारलाई फराकिलो पार्ने पहिलो सर्तमा स्वअध्ययनलाई बढि महत्त्व दिएको हामी पाउदछौं ।

अतः जो बढि जिज्ञाषु छ उनले नै स्वअध्ययनको माध्यमबाट आफ्नो ज्ञानभण्डारलाई समृद्धशाली बनाउन समर्थ हुन्छ ।

(२) **पार्टी स्कूलिङको तरिका** :

मार्क्सवाद-लेनिनवाद-माओवादको अध्ययन गर्ने दोश्रो तरिका वा माध्यम भनेको पार्टी स्कुलिङ्गको तरिका हो । यो तरिका बढि प्रयोगात्मक, अन्तक्रियात्मक र व्यवहारिक खालको पनि हुन्छ । विगतदेखि नै विश्वभरका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले पार्टी स्कुलिङ्ग विभाग वा अन्य कुनै निकाय खडा गरेर त्यसकै माध्यमबाट अध्ययनको निश्चित पाठयक्रमको निर्धारण, खास गरि दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवाद सम्बन्धि विषयहरू समावेश गरेर, निश्चित प्रशिक्षार्थी संख्याको निर्धारण, निश्चित स्तर र निश्चित समयको निर्धारण गरेर मार्क्सवाद अर्थात मालेमावादको अध्ययन, अध्यापन गराउदै आएको पाइन्छ । लेनिन, माओ र विश्वका अन्य कम्युनिष्ट पार्टीका नेताहरूले आ-आफ्नो पार्टी भित्र स्कूलिङ्ग विभाग खडा गरेर मार्क्सवाद लगायत आवश्यक पर्ने विविध विषयहरूमा आफ्ना नेता कार्यकर्ताहरूलाई अध्ययन र स्कूलिङ्ग गरेका थिए । चीनको कम्युनिष्ट पार्टीले अहिले पनि व्यवस्थित रूपमा स्कूलिङ्ग सञ्चालन गरिरहेको छ ।

### मालेमावादको रक्षाको प्रश्न

मालेमावादको अध्ययन गर्ने नाममा विभिन्न रूपरंग धारण गरेका तमाम प्रकारका अवसरवादी, विसर्जनवादी तथा संशोधनवादीहरूले मालेमावादको अपव्याख्या गर्ने, मालेमावादको अन्तर्वस्तुको तोडमोड गर्दै आएका छन् । यस विषयमा सच्चा मालेमावादी क्रान्तिकारीहरूले सावधानी अपनाउन जसरी हुन्छ ।

मार्क्सवादको सिर्जनात्मक प्रयोगका नाममा तमामखाले अवसरवादी तथा विसर्जनवादीहरूले मालेमावादको अपव्याख्या गर्ने मालेमावादको अन्तरवस्तुहरूको तोडमोड गर्ने कार्य गर्दै आएका छन् । नेपालमा पनि मदन भण्डारीले मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्ने भन्दै नयाँ जनवादमा "बहुलवाद" घुसाएर नयाँ जनवादी क्रान्तिको कार्यक्रमको ठाउँमा पूँजीवादी संसदवादी "जनताको बहुदलीय जनवाद" पारित गराएका थिए । त्यस्तै मालेमावादको अध्ययन गर्ने नाममा डा. बाबुराम भट्टराईले "आजको मार्क्सवाद र साम्राज्यवाद" भन्दै समग्र मालेमावादका अन्तर्वस्तुहरूको तोडमोड गर्दै आफैं मालेमावादबाट विसर्जित हुन पुगेका छन् ।

मार्क्सवादको अध्ययनका नाममा मालेमावादलाई नै तोडमरोड गर्ने अवसर बदीतथ सारा संशोधनवादीहरूबाट मालेमावादको रक्षा गर्न जरूरी हुन्छ । मालेमावादको रक्षा, विकास र प्रयोग त दुइलाइन संघर्ष र भीषण वर्ग संघर्षको माध्यमबाट मात्र गर्न सकिन्छ ।

सिद्धान्तको वास्तविक विकास त्यसको सिजनशील प्रयोगमा आधारित हुने कुरालाई भुल्नु हुदैन । सिद्धान्तको प्रयोग यान्त्रिक रूपमा होइन, हरेक देशको ठोस परिस्थिति, विशिष्टता र मौलिकतामा आधारित हुनु पर्दछ । अतः कुनै पनि मुलुकमा सिद्धान्तको प्रयोग गर्दा यान्त्रिकता र अध्यानुकरण नभई सिर्जनशीलता र सम्बन्धित देशको विशिष्टतामाथि ध्यान दिनु पर्ने हुन्छ । विदेशी प्रतिनिधिहरुसित कुराकानी गर्ने सिलसिलामा चिनी क्रान्तिका अनुभवहरुमाथि ध्यान दिँदै माओत्सेतुङले अगाडि भन्नु हुन्छ- "चिनी क्रान्तिको अनुभव अर्थात् ग्रामीण आधार इलाकाहरुको निर्माण गाउँबाट सहरलाई घेर्ने र पूर्ण रुपमा शसहरुमाथि कब्जा गर्ने काम तपाईंहरुमध्ये धेरैजसो मुलुकहरुमा लागु नहुन सक्छ । यद्यपि यसले तपाईंहरुलाई सन्दर्भका रुपमा काम दिन सक्छ । म तपाईंहरुलाई चिनिया क्रान्तिका अनुभवहरुलाई यान्त्रिक रुपमा नक्कल नगर्न सल्लाह दिन चाहन्छु । कुनै विदेशी मुलुकको अनुभवको केवल सन्दर्भको रुपमा काम दिन सक्छ र त्यसलाई जडसूत्रका रुपमा ग्रहण गर्नु हुँदैन । मार्क्सवाद-लेखिनवादको सर्वाभौम सत्य र तपाईंहरुका आफ्नै देशहरुका ठोस परिस्थितिका बीचमा एकरुपमा कायम हुनुपर्दछ ।" (८) हाम्रो देशको लागि माओको यी भनाइहरु बढी मननयोग्य छन् । मार्क्सवादको सिर्जनात्मक प्रयोग र सैद्धान्तिक विकासका लागि द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादलाई दृढतापूर्वक अवलम्बन गर्नु पर्दछ ।

हामीले अध्ययन गर्नु पर्ने कुन कुरा महत्त्वपूर्ण हो भन सिद्धान्तको संशोधन र परित्यागको परिघटनालाई (जस्तो बाबुराम भट्टराईले मार्क्सवादको परित्याग गरेको घटनालाई पनि उदाहरणमा लिन सकिन्छ । सामान्य अर्थमा होइन, संशोधनवादी परिघटनाका अर्थमा ग्रहण गर्नु पर्ने हुन्छ । यस प्रकारको संशोधनवाद दक्षिण, मध्य र उग्र जुनसुकै रूपमा पनि देखा पर्न सक्छ । यहाँनेर हामीले जान्ने पर्ने कुरा के हो भने आजको साम्राज्यवाद र सर्वहारावर्ग बीचको भीषण संघर्षको युगमा संशोधनवाद खुला रूपमा भन्दा छदम रूपमा प्रकट हुने गर्दछ । जस्तो एमाओवादी हुदैं माओवादी केन्द्रसम्म आइपुग्दा प्रचण्ड रूपी छदम संशोधनवादलाई उदाहरणको रूपमा लिन सकिन्छ । कुरा क्रान्ति गर्ने तर व्यवहार प्रतिक्रान्तिकारी गर्नेलाई छद्म संशोधनवादी भनिन्छ ।

अतः मार्क्सवादको विकास संघर्षका बीचबाट हुने गर्दछ । त्यसो भएर नै मार्क्सवादी दर्शनलाई संघर्षको दर्शन भनिन्छ । यी माथि उल्लेखित विषयवस्तुहरूको अध्ययन हामीले वैज्ञानिक (द्वन्द्वात्मक) पद्धतिको आधारमा अध्ययन गर्दै अगाडि बढ्यो भने हामीले यी चीजलाई सही ढंगले पकडन सक्छौं र ठिक ठाउँमा पुग्न सक्छौं ।

### निष्कर्ष

अध्ययन ज्ञान प्राप्तिको मुख्य साधान हो । ज्ञान व्यवहारबाट शुरू हुन्छ र व्यवहारमै फर्कन्छ । अर्थात व्यवहारिक अनुभव नै ज्ञान प्राप्त गर्ने अर्को साधन हो । त्यसका लागि ऊ प्रत्यक्ष श्रममा अर्थात व्यवहारमा जानु पर्दछ । त्यसो भएर यस विषयमा माओत्सेतुङ अगाडि भन्नु हुन्छ- "जो व्यक्ति आफ्ना आँखाहरू चिम्लने गर्छन्, आफ्ना कानहरू बन्द गर्छन् र आफूलाई वस्तुगत संसारबाट पूरै अलग गर्छ, उसले कुनै ज्ञान प्राप्त गर्न सक्तैन । ज्ञान अनुभवबाट शुरू हुन्छ- यो नै ज्ञान सिद्धान्तको भौतिकवाद हो । (९)

हामीले मालेमावादको वैज्ञानिक ढङ्गले अध्ययन नगरिकन ठोस परिस्थितिको ठोस विश्लेषण गर्न सक्तैनौं । हामी अहिलेसम्म पनि अर्धसामन्ती र नव उपनिवेशिक देश नेपालमा महान् नेपाली नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने ऐतिहासिक अभिमारा बोकेर क्रान्तिको कामलाई अगाडि बढाउन दृढतापूर्वक अगाडि बढिरहेका छौं । यस प्रकारको क्रान्ति पुरा गर्ने क्रममा हामीले विविध प्रकारको अध्ययन गर्न जसरी हुन्छ नै । अध्ययन विना, त्यसमा पनि वैज्ञानिक (द्वन्द्वात्मक) अध्ययनविना नेपालको समग्र वर्तमान परिस्थिति र आजको भूमण्डलीकृत साम्राज्यवादको समग्र अध्ययन गर्न समर्थ हुन सक्तैनौं । समग्र नेपाल र समग्र विश्वलाई नबुझीकन हामीले क्रान्तिका रणनीति र कार्यनीति ठोस गर्न र कार्यान्वयन गर्न समर्थ हुनेवाला छैनौं । त्यसैले मार्क्सवादको वैज्ञानिक अध्ययनको आवश्यकता छ र रही रहनेछ ।

**सन्दर्भसामग्रीहरू**

१) माओ, सही विचार कहाँबाट आउँछन् (मे १९६३)
२) माओत्सेतुङ- चुनिका रचनाहरू भाग-१, पृष्ठ १४२
३) स्टालिन, द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद ।
४) मार्क्स- एङ्गेल्स, संकलित रचना संग्रह, खण्ड १, पृष्ठ १०५ ।
५) लेनिन- संकलित रचनाहरू भाग-१९, पृष्ठ २५
६) मार्क्स एंगेल्स - संकलित रचनाहरू भाग-३, पृष्ठ १८७
७) माओत्सेतुङ - चुनिएका रचनाहरू, अंग्रेजी संस्करण भाग-५, पृष्ठ १६०
८) Selected work of Maot Se Tung, Vol - V, P 326 Foreign Language Press 1977
९) माओत्सेतुङ- संकलित रचनाहरू भाग-१, पृष्ठ २४१
१०) किरण, मोहन वैद्य - मार्क्सवादी दर्शन, प्रगतिशील अध्ययन केन्द्र, काठमाडौं ।
११) केसी, हस्तबहादुर- मार्क्सवादी दर्शनको रूपरेखा, ऐरावती प्रकाशन, काठमाडौं ।

(**साभार : माओवादी**, **पूर्णाक्त १०, २०७३ साउन**)

## क्रान्ति, प्रतिक्रान्ति र ...

कसरत भइरहेको छ। यसो गरेर तिनीहरु नेकपा (माओवादी)लाई नेपाली कांग्रेस र एमाले जस्तै संसदीय पार्टी बनाउन चाहन्छन्। यसप्रकार, उनीहरु नेपाली समाजको क्रान्तिकारी रुपान्तरणलाई रोक्न र यथास्थितिमा कायम राख्न चाहन्छन्।"

(२०६५ साल साउनमा प्रकाशित, सीपी गजुरेल 'गौरव'द्वारा लिखित पुस्तक 'नेपाली क्रान्तिका राजनीतिक पहलूहरु'को भूमिकाबाट)।

त्यतिखेर पार्टीमा दुईलाइन संघर्ष त चलेको थियो, तर पार्टी विभाजन भै सकेको थिएन। पार्टी विभाजन नभएकै बेलामा पनि सार्वजनिक रुपमा प्रकाशित पुस्तकमा यी विचार व्यक्त हुनुले त्यतिखेर पार्टीमा दुईलाइन संघर्ष कति भीषण रुपमा चलिरहेको रहेछ भन्ने कुरा बुझ्न निकै मद्दत पुऱ्याउन सक्नेछ। यसलाई एउटा सुखद् संयोग नै मान्नु पर्दछ कि उक्त भूमिकामा लेखिएजस्तै आज नेकपा (माके) "संसदीय मूलधार"मा बडो आनन्द र गर्वका साथ प्रवेश गरिसकेको छ र त्यो संसदीय फोहोरी आहालमा चुर्लुम्म डुबिसकेको छ।

संसारमा हरेक चिज गतिशील हुन्छन्। साम्राज्यवादले कम्युनिष्ट क्रान्तिकारीहरुसँग लड्ने तरिका पनि परिवर्तित परिस्थिति अनुसार नै नयाँ ढंगको बनाउने गर्दछ। अहिलेको विश्वमा क्रान्तिलाई कसरी प्रतिकृयावादीहरुले प्रतिक्रान्तिमा बदल्ने गर्दछन् भन्ने कुराको बदलिएको परिस्थितिकै सापेक्षतामा अध्ययन गर्नु आवश्यक हुन्छ। यसबारे क्रान्तिको नेतृत्व गर्ने कम्युनिष्ट पार्टीका नेता र कार्यकर्ताले बुझ्नु झन् बढी आवश्यक छ। यस विषयलाई स्पष्ट पार्नका लागि एउटा लामो तर सान्दर्भिक उद्धरण यहाँ प्रस्तुत गरिएको छ : "अहिलेको समकालीन विश्वमा कम्युनिष्ट पार्टीहरुको नेतृत्वमा अघि बढेका नयाँ जनवादी क्रान्ति समाप्त पार्नका लागि उनीहरुले यी विविध तरिकाहरु अपनाएको पाइन्छ। पहिलो प्रकारको नीतिको उनीहरुले दशवर्ष (सम्वत् २०५२-२०६२) सम्म अघि बढेको जनयुद्धका सन्दर्भमा पनि सफलतापूर्वक प्रयोग गरेका छन्। विश्व कम्युनिष्ट आन्दोलन रक्षात्मक अवस्थामा पुगेको बेलामा नेपालमा अघि बढेको नेपालको जनयुद्धलाई विश्वभरिका क्रान्तिकारीहरुको नैतिक समर्थन प्राप्त भएको थियो। यो जनक्रान्ति पूर्णरुपमा सफल हुने ठूलो सम्भावना थियो। विश्व इतिहासमै यो एउटा ऐतिहासिक क्रान्ति हुनसक्ने सम्भावना थियो। यसलाई दमनद्वारा समाप्त पार्ने धेरै प्रयास भए, जसका लागि प्रतिक्रियावादी सरकारले सेनाकै कमाण्डमा समग्र सुरक्षाशक्ति परिचालन गरेको थियो। पछिल्लो चरणमा विदेशी सेना प्रत्यक्ष रुपमा जनयुद्धमा सामेल भएका तथ्यहरु पनि सार्वजनिक रुपमा आइरहेकै थिए। तर ती सबै व्यर्थ सावित भए। अन्त्यमा उनीहरुले क्रान्तिकै नेतृत्व गरिरहेका नेताहरुलाई आफ्नो पक्षमा ल्याए र उनीहरुकै माध्यमबाट उक्त जनक्रान्तिलाई समाप्त पार्न लगाउने नीति लिए र उनीहरु यसमा चाहिँ धेरै हदसम्म सफल भए। नेपाली क्रान्तिका विरुद्ध भएको त्यस प्रकारको विश्वासघातका विरुद्ध, उनीहरुमा देखापरेको नवसंशोधनवादी भड्काउका विरुद्ध विद्रोहको झण्डा उठाउँदै पार्टीको पुनर्गठन गरेर नेकपा-माओवादीको स्थापना गरिएको कुरा त सर्वविदितै छ। प्रतिक्रान्तिका बाँकी रहेका कामहरु पनि तिनै वर्गीय र राष्ट्रिय आत्मसमर्पणवादीहरुबाटै पूरा गराउन देशी र विदेशी प्रतिकृयावादी शक्तिहरु कसरत गरिरहेका छन्। पश्चगामी संविधान बनाउन र जारी गर्न कथित चार दलका शीर्ष नेताले गरेको "१६ बूँदे सहमति" र यिनैको निर्णयअनुसार तयार गरेर प्रस्तुत गरिएको प्रतिगामी मस्यौदा र जारी गरिएको पश्चगामी संविधान यसैको एउटा ठोस रुप हो। "(२०७२ साल माघमा अक्सफोर्ड इण्टरनेशनल पब्लिकेसनद्वारा प्रकाशित, सीपी गजुरेल 'गौरव"को "क्रान्ति र प्रतिक्रान्तिका शृङ्खला" शिर्षक पुस्तकको भूमिकाबाट)।

नेपालको राजनीतिमा अहिलेसम्म देखा परेका पलायन, कुण्ठा, निरासाको मुख्य कारण प्रतिक्रान्ति हो भन्ने कुरा बुझाउनु अझै आवश्यक भएको हुनाले हाम्रो पार्टी केन्द्रीय समितिले नवसंशोधनवादीहरुको भण्डाफोरमा जोड दिएको छ। यसैलाई ध्यानमा राखेर प्रतिक्रान्तिका विषयमा यहाँ पुनः चर्चा गरिएको हो।

मोदी सरकारले सबैले देख्ने र बुझ्ने गरी देउवा-प्रचण्डको लगनगाँठो गाँसेर ९ महिने म्यादी सरकारको प्रधानमन्त्री प्रचण्डलाई बनाइदिएको सन्दर्भमा हुन लागेको प्रचण्डको दिल्ली भ्रमणमा भारत सरकारलाई तिनले नेपालका कुन-कुन प्राकृतिक श्रोतहरु बुझाउने हुन् भन्नेबारे नेपालका देशभक्त शक्तिहरु र व्यक्तिहरुमा एकप्रकारको आतंक छाएको छ। नेपाली संचार माध्यम त्यही आशयका अभिव्यक्तिले भरिने गरेका छन्। नेपाली राजनीतिमा एउटा नयाँ मोड आउँदैछ भन्ने संकेत यत्र तत्र देख्न सकिन्छ। हिजो जनयुद्धप्रति विश्वासघात गरेकोमा र संसदीय मूलधारमा सामेल भएकोमा प्रचण्डलाई "व्यवहारिक राजनीति गरेको" भनेर बधाई दिनेहरु संजालमार्फत् प्रचण्डको धज्जी उडाइरहेका छन्।

यहाँ केही सान्दर्भिक उद्धरणहरु प्रस्तुत गरिएका छन् : "प्रचण्डको आसन्न भ्रमणप्रति सर्वसाधारणमा मात्र नभई उनको आफ्नै दलभित्र समेत आशंका बढाएको छ।"

"तर उनको अस्थिर मनस्थिति र अविश्वसनीय चरित्रको कारण अवसरवाद नै उनको व्यावहारिक नीति अनि आचरण हुँदा असंगत निर्णय लिनसमेत उनी चुक्ने छैनन् भनी धेरैले विश्वास गरेका छन्।"

"उनको क्रान्तिकारी छवि पूर्णतया दक्षिणपन्थी धापमा जाकिएको तथ्य त उनको मन्त्रिपरिषद्को नितान्त असमावेशी संरचनाले नै पुष्टि गर्छ।"(कान्तिपुरमा प्रकाशित ध्रुव कुमारको, "सद्भाव, आश्वासनको तृष्णा र भ्रमण" शिर्षकको लेख, १७ भदौ २०७३)।

केही समय अघिसम्म नवसंशोधनवादीहरुव्दारा गरिएको प्रतिक्रान्तिप्रति निम्न पुँजीवादी बुद्धिजीवी, शहरीया मध्यमवर्गको त्यत्ति चासो अभिव्यक्त भएको पाइँदैनथ्यो। तर यो प्रतिक्रान्तिले यतिखेर आएर जब नांगो विदेशीको दलाली र राष्ट्रघातको रुप लियो, अहिले यो वर्ग सचेत बन्न थालेको छ र यसले नेपालमा राष्ट्रिय स्वाधीनताको संघर्षलाई थप उर्जा दिइरहेको छ। प्रचण्डको भारत भ्रमणपूर्व नै सम्भावित राष्ट्रघातको जुन सचेतनता नेपाली समाजमा देखा परिरहेको छ, यो सकारात्मक पक्ष हो। अहिलेसम्मको विद्यमान राजनीतिक स्थितिमाथि ध्यान दिँदा सहजरुपमा अनुमान गर्न सकिने कुरा के हो भने मोदीले निर्धारित गरेको सम्झौतामा प्रचण्डले सहिछाप ठोक्ने कुरा करिब तय नै छ। देशभक्त नेपालीहरुलाई विशेषतः बुद्धिजीविहरुलाई यसको आभास भएको हुनाले नै यो सरकारी भ्रमणप्रति यति साह्रै चिन्ता व्यक्त भएको हो। यस अवस्थामा प्रचण्डले कतिपय राष्ट्रघाती सम्झौताहरुमा हस्ताक्षर गर्ने तर तिनलाई गोप्य राखिने संभावना बढी देखिन्छ। जे होस्, यसबारे नेपाली समाजमा देखापरेको सचेतनताले भविष्यमा नेपालमा देशभक्तिपूर्ण आन्दोलन उठाउन महत्वपूर्ण भूमिका खेल्ने कुराको आशा गर्न सकिन्छ। बाबुराम प्रधानमन्त्री हुँदा उनको दिल्ली भ्रमणका बेलामा पनि ठीक यही प्रकारको आशंका सर्वत्र व्यक्त गरिएको थियो। आखिर उनले दिल्लीमा गएर जानी जानी राष्ट्रघाती "बिप्पा" सम्झौता गरेर "मैले जुवा खेलेर आएँ" भन्ने जस्तो घटिया बयान दिल्लीबाटै जारी गरेका थिए। प्रचण्डका सन्दर्भमा पनि त्यही कुरा लागू हुन सक्दछ भन्ने पूर्वानुमानलाई कुनै अतिशयोक्ति भन्न मिल्दैन। खराबभन्दा खराब स्थितिको सामना गर्न हामी तयार रहनु पर्दछ। आखिर जेसुकै भए पनि नेपाली जनता नै निर्णायक हुन्। नेपाली जनताको सचेतनता र एकताले नै सबै कुराको निर्णय गर्नेछ।

---

### जम्काभेट

## नवसंशोधनवादविरुद्ध क्रान्तिकारी युवा लिग

● हरिप्रसाद पोखरेल



गौरवशाली पार्टी क्रान्तिकारी माओवादीले पहिलो राष्ट्रिय भेला सम्पन्न गरी संशोधनवादी तथा नवसंशोधनवादविरुद्ध नयाँ चटारो थपिदिएको छ। आज कम्युनिष्ट माओवादीको नाममा देशका सोझा सादा युवाहरु तथा सम्पूर्ण जाति, वर्ग, लिंगकाका जनतालाई आँखामा छारो हाल्ने काम जो माओवादी केन्द्रले देशव्यापी रुपमा गरेको छ, त्यसको भण्डाफोर तथा देशव्यापी रुपमा नयाँ अभियानका साथ क्रान्तिकारी युवा लिग आउँदैछ। देशका सम्पूर्ण युवा, महिला, पुरुष, किसान, युवा मजदुर सबै गोलबन्द हुनु आजको आवश्यकता बन्न गएको छ। क्रान्तिकारी युवा लिगले प्रतिक्रियावादी तथा नवसंशोधनवादीहरुको क्रियाकलापलाई जनताको बीचमा नांगो पारिदिनेछ। किनकि, झुठको खेती गरेर अब जनतालाई झुक्याउन सक्ने छैनन्। युवाका तमाम समस्याहरुलाई अब हाम्रो क्रान्तिकारी युवा लिग गाउँ गाउँ, वस्ती वस्ती, तथा शहरहरुमा जुझारु रुपले लागि पर्नेछ। जनताको माओवादीप्रतिको अविश्वासलाई हाम्रो पार्टी क्रान्तिकारी माओवादीले जनताको घर दैलोमा पुगी भ्रम मेटाउने छ।

आज नवसंशोधनवादीको हुरी देशैभरि फैलिएको छ। यहाँका दलाल पुँजीपति वर्गका पिछलग्गुहरु आज आफूलाई माओवादी भन्दै जनताको बीचमा आउँदैछन्। जनतालाई कुल्चेर जनताको भविष्यमाथि खेलवाड गर्दै प्रतिक्रियावादी सत्ताको कुर्सीको दौडमा होमिएका छन्। मोजमस्तीमा लागेका छन्। जनताको जनजीविकाको सवाललाई बिर्सेर, गाँस, बास, कपासको बेवास्ता गरि आफूलाई 'हामी नवसंशोधनवादी वीर लम्किरहेका छौं' भन्ने कुरा पुष्टि गरि दिएको छ। त्यसैले देशका हर कुनामा बसोबास गर्ने नेपाली जनताले यी प्रतिक्रियावादी तथा नवसंशोधनवादीहरुका विरुद्ध जोडदार विरोध गर्नु आवश्यक छ। आज माओवादी केन्द्रले जो, क्रान्तिकारी माओवादी पार्टीलाई समाप्त पार्नका लागि जालझेल गरेको छ। सबैलाई पदको लोभ देखाएर एकीकृत गर्न खोजेको छ। त्यो अन्तिममा निरर्थक साबित हुनेछ। फेरि हाम्रो गौरवशाली पार्टी नेपाल कम्युनिष्ट पार्टी क्रान्तिकारी माओवादीले नयाँ जनवादी व्यवस्था ल्याउनका लागि जनताका समस्या समाधानका लागि आवाज उठाउन, महान् जनयुद्धमा सहादत हुनुभएका सहिदहरुको मार्गीदिशालाई उँचो राख्न, गरिब तथा उत्पीडित वर्गको उत्थानका निमित्त हाम्रो क्रान्तिकारी माओवादी पार्टीले क्रान्तिकारी युवा लिग गठन गरेको छ। यसले सबैखाले प्रतिक्रियावादीहरु, संशोधनवादी तथा नवसंशोधनवादीविरुद्ध जोडदार रुपले आवाज उठाउनेछ। सम्पूर्ण देशभक्त वामपन्थीहरु एकजुट भई नवसंशोधनवादी विरुद्ध आवाज उठाउनु आजको आवश्यकता बनेको छ।

(यसपटक जम्काभेट स्तम्भमा क्रान्तिकारी युवा लिगका केन्द्रीय सदस्य हरिप्रसाद पोखरेल(दाङ)को लेखलाई राखिएको छ।- सम्पादक)

---

### संक्षिप्त समाचार

## आइसिसीले हटाउने भयो क्यानमाथिको प्रतिबन्ध

**काठमाडौं।** अन्तर्राष्ट्रिय क्रिकेटको सर्वोच्च संस्था आइसीसीले नेपाल क्रिकेट संघ (क्यान) माथि लगाइएको प्रतिबन्ध हटाउने भएको भएको छ। आइसीसीका पदाधिकारीले आइतबार विहान प्रधानमन्त्री पुष्पकमल दाहालसँगको भेटमा क्यानमाथि लगाइएको प्रतिबन्ध हटाउने प्रतिबद्धता जनाएको छ। नेपालमा क्रिकेट खेलको ठूलो क्रेज रहेको र सरकारले लगानी पनि गरेको भन्दै क्रिकेट खेलको विकासका लागि क्यानको सटमा बोर्ड गठन गर्ने प्रतिबद्धता प्रधानमन्त्रीले जनाएपछि प्रमुख कार्यकारी अधिकृत डेभिड रिचर्डसनको नेतृत्वको आइसीसीको टोलीले क्यानमाथिको प्रतिबन्ध हटाउने जनाएको हो। आइसीसीले सरकारी हस्तक्षेप र क्यानभित्रको विवाद्लाई कारण देखाउँदै गत वैशाखको पहिलो साता क्यानलाई निलम्बन गरेको थियो। निलम्बनसँगै आइसीसीले क्यानलाई दिँदै आएको अनुदान समेत रोकेको थियो।

## क्रान्तिकारी युवा लिगको संयोजकमा अमीर महर्जन

**ललितपुर।** क्रान्तिकारी युवा लिग नेपालको दोस्रो राष्ट्रिय भेला अमीर महर्जनलाई संयोजक बनाउँदै बुधबार सम्पन्न भएको छ। भेलाले १८ सदस्य पछि थप्ने गरी ६५ सदस्यीय राष्ट्रिय सम्मेलन आयोजक समिति बनाएको छ।

१४ भाद्रमा नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले उद्घाटन गरेको लिगको भेलामा पार्टीका केन्द्रीय कार्यालय सदस्य क.रामसिंह श्रीस, पार्टीका सचिवालय सदस्य केन्द्रीय सदस्यहरु दिनेश शर्मा, नगेन्द्र राई, राम आचार्य, पवनमान श्रेष्ठलगायतको उपस्थिति रहेको थियो। दोस्रो राष्ट्रिय भेला आयोजक समितिका संयोजक चन्द्रहरि सुवेदी 'अटल'को अध्यक्षता र लिगका सचिवालय सदस्य बद्री चापागाईंको संचालनमा भएको कार्यक्रममा स्वागत भाषण लिगका सचिवालय सदस्य धर्म बिसीले गरेका थिए भने सामना परिवारका कलाकारहरुले क्रान्तिकारी गीत प्रस्तुत गरेका थिए।

नेकपा (क्रान्तिकारी माओवादी)का सचिवालय सदस्य एवं आदिवासी जनजाति महासंघका संयोजक नगेन्द्र राई, अखिल नेपाल बुद्धिजिवी संगठनका अध्यक्ष हुकुमबहादुर सिंह, अखिल नेपाल जनसांस्कृतिक महासंघका अध्यक्ष इश्वरचन्द्र ज्ञवाली, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, अखिल नेपाल ट्रेड यूनियन महासंघका केन्द्रीय अध्यक्ष ईश्वर तिमल्सिना, मधेसी राष्ट्रिय मुक्ति मोर्चा नेपालका अध्यक्ष रोशन जनकपुरी, अखिल नेपाल प्रगतिशिल शिक्षक संगठनका अध्यक्ष बिजयरत्न बज्राचार्य, जनक्रान्तिका घाइते अपाङ्ग संघका संयोजक भक्तबहादुर थापा, नेकपा (क्रान्तिकारी माओवादी)का कार्यालय सचिव रामसिंह श्रीस, नेपाल दलित मुक्ति मोर्चा एवं अनेरास्ववियू (क्रान्तिकाकारी)का सहसंयोजक राम नेपाली, अखिल नेपाल महिला संघ (क्रान्तिकारी)की केन्द्रीय सदस्य शारदा महत र नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष किरणले भेलामा शुभकामना मन्तव्य राखेका थिए।

बन्द सत्रमा आयोजक समितिका संयोजक अटलले पेश गरेको मस्यौदा विधान तथा प्रतिवेदन व्यापक छलफल र बहसपछि सुझावसहित पारित गरिएको थियो। क्षेत्रगत हिसाबले चारवटा टोली बनाएर चलाइएको छलफलमा उठेका सुझावहरु पूर्वी क्षेत्रबाट सञ्जिव लामा, मध्य क्षेत्रबाट सरोज थापा (विवेक), मध्य पश्चिम क्षेत्रबाट विमल बुढा मगर र पश्चिम क्षेत्रबाट शेरबहादुर सिंहले प्रस्तुत गरेका थिए।

---

# होला त संविधान संशोधन ?

◆ वर्गदृष्टि संवाददाता/काठमाडौं

आन्दोलनरत मधेसी मोर्चा र सङ्घीय गठबन्धनका माग सम्बोधन गर्ने वाचासहित सत्तासिन भएका प्रधानमन्त्री पुष्पकमल दाहाललाई संविधान संशोधनको विषय फलामको चिउरा चपाएजस्तै भएको छ। भदौं ३० बाट गर्ने भनिएको भारत भ्रमण अगावै संशोधन विधेक संसदमा दर्ता गर्ने तयारी गरेपनि संविधान संशोधन हुने सम्भावना भने एमाले तयार नहुँदासम्म असम्भव जस्तै देखिएको छ। संसदको दोस्रो ठूलो दल एमाले प्रतिपक्षमा रहेको मात्रै छैन, ओली सरकार भारतले षड्यन्त्रपूर्वक अपदस्थ गरेको बुझाइमा रहेको एमाले संविधान संशोधनको पक्षमा सहजै आउने देखिन्न। दुईतिहाइको प्रावधान रहेकोले संविधान संशोधनमा एमालेलाई सहमत गराउनु पर्ने वाध्यतामा देखिएका छन् प्रधानमन्त्री प्रचण्ड।

**दिल्लीको डिजाइन कि एमालेलाई सहमत गराउने कि एमालेलाई फुटाउने**

एमालेलाई फुटाएर भएपनि संविधान संशोधन गराइछाड्ने डिजाइनमा दिल्ली दरबार रहेको सम्बद्ध स्रोतले दाबी गऱ्यो। दिल्लीसँग निकट रहेका एमाले नेता माधव कुमार नेपालमार्फत् पार्टीभित्रको समीकरण अदलबदलमा चलखेल गर्न थालेको एमाले नेताहरुको बुझाइ देखिन्छ। पछिल्ला दिनमा एमालेमा विकसित हुँदै गरेको अन्तर्विरोध र नेताहरुको समीकरणलाई यही अर्थमा लिएको देखिन्छ। केपी ओली र माधव नेपालको बढ्दो दुरीले दिल्लीको मिसन पूरा गर्न सक्ने दावी पनि केही राजनीतिक विश्लेषकहरुको दावी छ। मधेसका मुद्दा र संघीयताको मुद्दामा सँधै अनुदार रहँदै आएका ओलीप्रति मधेसी मोर्चा र संघीय गठबन्धनको सँधै तिक्ततापूर्ण सम्बन्ध रहँदै आएको छ। नेपाल भने तुलनात्मक रुपमा मधेसीहरुमा मुद्दाप्रति नरम रहेको मधेसी नेताहरुको बुझाइ छ।

**किन गर्नुपऱ्यो संविधान संशोधन ?**

मधेसका बुद्धिजीवी तथा नागरिक अगुवा विजयलाल कर्णले एक अनलाइनसँग कुरा गर्दै भनेका छन्, 'जनसङ्ख्यालाई आधार बनाएर माथिल्लो र तल्लो सदन दुवैमा प्रतिनिधित्व हुने व्यवस्था गर्न, कर्णाली क्षेत्र, मनाङ र मुस्ताङजस्ता केही क्षेत्रबाहेक प्रतिनिधि सभा र राष्ट्रिय सभामा प्रतिनिधित्वको व्यवस्थामा जनसङ्ख्यालाई नै पहिलो आधार बनाउन, समावेशिताको सिद्धान्तको आधारमा सामाजिक, सांस्कृतिक र राजनीतिक रूपमा विभेदमा पारिएकाको समुदायलाई मात्र सम्पूर्ण संरचनामा समावेशी गराउन, पहिचान स्थापित हुन नदिने आधारमा गरिएको सीमाङ्कनले मधेसी र जनजाति सम्मानजनक भूमिका दिन इन्कार गरेकोले, थारु र मधेसीबीचमा सहमति भएमा मधेसमा दुईवटा प्रदेश बनाउन उपयुक्त देखिएकोले, स्थानीय सरकारको विषय प्रान्तले हेर्न पाउने व्यवस्था गर्न, प्राकृतिक स्रोतसाधनमा प्रान्त र स्थानीय सरकारको अधिकार हुनुपर्ने भएकोले, मधेसको भारतसँग रहेको रक्त सम्बन्धलाई समाप्त पार्ने षडयन्त्र गरेकोले, प्रान्तहरूले आफ्नो भाषा आफैं निर्धारण गर्नुपर्ने भएकोले' संविधान संशोधन गर्नुपर्ने तर्क गरेका छन्।

**संविधान संशोधनले गर्छ त समस्या समाधान ?**

मधेशका लोकप्रिय नेता तथा साहित्यकार रोशन जनकपुरी तर्क गर्छन्- संविधान संशोधनले जातीय-क्षेत्रीय समस्या समाधान गर्दैन। त्यसका लागि वर्गसंघर्षको आवश्यकता पर्दछ। हरेक जाति र क्षेत्रभित्रका सबैभन्दा उत्पीडितहरुलाई अधिकार चाहिएको हुनाले त्यो वर्गलाई अधिकार सम्पन्न बनाउन राज्यव्यवस्थामा नै परिवर्तन हुन जरुरी रहेको जनकपुरीको दावी छ। अहिले मधेस तथा जनजाति आन्दोलनको जसले अगुवाइ गरिराखेको छ, उनीहरुको र अहिले सत्तासिन नेताहरुको वर्ग एउटै भएकोले उनीहरुबीचको लेनदेनबाट वास्तविक अर्थमा शोषण उत्पीडनमा परेका मधेसी, थारु, जनजाति आदिवासीहरुले केही पनि नपाउने जनकपुरीको कथन छ। वर्गदृष्टिसँग कुरा गर्दै उनले भने- 'वर्गसंघर्षसँग नजोडिएको जातीय क्षेत्रीय आन्दोलनमा सँधै सम्झौतामा गएर टुंगिएको छ। अब वर्गसंघर्षको विकल्प छैन।'

---

## क्रान्तिकारी पत्रकार महासंघ चितवनमा सूर्य बराल

**नारायणगढ, १८।** शनिबार सम्पन्न एक भेलाले क्रान्तिकारी पत्रकार महासंघ चितवनको संयोजकमा सूर्य बराल"क्षितिज"लाई संयोजक बनाएको छ। भेलाले बरालको संयोजकत्वमा सात सदस्यीय जिल्ला भेला तयारी आयोजक समिति बनाएको हो। चितवनको नारायणगढमा भएको क्रान्तिकारी पत्रकारहरुको भेलामा महासंघका केन्द्रीय सदस्य शंकर सुवेदीको विषेश उपस्थिति रहेको थियो। नवगठित भेला तयारी समितिले सदस्यता विस्तार, नवीकरण र नयाँ सदस्यहरुको तथ्यांक संकलन गर्ने लगायतका निर्णय गरेको छ।

## युवाहरु विद्राही ...

खानु र प्रतिक्रान्ति हुनुमा जनमुक्ति सेनाको पनि हात रहेको बताए। "जनमुक्ति सेना क्रान्तिकारी हुन सकेन। उसले त धोका दियो नै। प्रचण्डबाट अलग भएपछि जुन युवाहरुमाथि भरोसा गरियो, उनीहरुले पनि धोका दिए।" उनले भने, "कुरा त क्रान्तिकारी नै गर्थे तर भित्रभित्रै प्रतिक्रियावाद र दक्षिणपन्थी अवसरवादको सेवा गर्दारहेछन्।"

युवाहरुबाट पटक-पटक धोका खाएका अध्यक्ष किरणले भने, "अब युवाहरुको जुन शक्ति बन्दैछ, यसले फेरि क्रान्तिकारीहरुलाई धोका नदेओस्। युवाहरु गलत प्रवृत्तिका विरुद्ध जुध्नुपर्छ, माओले भनेजस्तै युवाहरु विद्रोही हुनु पर्छ। सहि के हो गलत के हो ? सत्य के हो असत्य के हो ? त्यसलाई छुट्याउन सक्ने सामर्थ्य युवाहरुमा हुनु पर्दछ। जहिल्यै सत्यको पक्षमा उभिनुपर्छ।" भीषण दुईलाइन संघर्षमा आफूलाई क्रान्तिको पक्षमा उभ्याएका युवाहरुलाई अध्यक्ष किरणले सो अवसरमा धन्यवाद दिन पनि छुटाएनन्।


**काठमाडौं तर्फ टिकट बुकिङ स्थानहरु**

सुनिल लामा – ९८५११३५५७३/९८४१०३८८६१
इन्चार्ज, कलंकी काउन्टर
जोरपाटी : ९८५१०४०३१५
नयाँ बसपार्क : ९८१८९६५६४१
स्वयम्भू : ९८५११३९९५९
कलंकी बाबा आयल : ९८४१०३८८६१
बागबजार : ९८२३२६०३१०
मैतीदेवी : ९८५११३९९५९
सुन्धारा : ९८५११३५५७३
बानेश्वर, शंखमुल : ९८१८५२१०३७
कोटेश्वर : ९८२३३०५८१२
ग्वार्को इमाडोल : ९८२३२६०३१०
सातदोबाटो : ९८४१०३८८६१
बल्खु : ९८२३३०५८११
कीर्तिपुर : ९८२३३०५८१२
थानकोट : ९८४१०३८८६१

**धौलागिरी अञ्चल तथा घोडाघोडी बस व्यवसायी समितिद्वारा संचालित**

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

पोखरा, कुस्मा, फलेवास, बाग्लुङ गलकोट हटिया, बुर्तिबाङ, मुक्तिनाथ, दाङ तुलसीपुर, लुम्बिनी, नेपालगंज, सुर्खेत कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, खलंगा दिल्ली, बनारासी साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकटको पनि व्यवस्था छ।

फोन मार्फत् टिकट बुकिङ गर्नुको साथै घरदैलोबाटै पिक अप को राम्रो व्यवस्था मिलाएको छ।

आलोपालो

# जातीय-क्षेत्रीय मुक्ति आन्दोलनको सही दिशा


रोशन जनकपुरी

नेपालमा माओवादी आन्दोलन एउटा आरोह र अवरोहपछि नयाँ आरोहको पिँधमा नयाँ दिशा खोजी रहेजस्तो लाग्छ मलाई। भर्खरै विगत बनेको माओवादी जनयुद्ध गणतन्त्र र धर्मनिरपेक्षता, आदि आंशिक उपलब्धिसहित तर अधुरै समाप्त भएको छ। अधुरै यस अर्थमा हो कि यस गणतन्त्रमा फेरि पुरानै शासकवर्ग, समदाय (जो पुरानै सत्तामा पनि शासन गर्दै आएका थिए)को वर्चस्व हावी देखिएको छ। सबभन्दा बढी दिक्दारी के छ भने माओवादी आन्दोलनको लक्षित उत्पीडित वर्ग र समुदायको हात फेरि पनि शुन्य नै लागेको देखिन्छ। अर्कोतर्फ माओवादी आन्दोलनको नेतृत्वको ठूलो हिस्साको वर्ग-गद्दारीले गर्दा माओवादी जनयुद्ध बीचबाटो मै तिरोहीत हुनु वैचारिक र वर्ग त्रासदी भै भएको छ। परिणाम हाम्रो सामु छ- साम्राज्यवादी उपभोक्तावादी झिलिमिलीमा भ्रमित हुँदै आन्दोलनको एउटा ठूलो हिस्सा पटक-पटक असफल सिद्ध हुँदै आएको पुरानै खालको संसदीय व्यवस्थामा आफ्नो सुख र भविष्य खोज्दै छ। एउटा हिस्सा छट्पटिमा आधारभूत सर्वहारावादी चिन्तनबाट छलाङ हान्दै मध्यम वर्गको विद्रोहमा आफ्नो भविष्य खोज्दैछ। (स्मरणीय छ, मध्यमवर्गको संघर्षको तार्किक परिणति फासिज्ममा हुने गरेको तथ्य हामी इतिहासबाट सिक्दछौं। हिटलर र मुसोलिनीद्वारा मध्यमवर्गको विद्रोह र राष्ट्रिय समाजवादको वकालत वस्तुतः सर्वहारावर्गीय विद्रोह र वैज्ञानिक समाजवादको विरुद्धमा उभ्याएर आफ्नो फासिस्ट विचार र शासनको रक्षा गर्ने कु प्रयासको ऐतिहासिक तथ्य हो )। र एउटा हिस्सा विघटित जनयुद्धबाट प्राप्त सकारात्मक र नकारात्मक शिक्षाको आधारमा मालेमावादी विचार र दर्शनको आलोकमा बाँकी कार्यभार पूरा गर्न आफूलाई पुनर्गठित गरी नयाँ ढंगले अगाडि बढ्न खोज्दैछ।

नेपालमा जारी माओवादी आन्दोलन विश्वमा चलिरहेका यस्तै प्रकृतिका आन्दोलनसँग सारतः उद्देश्यगत रुपमा समान रहेपनि क्षेत्रीय प्रवृत्तिका हिसाबले भिन्न छ। निश्चित रुपमा सिद्धान्ततः नेपाली माओवादीहरुको अन्तिम उद्देश्य सर्वहारावर्गीय मुक्ति, समाजवादन्मुख राज्यव्यवस्था र साम्यवादी लक्ष रहेपनि नेपालमा विद्यमान जातीय र क्षेत्रीय उत्पीडनबाट मुक्तिको प्रश्न उनीहरुको लागि विशिष्ट हो। सैद्धान्तिक (र तार्किक रुपमा समेत) जातीय र क्षेत्रीय उत्पीडन प्रकारान्तरमा वर्गीय उत्पीडनको रुप रहेपनि विशिष्ट स्वरुपको कारण यसको समाधान भनेको विशिष्ट हुनुपर्दछ भन्ने तर्क स्वभाविक नै हुन्छ। तर एउटा कुरा के निश्चित छ भने विशिष्टताको नाममा वर्गसंघर्ष र जातीय-क्षेत्रीय मुक्तिको प्रश्नलाई समानान्तर रुपमा लगेमा अथावा दुवैलाई अलग-अलग पारेर संघर्ष चलाएमा सफलता प्राप्त गर्न सकिदैन। यसले जातीय-क्षेत्रीय मुक्ति संघर्षलाई कहिल्यै नजितिने निरपेक्ष संघर्षमा परिणत गर्दछ।

नेपालमा वर्गीय-जातीय मुक्ति आन्दोलनको बहसमा दुईवटा अतिवादी तर्कहरु देखिन्छन्। एउटा, जातीय मुक्तिको प्रश्न भ्रम मात्र हो। वर्गीय पहिचानभन्दा भिन्न पहिचानहरु भ्रम मात्र हुन्। यो साम्राज्यवादको नयाँ वैचारिक, साँस्कृतिक हतियार उत्तर-आधुनिकतावादबाट सिर्जित "विमर्श" (डिस्कोर्स) को विभ्रम मात्र हो। यसप्रकारका तर्कहरु प्रायः वामवृत्तबाट उठाइने गरिन्छ। यसमा आंशिक सत्यता मात्र हो। त्यो के भने उत्तरआधुनिकतावादीहरुले जातीय-क्षेत्रीय पहिचानलाई वर्गीय मुक्तिबाट अलग्याएर उत्पीडित वर्ग र उत्पीडित समुदायको एकीकृत पंक्तिलाई कमजोर गर्ने र साम्राज्यवादी वर्चस्व कायम राख्न चाहन्छन्। होइन भने, जातीय पहिचानका आधारमा तराईमा मधेसी र थारु-दनुवार र पहाडमा मगर, तामाङलगायत विविध आदिवासी जनजाति तथा क्षेत्रको आधारमा कर्णाली आदि पश्चिम नेपालका समुदायमाथि राज्यको भेदभाव र दमन हाम्रो सामु छ। अझ यो एकल वर्गीय र एकल जातीय वर्चस्व यति खँदिलो र सैद्धान्तिकृत भएको छ कि नयाँ व्यवस्था गणतन्त्रको कथित संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा पनि यो बर्चस्व कायम नै देखिन्छ। यहाँ हाम्रा लागि लेनिन उपयोगी हुन सक्छन्, जसले राष्ट्रिय प्रश्न(हाम्रो अर्थमा जातीय प्रश्न) हल नभएको अवस्थामा सर्वहारावर्गको नेतृत्वमा जातीय पहिचानसहितको संघीय गणतन्त्रको वकालत गर्दछन्।

'जाति नै सबैथोक हो' भन्ने दोस्रो अतिवादी तर्क पनि सुनिन्छ। यो वामकित्ता बाहिरकाले गर्ने तर्क हो। वर्गबोधलाई पूर्णतः निषेध गर्ने यो तर्क नै उत्तरआधुनिकतावादीहरुले गर्ने तर्क र विभ्रम हो। यसका लागि उनीहरुले एउटा बलियो विचार संश्लेषण र विचार प्रणाली पनि विकसित गरेका छन्। जसको प्रभावशाली बौद्धिक घुमाउरोमा जनसामान्यत के बडे बडे घघडान पनि फस्ने गर्दछन्। राजनीतिक रुपमा यस प्रकारका तर्कहरु विचारमा बुर्जुवा तर साम्प्रदायिकताका अधारमा शासनसम्म पुग्ने प्रयासमा लागेकाहरुले गर्ने गर्दछन्। राजनीतिक रुपमा प्रभावशाली व्यक्तित्वहरुको भ्रममा परेर मुक्तिको चाहनामा स्थानीय स्तरका जनसामान्यको एउटा हिस्सा (कहिलेकाहीं ठूलो हिस्सा यसबाट प्रभावित हुने गर्दछ )।

विचार गर्ने हो भने यी दुइटै अतिवादी तर्कहरु उत्पीडित वर्ग र उत्पीडित समुदायको एकीकृत पंक्तिलाई विभाजित गर्ने र कमजोर तुल्याएर उत्पीडक शासक वर्ग र जातिको वर्चस्व र शासनलाई कायम राख्नमै मद्दत पुऱ्याउँदछन्।

त्यो भए सहि दिशा के हो त ? फेरि लेनिनलाई सम्झौं- "संसारका उत्पीडित वर्ग र उत्पीडित जातिहरु एकजुट होऔं !"

माथि नै चर्चा गरियो- जातीय-क्षेत्रीय उत्पीडनहरु वर्गसंघर्षकै एउटा विशिष्ट रुपमा अभिव्यक्त स्वरुप हो। जाति र क्षेत्रभित्र पनि उत्पीडित वर्ग र उत्पीडक वर्गहरु हुने गर्दछन्। जाति र क्षेत्रभित्रका उत्पीडक अथवा अभिजात वर्गले आफ्नो वर्गीहितका निम्ति अन्ततः शासकवर्गसँग गठजोड गरेको यथार्थ हाम्रै जातीय-क्षेत्रीय आन्दोलनभित्र देख्न सकिन्छ। तर अर्को यथार्थ के छ भने जातिभित्रका उत्पीडितवर्गीभित्र पनि जातीय पहिचानको गर्भग्रन्थीको रुपमा आकर्षित गरिरहेको हुन्छ। यसकै प्रत्युत्तरमा लेनिनले कम्युनिष्टहरुले जातीय मुक्तिको निम्ति संघर्ष गर्नुलाई जातिभित्र रहेका उत्पीडित वर्गमा वर्गसंघर्ष र कम्युनिष्टहरुप्रति विश्वास पैदा गर्नु भनेका छन्। यस अर्थमा कम्युनिष्टले जातीय पहिचानका निम्ति संघर्ष गर्नु जातिभित्रका उत्पीडित वर्गको मुक्तिको निम्ति संघर्ष गर्नु हो। यसरी के देखिन्छ भने जातीय मुक्तिको प्रश्न वर्गमुक्तिमा कार्यनीतिक प्रश्न हो भने वर्गसंघर्षसँग जातीय-क्षेत्रीय मुक्ति आन्दोलनको संश्रयले मात्र वास्तविक अर्थमा जातीय-क्षेत्रीय मुक्ति दिलाउन सक्दछ।

मधेसी राष्ट्रिय मुक्ति मोर्चा नेपाल (क्रान्तिकारी)को राष्ट्रिय भेला भर्खरै जनकपुरमा सम्पन्न भएको छ। मालेमावादी आलोकमा गठित यस मोर्चा नेपाली समाजको आमूल परिवर्तनकारी आन्दोलनमा अभिव्यक्त वर्गीय, जातीय र क्षेत्रीय विशिष्टताहरुलाई शासक वर्ग र जातिविरुद्ध गोलबन्द गरेर आन्दोलनको उठान नगरेसम्म जित्न सकिंदैन, अर्को शब्दमा वर्गसंघर्षमा जातीय-क्षेत्रीय आन्दोलनहरुलाई संश्रय नगरेसम्म वर्तमान फासिष्ट शासकवर्गलाई पराजित गर्न सकिदैन भन्ने निष्कर्षमा पुगेको हो। आजको अपरिहार्य आवश्यकता पनि यो नै हो।

# भूगर्भविद्ले भने- ९ जिल्लाका ५७ वस्ती अन्यत्र सानुपर्छ

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

राष्ट्रिय पुनर्निमाण प्राधिकरणन्गतर्गतका विज्ञहरुले भूकम्प प्रभावित ९ जिल्लाका ५७ मानव बस्तीलाई 'जोखिमयुक्त' ठहर गर्दै तत्काल अन्यत्र सुरक्षित स्थानमा बसोबास गराउनुपर्ने सुझाव दिएका छन्।

झन्डै एक महिना लगाएर गरेको अध्ययनमा भूकम्प प्रभावित रामेछाप, नुवाकोट, ओखलढुंगा, धादिङ, रसुवा, गोरखा, दोलखा, सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोकका सानाठूला ५७ बस्ती स्थानान्तरण गर्नुपर्ने विज्ञहरुले ठहर गरेका छन्।

स्थलगत अध्ययनमा निर्देशक समितिबाट ११ जना भूगर्भविद् खटिएका थिए। हरेक गाविसमा तीन दिनको समय राखेर ९ जिल्लाका १ सय १७ गाउँको अध्ययनको आधारमा यस्तो ठहर गरिएको हो।

**५६५ वटा गाउँपालिकाको प्रस्ताव**

काठमाडौं। स्थानीय तहको संख्या र सीमा निर्धारण गर्न बनेको आयोगले स्थानीय निकायको पुनर्संरचना गर्दा ५६५ वटा गाउँपालिका बनाउनुपर्ने प्रस्ताव गरेको छ। आयोगका सदस्य श्यामकृष्ण भूर्तेलका अनुसार नयाँ संविधानले गाउँपालिकालाई धेरै अधिकार दिएको छ। उनका अनुसार गाउँपालिका सरकारको एउटा हिस्सा हो, जसले आफ्नो क्षेत्रका लागि आफैं कानुन बनाउँछ र त्यसको कार्यान्वयन गर्छ।

गाउँपालिकामा पनि अहिले केन्द्रमा भएजस्तै व्यवस्थापिका र कार्यपालिका छुट्टाछुट्टै हुनेछ। नीति तथा कानुन बनाउन गाउँसभा हुन्छ र त्यसमा जनताबाट निर्वाचित भएका सभासद हुन्छन्। प्रत्येक गाउँपालिकामा गाउँ सरकार हुन्छ, जसले जनताको नजिक रहेर काम गर्छ।

आयोगका अध्यक्ष बालानन्द पौडेलका अनुसार अबको गाउँपालिका भनेको लगभग सिंहदरबार बराबर हैसियत राख्ने संरचना हो। अब बन्ने गाउँपालिकाले राज्यको नीतिसँग मिल्ने गरी आफैं कार्यक्रम बनाउँछ, कानुन बनाउँछ, आफ्नो अधिकार क्षेत्रभित्रको कर संकलन गर्छ र त्यसलाई आफैंले बनाएको कानुन र कार्यक्रमअनुसार खर्च गर्छ।

गाउँपालिकाले सम्पत्ति कर, घरबहाल कर, व्यवसाय कर र मालपोत र भूमि कर आफैं संकलन गर्ने व्यवस्था संविधानमै गरिएको छ। आफूले प्रवाह गरेको ऊर्जा र खानेपानी महसुल, स्थानीय स्वास्थ्य संस्था र स्थानीय अदालतमा संकलन हुने रकम पनि केन्द्रको नभएर गाउँपालिकाको हुनेछ।

अब बन्ने गाउँपालिकामा कम्तीमा ५ देखि धेरैमा १५ वटासम्म वडा राख्ने आयोगको प्रस्ताव छ। नगरपालिकामा ९ देखि १८, उपमहानगरपालिकामा १९ देखि २७ र महानगरपालिकामा २८ देखि ३५ वडा बनाउन सकिने आयोगले सुझाएको छ। गाउँपालिका सरकार वडामार्फत् नै जनतामाझ पुग्ने हुँदा अब सरकारी सेवासुविधा अझ जनताको नजिक जाने पौडेलको भनाइ छ।

## राष्ट्रिय स्वाधीनता ...

कहलिएका भारतीय बरिष्ठ पत्रकार आनन्दस्वरुप वर्मादेखि नेपालका स्थापित पत्रकारहरुले राम्रैसँग गरेका छन्। पत्रकार प्रशान्त झाले लेखेको पुस्तकका अनुसार प्रचण्डले भारतसँग 'संसदीय व्यवस्थालाई मानेर जाने, सेना बुझाउने र भारतको अहितमा कुनै पनि काम नगर्ने' भनी भारतीय शासकवर्गसँग यसअघि नै भित्री सहमति गरिसकेका छन्। विगत जनयुद्धले उठाएका एजेण्डाहरु सबै सडकमा मिल्काएर संसदीय सिंहदरबार छिरेका प्रचण्डलाई भारतले 'प्रिय' र 'विश्वासिलो' देख्न थाल्नुको पछाडि उल्लेखित कारणहरु मात्रै पर्याप्त नहुन सक्छन्। उल्लेखित पृष्ठभूमिमा टेकेर दिल्लीका शासकहरुले प्रचण्डमार्फत् व्यवस्थामा परिवर्तन गराउन खोजेका छन्, प्राकृतिक स्रोतसाधन हात पार्न खोजेका छन्। र, बर्षौंदेखिको नेपालमाथिको आफ्नो एकाधिकारलाई अझ बलियो पार्न खोजेका छन्।

नेपाललाई चिनियाँ प्रभावबाट मुक्त पार्न दिल्लीले भूकम्पपीडित परिवारलाई सहयोग, हतियार खरिदबापत तिर्नुपर्ने रकम मिनाहा, बौद्ध र हिन्दू सर्किटहरूको निर्माण, पशुपति क्षेत्रका मन्दिरहरूको पुनर्निर्माण, धर्मशाला निर्माण, खुला आकाश सम्झौता, नेपाल प्रहरी एकेडेमी निर्माण, पूर्व-पश्चिम रेलमार्गको सम्भाव्यता अध्ययन, हुलाकी राजमार्ग निर्माणमा थप सहयोग, कास्कीको ढिकुरपोखरीमा पोलिटेक्निक इन्स्टिच्युट स्थापना, पञ्चेश्वरको डिपिआर टुंग्याउने, नेपाली सेनाका लागि हेलिकोप्टर खरिद, सम्झौताहरूको समयबद्ध कार्यान्वयन लगायतका प्रम प्रचण्डका प्रस्तावहरुमा सम्झौता गरे पनि केही भारतीय हितका लागि रणनीतिक महत्वका सम्झौताहरुमा पनि सम्झौता हुन सक्ने उच्च स्रोतको दावी छ।

**यसकारण फास्ट्रयाक भारतीय कम्पनीलाई दिनु 'राष्ट्रघात'**

सोनाली इन्फो पार्क रोड नं.-२, वन्जारा हिल्स, हैदरावाद इन्डियामा रजिष्ट्र्ड कार्यालय भई हाल नेपालको काठमाडौं महानगरपालिका वडा नं. २ लाजिम्पाटमा कार्यालय रहेको आइएल एण्ड एपएस/सरयाभिर कन्सोरटियम नाको भारतीय कम्पनीलाई काठमाडौं-निजगढ द्रुतमार्गको ठेक्का दिन प्रचण्ड नेतृत्वको सरकारका गृह तथा उपप्रधानमन्त्री विमलेन्द्र निधिलेकोइराला नेतृत्वको सरकारकै पालादेखि जोडबल गर्दै आएका छन्। 'राष्ट्रिय गौरवको आयोजना' सूचीमा रहेको यो फास्ट ट्र्याक इण्डियन कम्पनीलाई दिएर कमिसन खाने निधिलगायतको दाउ देखिन्छ।

भारतीय कम्पनीले तयार गरेको डिपिआरमा आयोजनाको लागत १ अर्ब ११ करोड ९० लाख अमेरिकी डलर (करिब १ खर्ब १२ अर्ब रुपैयाँ) थियो। सो मध्ये सरकारले १५ करोड अमेरिकी डलर अनुदान दिने भन्ने शर्त थियो। त्यो रकम र न्युनतम सवारी प्रत्याभूति बापत २३ करोड ६० लाख डलर कम्पनिलाई दिँदा राज्यलाई ठूलो भार पर्ने प्रष्टै देखिन्छ।

सन् २००८ मा ५६ अर्बमा बन्ने प्रस्ताव गरिएको उक्त आयोजनाको दोस्रो पटकको ठेक्कामा सन् २०१४ मा ९६ अर्ब लाग्ने अनुमान गरिएको थियो। तर, अहिले भारतीय कम्पनीलाई १ खर्ब १२ अर्बमा ठेक्का दिन लागिएको छ। त्यसमा पनि सञ्चालन, स्वामित्व र हस्तान्तरण (बुट) मोडलमा पाँच वर्षमा निर्माण सम्पन्न गर्ने भनिएको यो ट्र्याकमा नेपाल सरकारले प्रत्येक वर्ष भारतीय प्रवर्द्धक कम्पनीलाई १५ अर्ब बुझाउनु पर्छ। पाँच वर्षमा ७५ अर्ब र ३ प्रतिशत ब्याजसमेत जोड्दा यसमा नेपाल सरकारको करिब ९० अर्ब खर्च हुने देखिन्छ। यो आयोजनामा भारतीय कम्पनीको खासै खर्च हुने देखिन्न।

भारतीय कम्पनीकै लागत अनुमानमा पनि ९० अर्ब लगानी गरिसकेपछि त्यसमा थप २५ अर्ब जोड्ने हो भने नेपाल सरकारले आफैं यो बाटो बनाउन सक्छ। अझ दोस्रो ठेक्काको बेला गरिएको अनुमानलाई आधार मान्ने हो भने त ९६ अर्बमा नै बाटो बन्न सक्छ भने यो आयोजना भारतीय कम्पनीलाई दिनुको कुनै आवश्यकता र औचित्य देखिन्न। त्यसमा पनि प्रस्तावित सम्झौताअनुसार द्रुतमार्ग प्रयोग गरेवापत एउटा मोटरसाइकलले ६ सय ६९ रुपैयाँ भारतीय कम्पनीलाई तिर्नुपर्छ। कारले १५५८ रुपैयाँ बुझाउनुपर्छ भने सार्वजनिक बसहरुले राजधानी आवतजावत गर्दा भारतीय कम्पनीलाई एकपटकमा ३१ सय शुल्क तिर्नुपर्छ। ट्रक र हेभी गाडीले ६७ सयसम्म तिर्नुपर्छ। यति महंगो शुल्क तिरेर गरिने यात्रा विश्वकै सबैभन्दा महंगो हुनेछ।

यसैगरी प्रस्तावमा यदि महंगो टोले कर उठेन भने सरकारले आफ्नो ढुकुटीबाट भारतीय कम्पनीलाई १५ अर्बसम्म वर्षेनी तिर्नुपर्ने प्रावधान पनि राखिएको छ। द्रुतमार्गमा दैनिक ४५ सय १७ वटा सवारी साधन चल्ने अनुमान गरिएको छ। त्यति साधन चलेनन् भने नेपाल सरकारले भारतीय कम्पनीलाई राज्यकोषबाट पैसा तिर्नुपर्ने गरी सम्झौता प्रस्ताव गरिएको छ।

यस हिसाबले ७६ किलोमिटरको बाटो बनाउन प्रतिकिलोमिटर एक अर्ब २७ करोड रुपैयाँ लागत देखिन्छ। जबकि भारतमा यस्तो फास्टट्र्याक प्रतिकिलोमिटर ३५ करोडको लागतमा बन्ने गरेको विज्ञहरु बताउँछन्।

**बनाउने होइन, ओगट्न चाहन्छ परियोजना भारत**

विज्ञहरुका अनुसार नेपालको प्राकृतिक सम्पदा, विकास निर्माणमा भारत आफ्नो एकाधिकार चाहन्छ। भारत नेपालको सम्वृद्धि र विकास चाँहदैन। उनीहरुले दावी गरेका छन्, 'भारतले महाकाली सन्धिमार्फत् पञ्चेश्वर परियोजना आफ्नो हातमा पाऱ्यो र दशकौं पूरा हुँदा पनि बनाएन। सप्तकोशीमा सम्झौता अनुसार त्यहाँका जनतालाई ५० वर्ष पुग्दा पनि उसले मुआब्जा तिरेको छैन। अहिले नेपाल आफैंले सस्तोमा बनाउन सक्ने अपर कर्णाली आफ्नो कब्जामा लिन भारत सफल भएको छ, उसले त्यो पनि न नेपाललाई बनाउन दिन्छ, न त आफूले नै निर्माण गर्नेछ। भारतको नियत नै नेपालका खोला आफ्नो झोलामा हाल्ने र नेपाललाई गरीवीमा तड्पाउने रहेको छ।'

## देशका विभिन्न ...

कृष्णकुमारीको गम्भीर अवस्थामा जिल्ला अस्पताल ताप्लेजुङमा उपचार भइरहेको छ। लगातारको वर्षापति ताप्लेजुङ नगरपालिकाको वडा नम्बर २, ६, ७, ८ र ९ नम्बर वडाका अधिकांश स्थानमा पहिरो गएको छ। पहिरोपमा परि आंशिक र पूर्ण गरी करिब ७० घरमा क्षति पुगेको प्रहरीले जनाकारी दिएको छ। पहिरोका कारण ती परिवारका स्थानीयबासी विस्थापित बन्न पुगेका छन्।

बाढी पहिरोबाट विस्थापित बनेका ताप्लेजुङ नगरपालिका-८ का ४२ परिवारलाई सामूहिक रूपमा स्थानीय दोखुहिटीस्थित मेची होराइजन बोर्डिङ स्कुलको मैदानमा राखिएको छ। पहिरोका कारण मेची राजमार्गको ताप्लेजुङ-पाँचथर सडकखण्ड पूर्ण रूपमा अवरुद्ध बनेको छ। पहिरो पन्छाएर बाटो सुचारु गर्न अझै केही समय लाग्ने प्रहरीले जनाएको छ। ठूलो पहिरो झरेको धुसेनी भीरमा पहिरो पन्छाउने काम भइरहेको प्रहरीले जानकारी दिएको छ।

यसैबीच, भोजपुरको कुलुङ ६ जिमीगाउँमा गएको पहिरोमा परी दुई जनाको मृत्यु भएको छ। पहिरोमा परी स्थानीय ५८ वर्षीय भरत राई र उनकी पत्नी ५४ वर्षीय राममनी राईको मृत्यु भएको हो। जगतमान राईको घर पहिरोले बगाउँदा मारिएका राई दम्पत्ति सो घरमा काम गर्न बस्दै आएका थिए। पहिरोले केही चौपाया समेत मरेका छन्। पहिरोमा पुरिएर दुईवटा गाई, दुई वटा बाच्छा र चारवटा भेडा मरेका हुन्।

यस्तै, म्याग्दीको देवीस्थानमा पहिरोले घर बगाउँदा एक जनाको मृत्यु भएको छ। देवीस्थान ५ घारथोकमा शनिबार बिहान गएको पहिरोमा परी स्थानीय ७० वर्षीय वृद्ध ओमप्रसाद भट्टचनको मृत्यु भएको हो। पहिरोमा परी वेपत्ता भएका उनको खोजी गर्ने क्रममा शब फेला परेको हो।

**खोलाले बगाएर चार जनाको मृत्यु**

यसैबीच, लगातारको बर्षापछि नदीले बगाएर पनि चार जनाको ज्यान गएको छ। बाराको धन्सार खोलाले बगाएर शनिबार राति एक दम्पतीको मृत्यु भएको छ।

खोलाको बाढीले बगाएर ल्याएको दाउरा टिप्न गएका बेला खोलाले बगाउँदा निजगढ-१ भरतसिगोलका ७१ वर्षीय सोमना कुँवर र उनका ६५ वर्षीया श्रीमती रोमती कुँवरको मृत्यु भएको प्रहरीले जनाएको छ। उता, महोत्तरीका छुट्टाछुट्टै दुई स्थानमा खोलाले बगाउँदा थप दुई जनाकृ ज्यान गएको छ। बर्दिबास नगरपालिका-१० स्थित मरहा खोला तर्न लाग्दा खोलामा बाढीले बगाउँदा बर्दिबास-१० का विमल बुलनका छोरा १० वर्षीय मानव बुलनकृ मृत्यु भएको छ।

यस्तै औरही बजारबाट घर फर्किने क्रममा रातु खोला तर्दै गरेकी पशुपतिनगर गाविस-६ का बिर्जु महराकी पत्नी ५० वर्षीया पवित्रा महराको पनि बाढीले बगाउँदा मृत्यु भएको छ।

## सुकुम्बासीमाथिको ...

छुटको व्यवस्था गरियोस्। ५. सुकुम्बासीहरुलाई रोजगारीको व्यवस्था गरियोस्। ६. बसोबास गरिरहेको स्थानबाट स्थानान्तरण गर्नुपर्ने भएमा बसोबास तथा जीवन निर्वाहको वैकल्पिक व्यवस्था गरेर मात्र स्थानान्तरण गरियोस्। ७. राज्यद्वारा सुकुम्बासी वस्तीहरुमा गरिएको नोक्सानीको क्षतिपूर्ति उपलब्ध गराइयोस्। ८. वैज्ञानिक मापदण्डविना भइरहेको प्लटिङ तथा भूमाफियाहरुबाट भइरहेको भूमिको दुरुपयोग बन्द गरी कृषि उत्पादनमा आधारित भूमिनीति अवलम्बन गरियोस्। ९. सामन्ती भू-स्वामित्वको अन्त्य गरियोस्। जस्ता मागहरु राखिएको छ।

उता अवधबाट प्राप्त जानकारी अनुसार क्रान्तिकारी माओवादी जिल्ला समिति, रुपन्देहीले भैरहवामा प्रदर्शनसहित विरोध सभा सम्पन्न गरेको छ। विरोध सभामा बोल्ने वक्ताहरुले उचित व्यवस्था नगरिकन हटाउन नहुनेमा जोड दिएका थिए। उनीहरुले वैज्ञानिक बसोबासको व्यवस्था गरी सुकुम्बासी समस्या समाधान गर्न सरकारसँग आग्रह गरेका थिए। कार्यक्रममा नेकपा क्रान्तिकारी माओवादी, रुपन्देहीका संयोजक भुलबहादुर सुनारीमगर, पार्टी नेता टिपु सुल्तान, अखिल नेपाल किसान संघ क्रान्तिकारीका केन्द्रीय सदस्य विनोद मरासिनी, मुजिव अलि लगायतले बोलेका थिए। भैरहवाको बर्मेलीटोलमा रहेको पार्टी जिल्ला कार्यालयबाट ऱ्याली शुरु भई भैहवा बजार परिक्रमापछि जिल्ला प्रशासन कार्यालय अगाडि पुगेर विरोध सभामा परिणत भएको थियो। सरकारले सुकुम्बासीको उचित व्यवस्थापन नगरिकन डोजर लगाएर उठाउने, धान खेतीमा डोजर लगाउने, सुकुम्बासी बस्तीमा आगजनी गर्ने जस्ता कार्य गरेको विरोधमा पार्टीले रुपन्देहीको भैरहवामा विरोध सभा गरेको जनाएको छ। त्यस्तैं पार्टीले भदौं २४ गते बुटवलमा प्रदर्शनसहित विरोध सभा गर्ने जनाएको छ। राष्ट्रिय स्वाधीनताको रक्षा र अपर कर्णालीको विरोधमा बुटवलमा विरोध सभा गर्न लागेको सो पार्टीका नेता प्रेमनाथ सुवेदीले बताए।

तमुवानबाट प्राप्त जानकारी अनुसार राज्यन्तर्गत पर्ने कास्की, तनहुँ, गारखा, गुल्मी, पाल्पा, स्याङ्जा, पर्वतलगायतका जिल्लामा पनि विरोध प्रदर्शनसहित सिडियो कार्यालयलाई ज्ञापन पत्र बुझाइएको छ। त्यसैगरी पूर्वमा किरात, कोचिला, लिम्बुवान, मिथिला, अवध, भोजपुरा, थारुवान, मगरात, भेक र सेमले पनि विरोध प्रदर्शनसहित ज्ञापन पत्र बुझाएको हाम्रा स्थानीय संवाददाताहरुले जनाएका छन्।

स्मरण रहोस् कि साउन ३२ गते पार्टीका अध्यक्ष मोहन वैद्य'किरण'सहित सुकुम्बासी नेता कार्यकर्ताहरुको एक टोलीले प्रधानमन्त्री पुष्पकमल दाहाललाई ज्ञापन पत्र बुझाएको थियो। प्रम दाहालले सकेसम्म चाँडो सुकुम्बासी समस्या समाधान गर्ने बताएका थिए। तर सुकुम्बासीका समस्या समाधानका लागि ठोस पहल भने सरकारले गरेको देखिएको छैन।

**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रधान सम्पादक** : कुमार शाह, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं